







# राई is King

● विदुर खतिवडा

राजाहरूको अस्तित्व समाप्त हुँदै गएको परिवेशमा उनलाई भने कसैले 'राई इज किङ'को पगरी गुथाइदिए, र दंग छन् त्यसो भनिदिएकोमा पार्श्वगायक राजेशपायल राई । 'म संगीतको त बादशाह नै हो रे, साथीभाइ त्यसै भन्छन्,' मसिना सेता दाँत देखाउँदै गायक राईले भने- 'इतिहासको कालखण्डमा राईहरू राजा भएकाले पनि यो सम्मानलाई मैले सहज रूपमा लिएको छु ।' राजेशपायल राई नेपाली पार्श्वगायनमा अहिले नम्बर एक गायक हुन् ।

विस्तृत पृष्ठ १० मा

साप्ताहिक इन्फो

**मिस यूनिभर्स**

**स्टेफेनिया**


मध्यपृष्ठमा






## ● क्यासेट ●

### फायर




गायक विजय राईका पपगीतहरूको संग्रह 'फायर' लाई युनाइटेड म्युजिकले बजारमा ल्याएको छ। दुईवटा रिमिक्ससहित संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। राहुल प्रधानले संगीतबद्ध गरेका गीतहरू ललिता कुँवर, वासु ढकाल, मुनाल शिशिर, राजु सुब्बा तथा गायक राईले रचना गरेका हुन्।

### प्रतिभा दि ट्यालेन्ट



राजु शर्माद्वारा संगीतबद्ध गीतहरूको संग्रह 'प्रतिभा दि ट्यालेन्ट' श्रोतामाझ आएको छ। यो संग्रहमा आठवटा गीत छन्। राजु लामा, स्वरूपराज आचार्य, रामकृष्ण ढकाल, जगदीश समाल, यम बराल, राजेशपायल राई तथा नलिना चित्रकारले गाएका गीतहरू प्रेरणा साधना तथा विभूति पाण्डेले रचना गरेका हुन्।

### शुभारम्भ



कुनाल श्रेष्ठ मलेगुले गाएका बालसुलभ गीतहरूको नयाँ संग्रह 'शुभारम्भ' बजारमा आएको छ। टाइम्स म्युजिकको यो संग्रहमा आठवटा गीत छन्। संगीतकार दीपक स्वप्निलले संगीतबद्ध गरेका गीतहरू संगीतकार स्वप्निलले नै रचना गरेका हुन्।

### मिठास

सबनम गुरुङका आधुनिक गीतहरूको संग्रह 'मीठास' का गीतहरू सुशील गुरुङ, निर्वाण योञ्जन, कर्मागोपाल योञ्जन तथा गायिका गुरुङ स्वयंले संगीतबद्ध गरेका हुन्। नौवटा गीतको यो संग्रहलाई प्राइम म्युजिकले बजारमा ल्याएको छ।

## ● रंगमञ्च ●

### स्कुल थिएटर फेस्टिभल

पुरानो बानेश्वरस्थित गुरुकुलमा गत मंगलबारदेखि प्रतिस्पर्धात्मक नाटक मञ्चन भैरहेको छ। आगामी बिहिबारसम्म जारी रहने 'स्कुल थिएटर फेस्टिभल-२००९' मा देशभरिका दुई दर्जन विद्यालयले आ-आफ्नो नाटक मञ्चन गर्दैछन्। विद्यालयका विद्यार्थीहरूको सहभागिता मञ्चन भैरहेका नाटकले शिक्षालाई मुख्य विषय बनाएका छन्।

### माइलाको सफलता

गत शुक्रबारदेखि राजधानीमा मञ्चन भैरहेको प्रयोगात्मक नाटक 'माइला डटकम' लाई दर्शकले रुचाएका छन्। यसअघि नाटकमा प्रयोग नगरिएको विषय समाविष्ट यो नाटकमा एउटा केकसपमा काम गर्ने युवक तथा सोही केकसपकी मालिक्नीबीचको आकर्षण तथा सम्बन्धलाई चित्रण गरिएको छ। त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको प्रदर्शनी हलमा यही भदौ महिनाको हरेक शुक्रबार, शनिबार तथा आइतबार यो नाटक मञ्चन भैरहेको छ। सिर्जना सुब्बा तथा राजन खतिवडाले नाटकमा प्रमुख भूमिका निर्वाह गरेका छन्। नाटकमा राजन माहिला बनेका छन् भने सिर्जना पसल मालिक्नी बनेकी छिन्। मण्डला थिएटरले मञ्चन गरिरहेको यो नाटकको लेखन तथा निर्देशन नाट्यकर्मी दयाहाङ राईले गरेका हुन्। डेढ वर्षअघि एक्टर्स स्टुडियोको प्रस्तुतिमा गुरुकुलमा मञ्चन गरिंदा पनि यो नाटकले उल्लेख्य दर्शक पाएको थियो। निर्देशक राईका अनुसार भदौपछि यो नाटक देशका विभिन्न स्थानमा मञ्चन गरिनेछ।

## ● ग्यालरी ●

### चित्रकलामा गणेशका आकृति

कलाकार रीता महर्जनले तयार पारेका चित्रहरूको प्रदर्शनी दरबारमार्ग, काठमाडौंस्थित द आर्ट सप ग्यालरीमा सञ्चालन भैरहेको छ। प्रदर्शनीमा राखिएका चित्रमा भगवान् गणेशका विभिन्न मुद्रा चित्रण गरिएको छ। तेजिला आँखा, लचिला रंगीबिरंगी सुढ मात्र होइन, सारंगी तथा मादल बजाइरहेका गणेशका चित्रले आगन्तुकहरूलाई मोहित बनाइरहेको छ। 'फम्स' शिर्षक राखिएको यो प्रदर्शनीमा गणेशका २५ वटा चित्र समावेश छन्। गत शुक्रबार प्रारम्भ भएको यो प्रदर्शनी पर्सि आइतबारसम्म जारी रहनेछ। प्रदर्शनीमा राखिएका चित्रहरूको मूल्य ४ हजारदेखि २० हजार रुपैयाँसम्म छ। चार वर्षअघि एकल प्रदर्शनीमा मुहारका विभिन्न भावलाई क्यानभासमा उतार्दै कलाकारिता क्षेत्रमा प्रवेश गरेकी रीता ललितकला क्याम्पसमा एमएफएमा अध्ययनरत छिन्। उनको यो तेस्रो एकल प्रदर्शनी हो। थुप्रै सामूहिक प्रदर्शनी तथा कला कार्यशालामा सहभागी भैसकेकी रीता सन् १९९९ मा नेपाल पर्यटन बोर्डद्वारा आयोजित लोतो प्रतियोगितामा प्रथम भएकी थिइन्। विभिन्न प्रतियोगितामा थुप्रै पुरस्कार जितिसकेकी रीता कार्टुनिस्ट पनि हुन्।

### चित्रकलामा अरनिको

चिनियाँ कलाकार याङ थाईले तयार पारेका राष्ट्रिय विभूति अरनिकोका चित्र राजधानीमा प्रदर्शन गरिएको छ। प्रदर्शनीमा अरनिकोको बाल्यकालदेखि चीन भ्रमणसम्मका ८४ थान चित्र समावेश छन्। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा राखिएका ती चित्रमा अरनिकोको चीन बसाइका ४० वर्षलाई विशेष महत्त्व दिइएको छ। प्रदर्शनमा उनको बाल्यकालको प्रतिभा उतारिएको चित्रकला पनि राखिएको छ। बाबुआमासँग घुम्न निस्कूदा अरनिकोले स्तूपा, मन्दिर आदिका बारेमा देखाएको चासो थाईका चित्रमा देख्न सकिन्छ। अरनिकोले श्वेत चैत्य निर्माण सम्पन्न गरेको ७ सय ३० औं वर्ष पुगेको अवसर पारेर यो प्रदर्शनी आयोजित गरिएको हो। यसअघि तिब्बतमा समेत आयोजना गरिएको यो प्रदर्शनी आर्ट काउन्सिलमा आगामी भदौ १५ गतेसम्म जारी रहनेछ। त्यसपछि यही प्रदर्शनी लुम्बिनीमा हुनेछ। यसबीच राष्ट्रिय विभूति कलाकार अरनिकोले चिनियाँ संवत् १२९४ मा बनाएका चिनियाँ शासक कुब्ला खाँ तथा उनकी श्रीमतीको मुहार चित्रलाई कीर्तिपुरस्थित नेपाल भाषा एकेडेमीमा रहेको अरनिको श्वेत चैत्य ग्यालरीमा राखिएको छ। अरनिकोसम्बन्धी अध्येता मीनबहादुर शाक्यले नेपाल ल्याएको उक्त मुहार चित्रको तस्बिर गत बिहीबार कलाकर्मीहरूले अवलोकन गरेका थिए।

## साप्ताहिक लाइभ

### पोखरामा अन्तर्राष्ट्रिय परिकार महोत्सव

विदेशी पर्यटकलाई लक्षित गरेर असोजको पूर्वसन्ध्यामा पोखराको प्रदर्शनी केन्द्रमा अन्तर्राष्ट्रिय परिकार महोत्सव हुने भएको छ। आगामी भदौ २६ र २७ गते महोत्सव हुन लागेको हो। पोखरामा पहिलो पटक कान्तिपुर टिभीकी पवनकली अर्थात् मम्पी घोषलाई महोत्सवका क्रममा हुने सांस्कृतिक कार्यक्रमको मुख्य आकर्षणका रूपमा राखिएको छ। महोत्सवका दर्शकले चर्चित हास्यकलाकारहरू सुलेमान शंकर इक्कु, सुरेन्द्र केसी मुलासाग तथा कमल गाउँलेको हास्य प्रस्तुतिसमेत हेर्न पाउनेछन्। अहिलेका जल्दाबल्दा गायिकाहरू रेश्मा सुनुवार, प्रीति कौर, सन्जना श्रेष्ठ, आगन्तुक खरेल आदिले लाइभ कन्सर्टमा गीत गाउने जानकारी आयोजकहरूले दिएका छन्। त्यसै गरी गायकहरूमा सुगम पोखेल, धर्मेन्द्र शेवाङ, डम्बर नेपाली, दिव्य सुब्बाको पनि स्टेज शो हुनेछ।

### गजल सन्ध्या

नेपाली गजलका पारखीहरूलाई लक्षित गर्दै भोलि शनिबार राजधानीमा 'गजल सन्ध्या…' हुँदैछ। एक साँझ गजलसँग रमाउँदै…नारा राखिएको यो कार्यक्रम उपलब्धि प्रकाशन सेवाले आयोजना गर्न लागेको हो। अनाम-मण्डलीको संयोजनमा सम्पन्न हुने यो सांगीतिक कार्यक्रममा गजल गायक रमेश पोखरेलको एकल गायन प्रस्तुत गरिनेछ। गायक पोखरेललाई अर्का गायक सञ्जय तुम्रुकले पनि साथ दिनेछन्। साँझ ६:३० बजेदेखि गैरीधारास्थित युपीएसमा सम्पन्न हुने सांगीतिक कार्यक्रममा गजलका म्युजिक भिडियोहरूको डिभिडी-संग्रह 'सपना' को पनि विमोचन गरिंदैछ।

### फिलिपिन्समा कन्सर्ट

नेपाली गीत-संगीतसहितको एउटा सांगीतिक कार्यक्रम फिलिपिन्सको मनिलालगायतका सहरमा प्रस्तुत भैरहेको छ। सांगीतिक कार्यक्रममा सहभागी हुन गायकद्वय विश्व योञ्जन तथा पाल्देन लामा गत सोमबार नै त्यसतर्फ प्रस्थान गरेका छन्। आज शुक्रबार प्रारम्भ हुने एक महिना लामो कन्सर्टमा यी गायकले नेपालीका साथै अंग्रेजी तथा केही फिलिपिनो गीत-संगीत पनि प्रस्तुत गर्नेछन्। कन्सर्टमा मनिलाकै केही स्थानीय सांगीतिक समूहको पनि सहभागिता रहनेछ।

### रविन शर्माको एकल गायन

आगामी शनिबार भदौ २० गते गायक रविन शर्मा पहिलो पटक एकल गायन कार्यक्रममार्फत प्रस्तुत हुँदैछन्। जमलस्थित राष्ट्रिय नाचघरमा हुने यो कार्यक्रममा गायक शर्माले आफ्ना डेढ दर्जनभन्दा बढी गीत गाउनेछन्। दुई घण्टा लामो उक्त कार्यक्रममा दुई जना बाँसुरीवादक, छ जना भायोलिनवादक तथा गिटारिस्टसहित एक दर्जन वाद्यवादक सहभागी हुनेछन्।

## ● पुस्तक ●

### पनौतीका चाडपर्वहरू र मकरमेला

डा. सुमनराज ताम्राकारद्वारा लिखित 'पनौतीका चाडपर्वहरू र मकरमेला' पनौती सहरको सांस्कृतिक पक्षमा केन्द्रित छ। एउटा व्यस्त चिकित्सकले आफू जन्मेर हुर्किएको सहरको सांस्कृतिक पाटो केलाएको यो पुस्तक पठनीय छ। पुस्तकमा पनौती सहरको इतिहास र त्यहाँका धार्मिक तथा सांस्कृतिक परम्पराहरूलाई जसरी केलाइएको छ, त्यसले लेखकको परिश्रमलाई उजागर गरेको छ। यो पुस्तकको मूल्य व्यक्तिगत १ सय २५ रुपैयाँ तथा संस्थागत २ सय ५० रुपैयाँ छ।

### सुनैना

'सुनैना' कथासङ्ग्रह हो। समाचारको विषयमा आधारित २१ घटनालाई कथाका रूपमा रूपान्तरण गरिएका कथा सटीक र पठनीय छन्। माया, प्रेम, लोभ, परम्परावादी सोच, गलत प्रवृत्तिजस्ता घटनालाई रोचक ढंगले कथामा उतारिएको छ। अफ्रिकाको कंगो भ्रमणपछि त्यहाँको अचम्मलाग्दो परिवेशलाई कथाकार शंकर खरेलले सुन्दर ढंगले उतारेका छन्। यो पुस्तक पूर्वाञ्चल कला तथा साहित्य समूहले बजारमा ल्याएको हो।

### कर्फ्यु लागेको दिन

कथाकार भीम राना जिज्ञासुका ६० वटा लघुकथाको संग्रह 'कर्फ्युलागेको दिन' लाई लुम्बिनी प्रकाशनले प्रकाशित गरेको हो। यो कृतिको मूल्य संस्थागत १ सय २५ रुपैयाँ र साधारण ७५ रुपैयाँ छ। यो कृतिले पाठकहरूको मन जित्ने विश्वास गरिएको छ।


### सहिदको सालिक

घनश्याम ढकालका ११ वटा कथाको संग्रह 'सहिदको सालिक' लाई विवेक सिर्जनशील प्रकाशनले प्रकाशित गरेको हो। जनयुद्धको सेरोफेरो तथा बेपत्ता पारिएका नागरिकका परिवारको व्यथा केलाइएको यो संग्रहले पाठकको मन जित्न सक्छ। यो कृतिको मूल्य ६० रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

भदौ १२ गते : कागेश्वर मेला, १५ गते : हरिपरिवर्तिनी एकादशी, १६ गते : वामन जयन्ती, इन्द्रध्वजोत्थान, १८ गते : इन्द्रजात्रा, अनन्त चतुर्दशी।

### मेष

स्वास्थ्य कमजोर हुनुका साथै द्विविधा बढ्ने तथा काममा अवरोध आउने योग छ। प्रतिद्वन्द्वीहरू सक्रिय छन्। आइतबारदेखि भाग्यले साथ दिनेछ भने मान-सम्मान पनि पाउनुहोला। व्यवसाय लाभप्रद रहनेछ। धन आर्जन हुनसक्छ। प्रशंसा पनि पाइने देखिन्छ।

### मिथुन

काममा अवरोध आउन सक्छ। कुरा काट्नेहरू सक्रिय छन्। झूटा आरोप लाग्न सक्छ। चोटपटकको सम्भावना छ। लेनदेनमा विवाद बढ्नेछ। अरूको काम धेरै गर्नुपर्ला। जस पाइने सम्भावना कमै छ। शनिबार, आइतबार र सोमबार प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ।

### सिंह

आफन्तहरूबाटसहयोग मिल्नेछ। घरेलु काममा रुचि बढ्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। यात्रा हुनसक्छ। व्यवसायिक सफलता कायमै रहनेछ। शत्रुबाट सजग रहनुपर्ने बेला छ। स्वास्थ्य गडबड हुनसक्छ।

### तुला

समय अनुकूल छ। सफलताका मार्गहरू फेला पर्नेछन्। धेरै काममा सफलता मिल्नेछ। प्रशंसा पाउनुहोला। यात्रा एवं व्यवसाय लाभप्रद रहनेछन्। आम्दानीको बाटो भने अवरुद्ध देखिन्छ। जोस एवं जाँगरका साथै बोलीको प्रभाव बढ्नेछ। खर्च गर्ने कुरामा संयमित रहनुमै भलो छ।

### धनु

काममा अवरोध आउन सक्छ। खर्च अलि बढी नै गर्नुपर्ला। समयमा निर्णय नहुँदा काम बिग्रन सक्छ। भोजभतेर तथा सभा-सम्मेलनमा सामेल हुने अवसर जुट्नेछ। बोली प्रभावशाली हुनेछ। व्यवसायमा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कुम्भ

समय अनुकूल हुँदैछ। मान-सम्मान मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। प्रशंसा पनि पाउनुहोला। व्यवसायमा सफलता मिल्नेछ। रमाइलो यात्रा हुन सक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि बढ्नेछ भने भाग्यले साथ दिनेछ।

### वृष

व्यवसायमा सफलता मिल्नेछ। अध्ययनमा रुचि एवं सोच्ने शक्ति बढ्नेछ। यात्रा गर्ने अवसर प्राप्त होला। भाग्यले साथ दिनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूको मन जित्न सकिनेछ। सप्ताहन्तमा स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### कर्कट

अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। धन आर्जन होला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मित्रहरूको सहयोग यथावत् रहनेछ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला। सफलताका लागि गोपनियता आवश्यक देखिन्छ।

### कन्या

शरीरमा स्फूर्ति बढ्नेछ भने काममा सफलता मिल्नेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। अरूबाट सहयोग मिल्नेछ। अध्ययनमा सफलता प्राप्त हुने योग छ। प्रशंसा गर्नेहरू प्रशस्तै होलान्। व्यवसाय एवं यात्रामा सफलता पाउन मुस्किल पर्नेछ। विवादतिर अघि नबढ्नुमै भलो देखिन्छ।

### वृश्चिक

प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन्। मानसम्मान पनि मिल्नेछ। धन आर्जन हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला। गोपनियतामा जोड दिनुपर्ने बेला छ।

### मकर

सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला। द्विविधा बढ्न सक्छ। राम्रै आम्दानी हुन सक्छ। खर्चको गति कम नभएकाले संयमित हुनु आवश्यक छ। जोस एवं जाँगर बढ्नेछ। धेरै काममा सफलता मिल्नेछ। अरूको मन जित्न सफल भए पनि आइतबार र सोमबार विवाद एवं चिन्ताले सताउनेछ।

### मीन

भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ भने व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा पाइने सफलता यथावत् रहनेछ। प्रतिस्पर्धीहरू पराजित हुनेछन्। आफन्तहरूको भने खासै सहयोग मिल्ने देखिंदैन। साताको अन्त्यतिर विवाद एवं चिन्ताले सताउन सक्छ।

# केदारनाथको शिर
# भादगाउँमा मेला



**रविन राचलिका**

भक्तपुर भादगाउले टोपीका लागि प्रख्यात छ। यही भादगाउको डोलेश्वर महादेव नै भारतस्थित केदारनाथ मन्दिरको शिर भएको घोषणा गरिएको छ। केदारनाथ मन्दिरका सन्त श्री १००८ राहुल लिङ्ग शिवाचार्यले डोलेश्वर महादेव नै केदारनाथको शिर भाग भएको घोषणा गरेका हुन।

पौराणिक कथाअनुसार पाण्डवहरू वनबासमा रहेको बेला केदारनाथको दर्शनका लागि गए, तर आफ्ना परिवारजनको हत्या गरेर आएको भनी केदारनाथले पाण्डवहरूलाई दर्शन दिन चाहेनन्। पाण्डवहरूले ध्यान गर्दा केदारनाथ भैंसीको रूप धारण गरी बसेको जानकारी पाए। भैंसी भएर बसेका केदारनाथलाई पाण्डवहरूले तान्दा भैंसी दुलोभित्र पस्यो। पाण्डवहरूको हातमा भने भैंसी मात्र बााकी रह्यो। भैंसीको शिर भने उछिट्टिएर हिमालय पर्वतमा आएको कुरा पौराणिक कथामा उल्लेख छ। त्यही केदारनाथको शिर डोलेश्वर महादेव भएको कुरा घोषणा गरिएको अवसरमा डोलेश्वरमा मेला लागेको थियो।

मेला भर्न आएका दर्शनार्थीहरूले भक्तपुर जगातीस्थित भन्सार जेल चोकबाट बाजागाजसहित यात्रा सुरु गरेका थिए। यात्रामा विभिन्न थरीका बाजागाजाका समूह सहभागी थिए। सबैभन्दा अगाडि पञ्चैबाजा थियो भने त्यसपछि गुँला बाजा, भुछ्या, धिमे र बाासुरी बाजाका समूह करिब ४ किलोमिटर टाढाको डोलेश्वर महादेव स्थान पुगे।

मन्दिर परिसरमा सयौं भक्तजनको उपस्थिति थियो। भक्तपुरवासीको आस्थाका रूपमा रहेको डोलेश्वर महादेव अबका दिनमा भने भारतीय तथा नेपाली हिन्दूहरूका लागि पनि महत्त्वपूर्ण तीर्थ हुने भएको छ। मन्दिर पुग्ने चारवटा मुख्य बाटोमा स्थानीय बासिन्दाहरूले परालको सुकुलढोका, सल्लाका पातको कलात्मक ढोका, ब्यानर फ्लेक्स बोर्डमार्फत दर्शानार्थीहरूलाई स्वागत गरे। बाटोबाटोमा गाग्रीमा पानी र फुल राखेर घडा बनाइएको थियो। मन्दिरमा दिनभर भजन-कीर्तन भयो। उक्त अवसरमा वाल्मीकि विद्यापीठका विद्यार्थीद्वय सुजन भट्ट तथा सचेत स्वामीले रोचक भजन सुनाएका थिए।

**कसरी पुग्ने**

डोलेश्वर मन्दिर अरनिको राजमार्गबाट चार किलोमिटर दक्षिणमा छ। राजमार्गबाट त्यहाा पुग्न चारवटा कच्ची बाटो र एउटा गोरेटो बाटो छ। सूर्यविनायक चोकबाट सूर्यविनायक मन्दिर पुगेर पूर्वपट्टि जाने कच्ची बाटो निर्माण भएको छ। यो बाटोबाट जाादा मन्दिरको पछाडिपट्टि पुगिन्छ। अर्कोबाटो डाागाचाबाट, खापी, सिपाडोल गाविस भवन र ठाडो उकालो पार गरेपछि डोलेश्वर महादेवस्थान पुगिन्छ। तेस्रोबाटो मालपोत चोकबाट सुरु हुन्छ। यहााबाट इँटा कारखाना, हापी, कृष्ण मन्दिर, डोलेश्वर हाइट हुँदै मन्दिर पुग्न सकिन्छ। चौथो बाटो भन्सार जेल चोक हो। यहाा मन्दिरको मुख्य प्रवेशद्वार बन्ने भएको छ। यहााबाट ननााबु, वातावरण संरक्षण शिविर तथा डोलेश्वर हाइट हुँदै मन्दिर पुगिन्छ। पााचौं बाटो सााँगाबाट जान सकिन्छ। यो भने पैदलमार्ग हो। यहाँबाट एक घण्टा हिँडेपछि आशापुर महादेव पुगिन्छ। त्यसपछि एक घण्टा हिँडेर पाटी भन्ज्याङ पुग्नुपर्छ। पाटी भन्ज्याङबाट आधा घण्टाको तेर्सो ओरालो झरेपछि डोलेश्वर महादेव पुग्न सकिन्छ।

**के हेर्ने**

भन्सार जेल चोकको बाटो भएर जाादा बाटोमा पर्ने कुखुरा फार्महरू अवलोकन गर्न सकिन्छ। डोलेश्वर हाइट पुगेका भक्तपुरका राजेन्द्र मानन्धरले दुरबिनबाट हेर्दै भने– 'यहााबाट त भक्तपुरको न्यातापोल मात्र होइन, तचपालस्थित मेरो घर पनि देखियो।' उनीसँगै आएका रमेश भने मौसमले साथ नदिएकोमा निराश थिए। त्यस दिन मौसम नखुलेकाले उत्तरतिरका सेताम्मे हिमाल हेर्न नपाएर रमेश दुःखी भए। 'मौसम सफा भएको बेला यहााबाट नगरकोट, सुन्दरीजल, चाागु र त्रिशूल डााडा प्रस्ट देखिन्छ,' रमेशले बताए।

मन्दिरको ढुङ्गामा रहेको त्रिशूल पनि हेर्न लायक छ। सुतिरहेको भैंसी आकारको शिवलिंग नै यो मन्दिरको विशेषता हो। मन्दिर तमसा र विमला नदीको किनारमा छ। यो नदीको संगमस्थल हनुमन्ते नदीको मुहान पनि हो। मन्दिरको तीनतिर पहाड छ। मन्दिरको दायाँपट्टिको ढुङ्गेधारामा चौबीसै घण्टा मुसलधारे पानी बग्ने गरेको छ।





## ● सम्पादकीय ●

# आन्तरिक सुरक्षाको प्रश्न

एक दशक लामो जनयुद्धले थिलथिलो पारेको नेपाली समाजलाई परिवर्तित परिस्थितिमा समेत राजनैतिक दलहरूले शान्तिको अनुभूति गराउन सकेका छैनन् । जनयुद्धको समाप्ति तथा संविधानसभाको निर्वाचनपछि पनि मुलुकमा धमिलो राजनीति कायमै रहनुले आमजनतालाई राजनैतिक परिवर्तन ...कागलाई बेल पाक्यो, हर्ष न विस्मात□ जस्तो स्थितिमा पुर्‍याएको छ । संविधानसभा निर्वाचनपछि गठन भएका हरेक सरकारले जनताले अनुभूति गर्ने गरी मुलुकमा शान्ति व्यवस्था बहाल गर्ने वाचा गर्दै आएका छन् । यस्तो वाचा यसअघिका सरकारले पनि गरेका थिए र अहिलेको सरकारले पनि गरेको छ, तर शान्ति–सुरक्षाको स्थिति दिन–प्रतिदिन कहालीलाग्दो हुँदै गएको छ । अहिलेको सरकारले सत्तारोहण गरेकै दिन मुलुकमा शान्ति–सुरक्षाको स्थिति बहाल गर्नु आफ्नो पहिलो प्राथमिकता हुने बताएको थियो । सरकारले सत्तामा सय दिन बिताइसक्दा पनि जनताले शान्ति–सुरक्षाको स्थितिमा कुनै सुधार अनुभव गर्न पाएका छैनन् । पछिल्लो समयमा मुलुकमा सडक यातायात, कलकारखाना, बन्द–व्यापार, शैक्षिक संस्थालगायत सबै क्षेत्र विभिन्न राजनैतिक दल तथा तिनका भ्रातृ संगठनहरूले एकपछि अर्को गर्दै आयोजना गर्ने विभिन्न किसिमका आन्दोलन र बन्दको मारमा पर्दै आएका छन् । यो क्रम अहिले पनि जारी छ ।

अबको एक महिनाभित्र नेपाली जनताको प्रमुख चाड दसैं मनाइनेछ । सामान्यतः दसैंलाई भेटघाटको चाड मानिन्छ । त्यो बेला घर छाडेर बाहिर रहेकाहरू पनि सकेसम्म घर पुग्न चाहन्छन्, तर दिनहुँजसो हुने बन्द र चक्काजाम, राजमार्ग र सहायक मार्गहरूमा बढ्दो चोरी, डकैतीका घटनाले मुलुकमा हरेक यात्रालाई जोखिमपूर्ण बनाएको छ । आमनागरिकले सुरक्षित वातावरणमा घर पुग्न सकिन्छ भन्ने विश्वास गर्ने आधार पनि कमजोर छ । यस्तो स्थितिमा सरकारले आन्दोलनरत पक्षसँग वार्ता गर्छु भने पनि त्यसका परिणाम भने सकारात्मक देखिँदैन । काम गर्ने सरकारले काम मात्र गर्छ, ठूला–ठूला घोषणा गर्दैन भन्ने कुरालाई आत्मसात् गर्ने हो भने वर्तमान सरकार मुलुकमा शान्ति–सुरक्षाको स्थिति बहाल गर्नबाट चुकिसकेको छ । जनताले मुलुकमा सरकार छ भन्ने अनुभूतिसमेत गर्न छाडेका छन् । यस्तो स्थितिमा सरकारले कानमा तेल हालेर बस्नु हुँदैन ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*


# नेपाली चलचित्र हेरौं

नेपाली चलचित्रमा नेपालीपन हुँदैन, समाज सुहाउँदा छैनन् भारतीय चलचित्रका फोटोकपी हुन्, आफ्नोपन छैन, स्तरीय छैनन्– यी भनाइ हुन् सहरिया आधुनिक युवायुवतीहरूको । पछिल्लो पटक कुन नेपाली चलचित्र हेर्नुभयो ? भन्ने प्रश्न राम्रोसँग सुन्न नपाउँदै कोही झोक्किँदै जवाफ फर्काउँछन्, तपाईंलाई केको चासो ? अर्को जवाफ आउँछ– क्या झुर □ नेपाली चलचित्र पनि हेर्ने हो ? अर्कोले जवाफ दिन्छ– अहिलेसम्म नेपाली चलचित्र नै हेरेको छैन । हामी कति लहैलहैमा लागेर आफ्नो अमूल्य प्रतिक्रिया अगाडि सार्छौं ? अधिकांश मानिसको स्वभाव नै भैसक्यो, अरूको प्रतिक्रिया वा विचारलाई नै आफ्नो विचार मान्ने । हामी धेरै ठाउँमा वास्तविकतासम्म पुग्ने प्रयास नगरी अरूको कुरामा बढी विश्वास गर्छौं । यहाँ प्रसंग जोडिएको विषय हो, नेपाली चलचित्र र यदि यसैमा केन्द्रित भएर भन्ने हो भने भन्नैपर्छ, स्वयं एकपटक आफैं हेरौं र त्यसपछि तपाईंको प्रतिक्रिया वास्तवमै हरेक चलचित्रकर्मीका लागि प्रेरणादायी हुनेछ । हरेक चलचित्र प्राविधिक रूपले त्यति सक्षम नहोलान्, तर सबै नेपाली चलचित्रलाई एउटै श्रेणीमा राखेर व्याख्या गर्नु नजिकको तीर्थ हेंला गरेजस्तै हो कि ?

हरेक प्रकारले नेपाली चलचित्रको तुलना हिन्दी चलचित्रसँग गर्नु आफैंमा न्यायसंगत नहोला । त्यसमा पनि अधिकांश दर्शक हिन्दी चलचित्र हेर्ने बानी परेको अवस्थामा दर्शकको दृष्टिकोण नै हिन्दीमय भएको पाइन्छ । करोडौं लगानी हुने हिन्दी चलचित्र र ४०-५० लाखको हाराहारीको लगानीमा निर्मित नेपाली चलचित्रको तुलना गर्नु आफैंमा न्यायोचित होइन भने अर्कातर्फ आठ दशक पार गरिसकेको बलिउडसँग तुलना गर्नु वा करोडौं जनसंख्यालाई ध्यानमा राखेर बनाइएको हिन्दी चलचित्रसँग केही लाख दर्शकमा सीमित नेपाली चलचित्रलाई दाँज्नु कति उपयुक्त हुन्छ ? नक्कलकै कुरा गर्ने हो भने यसलाई राम्रो कुराको अनुसरणका रूपमा लिन सकिँदैन ? स्वयं बलिउड चलचित्रको कथा पनि हलिउड वा अन्य प्रान्तीय भाषाका चलचित्रसँग कहीं न कहीँ मेल खाएकै हुन्छ त केही स्वयं ती फोटोकपी नै भएका थुप्रै उदाहरण पनि छन् । बलिउडमा हरेक वर्ष सरदर ५ सयदेखि ६ सय चलचित्र निर्माण हुन्छन् । जसमध्ये १५-२० वटा मात्र सफल चलचित्रको श्रेणीमा पर्छन्, जुन ३ देखि ४ प्रतिशतको बीचमा हुन्छ । अर्कातर्फ वार्षिक ४०-५० चलचित्र निर्माण हुन्छन् भने ५ देखि ६ वटा सफल चलचित्र हुन्छन्, जुन ५ देखि ६ प्रतिशतको बीचमा हुन आउँछ ।

प्रत्येक चलचित्रकर्मीले आमदर्शकको मनोविज्ञान बुझेर चलचित्र बनाउनुपर्छ र सम्बन्धित कलाकारले समेत दर्शकलाई प्रथम प्राथमिकतामा राख्नैपर्छ, तर हाम्रा अधिकांश कलाकार मुस्किलले एक-दुई चलचित्रमा काम पाउनेबित्तिकै आकाशमा उड्न थाल्छन् भने चलचित्र हलसम्म पुग्ने सोझासाझा दर्शकसित मेरो केको साइनो, बरु निर्माता-निर्देशकको चाकडी, चाप्लुसी गरौं भन्नेतर्फ ध्यान केन्द्रित गर्छन् । कोही आफूभन्दा अग्रजलाई सम्मान गर्नुपर्ने र वर्षौंदेखि चलचित्र लाइनमा लागेर नेपाली चलचित्रलाई नै बोकी हिंडेका आदर्श अग्रजहरूलाई समेत कहिल्यै नदेखेजस्तै गरी बाइपास गर्न पछि पर्दैनन् । नेपालको परिवेशमा अधिकांश चलचित्रकर्मी र त्यसमा पनि नायक-नायिकाहरूमा शैक्षिक स्तरको कमी स्पष्ट देखिन्छ ।

## ● चिठीपत्र ●



समाजको वास्तविक चित्रलाई पर्दामा उतार्ने नायक-नायिकाका क्रियाकलापले समाजमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुर्‍याउनुपर्छ । यस अर्थमा सबै कलाकारमा चौतर्फी ज्ञान हुनुपर्छ । ज्ञान र शिक्षाको कमीलाई हाँसेर टार्नुको साटो त्यसलाई बढाउन प्रयास गरेको देखिँदैन भने बलिउडका चलचित्रकर्मीहरू धेरैजसो पढेलेखेका र पर्दाबाहिर प्रस्तुत हुँदा पनि सन्तुलित तरिकाले स्थितिको मूल्याङ्कन गरी प्रस्तुत हुन सक्षम देखिन्छन्, जसले गर्दा ती नायक-नायिकाको लवाइ-खवाइ, बोलाइ, हँसाइ हरेक कुराको अनुसरण गरिन्छ, तर हामीकहाँ कुनै-कुनै कलाकार त यतिसम्म छन् कि कुनै शोक व्यक्त गर्दा वा दुःख प्रकट गर्दासमेत ३६ वटा दाँत देखाउन पछि पर्दैनन् ।

विदेशमा जाँदा विदेशमै लुकिछिपी बस्ने त कसैले बिहानैदेखि चिसो चियाको मस्तीमा आफ्नो हैसियत नै बिर्सिदिँदा देशकै लाजमर्दो स्थिति आएको पनि बेला-बेलामा सुन्न पाइन्छ । यसका बाबजुद पनि नेपाली चलचित्रकर्मीहरूको आनिबानी, लवाइ-खवाइ, हिंडाइलाई आफ्नो आदर्श मान्नेहरूको संख्या कम छैन र कम हुनु पनि हुँदैन, जसले गर्दा अझै पनि रेखा थापाको जस्तो स्कर्ट र उन्मुक्त हाँसो, राजेश हमालको जस्तो जीउ र केश, ऋचा घिमिरेको मुस्कान, सञ्चिता लुइटेलको आदर्श छवि, रेजिनाको बोल्डनेस, निखिलको स्टन्ड, दिलीपको डान्सको नक्कल गर्ने र तिनका पोस्टरले आफ्नो कोठा सजाउने प्रशंसक बग्रेल्ती भेटिन्छन् ।

**–राजेन्द्रप्रसाद पन्त**

## ● तीतो सत्य ●

● अनुशासनले नै देशलाई महान बनाउँछ ।

**सुवास किराँत राई, ओखलढुंगा**

● सबैभन्दा सारो ढुंगा, ढुंगाभन्दा सारो फलाम फलामभन्दा सारो प्लेटिनम र प्लेटिनमभन्दा पनि सारो मानिसको मन हुन्छ ।

● धर्तीमा पृथ्वीभन्दा क्षमाशील र सागरभन्दा गम्भीर अरू कुनै चीज छैनन् ।

● झगडाको कारक रीस, औषधी सहनशीलता ।

**शिवप्रसाद तिमिल्सिना, कीर्तिपुर**

● प्रेमले प्रेमभाव नै दर्शाउँछ, सहयोगीपनले आत्मीयता बढाउँछ भने सदाचारिताले मेलमिलापलाई सुदृढ तुल्याउँछ ।

● पाउँदा खुसी र गुमाउँदा चिन्ता लाग्नु स्वाभाविक हो । कोही पनि पाउँदा चिन्तित र गुमाउँदा खुसी हुन सक्दैन ।

**उदीर्ण केसी, काभ्रे**

● धूर्त मानिस व्यवहारबाटै चिनिन्छ ।


● अरूका लागि केही गर्न नसक्नु पनि कायरता हो ।

● कोमल मनको व्यक्ति निडर हुन सक्दैन ।

**धर्मराज पौडेल, पोखरा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***



## ● सहर चर्चा ●

# सिनेम्याट्रोग्राफीमा नवराज

मुम्बईमा थुप्रै नेपाली सफल छन् । यस्तै एक युवा हुन् सिनेम्याट्रोग्राफर नवराजकृष्ण थापा । ३० वर्षीय नवराज अहिले विभिन्न हिन्दी चलचित्रको सुटिङमा व्यस्त छन् । १५ वर्षअघि मुम्बई आएका थापाले सुरुका दुई वर्ष लाइट म्यानको काम गरे भने त्यसपछि झन्डै दुई वर्ष क्यामेरा एटेन्डेन्टका रूपमा काम गरे । चार वर्ष लगातार हिन्दी टेलिसिरियलहरूको सुटिङमा अनुभव बटुलेपछि उनी अझै केही गर्नुपर्छ भनेर क्यामेरा एसिस्टेन्टका रूपमा काम सिक्न थाले । यस क्रममा उनले थुप्रै क्यामेराम्यानसँग एसिस्टेन्ट क्यामेराम्यान र फोकसपुलरका रूपमा रहेर फेम गुरुकुल, डायल वान लाइफ सो, स्टार क्रिकेट, ड्रिम जब, लिड इन्डिया, इन्डियन आइडल-३ जस्ता विभिन्न सोमा काम गरे । त्यसपछि उनले ठूलो पर्दाका चलचित्र जहर, चेहेरा, मेरे हम सफर, फुँक, चम्कु, मुम्बई सालसा, मिस्टर हट-मिस्टर कुल, युवराज, द स्ट्रोङ्ग म्यान, १९२०, देव-डी, आ देखे जरा आदि चलचित्रमा काम गरिसकेका छन् । बलिउडकै ख्यातिप्राप्त क्यामेराम्यान विनोद प्रधानको असिस्टेन्ट रहेर काम गरिसकेका नवराज अहिले मधुर भण्डारकरको चलचित्र जेल र विक्रम भट्टको चलचित्र श्रापितको छायांकनमा व्यस्त छन् । नवलपरासीका नवराज भन्छन्- 'सिनेम्याट्रोग्राफीको माध्यमबाट नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन चाहन्छु ।'

**–वीरेन्द्र पौडेल**

# रजनीको रोजाइ



१८ वर्षीया रजनी संगत विगत दुई वर्षदेखि मोडलिङमा रमाइरहेकी छिन् । जयवागेश्वरी, काठमाडौंकी स्थायी बासिन्दा रजनी कक्षा १२ की पत्रकारिताकी विद्यार्थी हुन् । ५ फिट ५ इन्च अग्ली रजनी आफ्नो आकर्षक फिगरका कारण मोडलिङमा आएको बताउँछिन् । 'म फिट छु,' उनी भन्छिन्– 'ममा आत्मविश्वास पनि छ ।' दुई वर्षको अवधिमा रजनीले झन्डै एक दर्जन फेसन सोमा क्याटवाक गरिसकेकी छिन् । '१२ कक्षा पूरा गरेपछि मिस नेपालमा भाग लिने लक्ष्य छ,' रजनी भन्छिन्– 'त्यो प्रतियोगिताले व्यक्तित्व विकासका साथै अन्य धेरै ज्ञान हासिल हुन्छ ।' गायक निमा रुम्बाले गाएको कुनै पनि गीतको म्युजिक भिडियोमा मोडलिङ गर्ने उनको ठूलो धोको छ । पुतलीसडकस्थित द र्‍याम्पमा क्याटवाकलगायत मोडलिङका विविध पक्षको प्रशिक्षण लिइसकेकी रजनी भविष्यमा सञ्चार-माध्यममा काम गर्न इच्छुक छिन् । भिजेहरूको क्रेज देखेर आफूमा पनि टेलिभिजनकर्मी बन्ने रहर जागेको उनी बताउँछिन् ।

● मोडल वाँच ●

## ● मुखाले ●

नेपालमा राजतन्त्र फर्कने सम्भावना, एक सय एक प्रतिशत पनि छैन ।

**माधवकुमार नेपाल**

प्रधानमन्त्री बन्न नपाएकोमा अध्यक्ष खनाललाई कुण्ठा छ ।

**विद्या भण्डारी**

विशेष सुरक्षानीति अपराधीविरुद्ध हो, कसैले यसको विरोध गर्छ भने त्यो पनि आपराधिक समूहकै हो ।

**भीम रावल**

गिरिजाबाबुले अब पनि विश्राम नलिए कहिले लिने ?

**गोपालमान श्रेष्ठ**

सुजातालाई भारत जान मन नलागेको भए अघिल्लो रात नै अस्पताल भर्ना हुनुपर्थ्यो, त्यसले पार्टीको इज्जत त जोगिन्थ्यो ।

**नरहरि आचार्य**

माओवादी कांग्रेसको काँधबाट कांग्रेसविरुद्ध नै बन्दुक पड्काउन चाहन्छ ।

**विनयध्वज चन्द**

१२ बुँदे समझदारीको औचित्य समाप्त भैसकेको छ ।

**कमल थापा**

कांग्रेसविना पनि संविधान बन्दैन ।

**विमलेन्द्र निधि**

हामीमा नभएको एउटै मात्र कुरा हो- राष्ट्रप्रतिको समर्पण ।

**नलिना चित्रकार**

राजसंस्था ढल्नुमा सल्लाहकारहरू दोषी छन् ।

**डा. शेखरप्रसाद पण्डित, पूर्व मूल पुरोहित**

# बलिउडमा मादल बजाउने नेपाली छैनन्

नेपाली चलचित्रमा पहिलो पुस्ताका प्रख्यात संगीतकार रञ्जित गजमेर यतिखेर काठमाडौंमा छन्। नायिका ऋचा घिमिरेले निर्माण गर्न लागेको चलचित्र 'तुलसी' को संगीत-निर्देशनका लागि उनी काठमाडौं आएका हुन्। हिन्दी चलचित्रमा मादल भित्र्याउने श्रेय पाएका गजमेरले १ सय १५ वटा नेपाली चलचित्रमा संगीत दिइसकेका छन्। प्रज्ञा-प्रतिष्ठानमा संगीतकर्मीका रूपमा जागिर खाइरहेका बेला गजमेर सन् '७०को दशकमा मुम्बई गएका थिए। अहिले गजमेर स-परिवार मुम्बईमै बस्छन्।


तस्बिर : नवराज बाग्ले

रञ्जित गजमेर, संगीतकार

**धेरै वर्षपछि नेपाल आउनुभयो, किन ढिला ?**

संगीतकार भएपछि जुन बेला नेपाली चलचित्रलाई मेरो आवश्यकता पर्छ, त्यही बेला नेपाल आउँछु भन्दाभन्दै नेपाली चलचित्रले त मलाई बिर्सन पो थाल्यो। लौ त यो इन्डस्ट्रीले कतिसम्म बिर्संदो रहेछ भनेर पाखुरा सुर्केर बसेको पनि चार वर्ष बितेछ। नत्र म वर्षमा एक दिन नेपाल नआई चित्त नबुझ्ाउने मानिस हुँ।

**उमेर बढ्दै जाँदा तपाईंको सिर्जनाशक्ति कमजोर भएर पो नसम्भिmएका हुन् कि ?**

जति उमेर ढल्कँदै गयो, सिर्जनात्मक शक्ति उति बढ्दै गएको मेरो अनुभव छ। मलाई त हिजो कुसुमे रुमाल, बाँसुरी, सम्झनाजस्ता चलचित्रका गीतभन्दा आजभोलि सिर्जिएका गीत बढी माझिएका छन् जस्तो लाग्छ। पछिल्ला दिनमा मैले संगीत दिएका चलचित्र चलेनन्। चलचित्र नचलेपछि संगीतकारलाई पनि बिर्सिइँदो रहेछ।

**संसारभरि नै सर्जकले पहिलो चरणमा जति राम्रो सिर्जना गर्न सक्छ, पछि गर्न नसकेको उदाहरण छ नि ?**

यो त उल्टो भयो। मेरो विचारमा सर्जक जति पुरानो हुन्छ, सिर्जना त्यति नै माझिँदै जान्छ। चार वर्षअघि 'को होला मेरो मायालु' चलेन, तर त्यसका गीत मन छुने खालका छन्। चलचित्र नचल्दैमा संगीत नराम्रो भन्न मिल्दैन।

**चलचित्र संगीतमा युवा मनका भावना संगीतका माध्यमले व्यक्त गर्नुपर्छ, उमेर ढल्कदै जाँदा युवा मनको प्रतिनिधित्व गर्न सकिन्छ ?**

म आफूलाई अझै जवान महसुस गर्छु। पहिलेभन्दा अहिले मेरो मन् अझ चञ्चल भएको छ। आरडी बर्मन (हिन्दी चलचित्रका चर्चित संगीतकार) को मृत्युपछि मेरो काम पनि कम भएको छ। छोराले कमाउन थालेपछि रिटायर्ड जीवन सुरु भयो। यस्तो बेलामा मन बढी सिर्जनशील हुन थालेको छ। दार्जीलिङमा बिताएको जवानी र नेपालमा गरेको संघर्षको सम्झना तीव्र भएको छ। यसले नेपाली चलचित्रलाई झन् बढी न्याय गर्न सक्छु भन्ने लाग्छ।

**अघिल्लो पटक साप्ताहिकसँग कुरा गर्दा रिटायर्ड लाइफ नेपालमै बिताउँछु भन्नुभएको थियो, नेपाली चलचित्र कम हुन थालेपछि त्यो योजना परिवर्तन भएको हो ?**

मनको रहर एउटा, यथार्थ अर्कै हुँदो रहेछ। छोराले बाउ मलाई छाडेर नजाऊ भन्छ, बुबा-आमा भएपछि छोरा-छोरी त्याग्न पनि गाह्रो। बेला-बेलामा पशुपतिनाथको दर्शन गरेर यता बस्ने तिर्सना मेट्दैछु।

**२५ वर्ष नेपाली चलचित्रमा संगीत दिएपछि यो क्षेत्रमा केही गरें भन्ने लाग्छ कि केही गर्न सकिनँ भन्ने हीनताबोध हुन्छ ?**

हेर्नुहोस्, मेरो विचारमा सिमानाले नेपाली जातिको भावनालाई छुट्याउन सक्दैन। हिजो हाम्रा लागि रेडियो नेपाल र प्रज्ञा-प्रतिष्ठानका व्यक्तिहरूले विभिन्न पद सिर्जना गरेर माया गरेकै हुन्। आज प्रशान्त तामाङलाई यहाँका नेपालीले सघाएकै हुन्। यति धेरै भावनात्मक सम्बन्ध भएको स्थानमा मैले केही गरें भन्नुको के अर्थ छ र ? अँ, एउटा कुरामा भने मलाई गर्व छ। मैले मादललाई हिन्दी चलचित्रमा प्रवेश गराएर चर्चित बनाएँ। आज पनि बडिउडमा मादलको 'घिन्ताङ' हाल्नुपर्‍यो भने मलाई नै सम्झन्छन्। आरडी बर्मनले त प्रत्येक चलचित्रमा कतै न कतै मादललाई घुसाएकै हुन्थे। अजनबी चलचित्रको 'हम दोनो दो प्रेमी दुनियाँ छोड चले...' गीत त सुन्नुभएकै होला। त्यसमा गितार र मादलबाहेक तेस्रो बाजा नै प्रयोग भएको छैन। एकपटक त कस्तो भयो भने एकथरीलाई बलिउडमा मादल बजेको पटक्कै मन परेन। त्यसैले मादलको जस्तो धुन चाहिए तबला वा इलेक्ट्रोनिकबाट त्यसको धुन निकालेर राख्न थाले, तर मादलको ओरिजिनल धुनलाई त्यसले भेट्न सकेन।

**आजभोली हिन्दी चलचित्रमा मादलको घिन्ताङ सुनिन छाडेको धेरै भयो, किन ?**

आरडी बर्मनलाई मादलको महत्त्व राम्रोसँग थाहा थियो। उनी मलाई मादलका चुड्के, समलाजस्ता विभिन्न ताल बजाउन लगाएर चिन्तन गरिरहन्थे। बर्मनको मृत्युपछि हिन्दी चलचित्रमा मादलको महत्त्व बुझ्ने संगीतकार भएनन्। कहिलेकाहीं मादलको 'ताङ' चाहिएको अवस्थामा मात्र त्यसको प्रयोग हुन थाल्यो। म पनि त्यही एउटा 'ताङ' ध्वनि बजाएर पैसा लिनैमा आनन्द मान्न थालें। मादलको तालको महत्त्व नबुझ्नु संगीतकारको कमजोरी हो।

**बलिउडमा मादल बजाएर जीवन धान्ने नेपालीको संख्या कति छ ?**

म एक्लो नेपाली हुँ। मैले २७ वर्ष बर्मनसँग काम गरें। यत्रो अवधिमा कुनै पनि नेपाली कलाकारले मसँग सम्पर्क गरेर मलाई काम देऊ भनेन। त्यसबेला बर्मनसँग मेरो यति हितैषी थियो कि मैले चाहेको व्यक्तिलाई स्थापित गर्न सक्थें। नेपालीलाई चेलो बनाउन नपाएर मैले एक जना फारसी होमी मुल्लालाई मादलको कला सिकाएको छु।

**हिन्दी चलचित्रमा मादल बजाएर सम्मानित स्थान प्राप्त गर्नुभयो, यसको जस कसलाई दिनुहुन्छ ?**

मनोहरि सिंह नामका नेपालीले मलाई बलिउडमा स्थापित गरेका हुन्। उनी हिन्दी चलचित्रका केही व्यक्तिलाई नेपाल घुमाउन मुम्बईबाट काठमाडौं आएका रहेछन्। मैले उनीसँग परिचय गरेर मादललाई हिन्दी चलचित्रमा बजाउने धोको भएको कुरा व्यक्त गरें। संयोग कस्तो पर्‍यो भने त्यसबेला नेपालको हिप्पी संस्कृतिमा आधारित चलचित्र 'हरेराम हरेकृष्ण' बन्दै रहेछ। उनले मुम्बई गएर आरडी बर्मनसँग भेट्न सल्लाह दिए। मुम्बई पुगेर मैले हरेराम हरेकृष्णका नायक देवआनन्द तथा बर्मनका अगाडि सबै किसिमका ताल प्रस्तुत गरें। देवआनन्दलाई मादलको महत्त्व पनि थाहा रहेछ। उनले तुरुन्तै मेरो प्रशंसा गरे। त्यसपछि मलाई त्यहाँ स्थापित हुन गाह्रो भएन।

**हिन्दी चलचित्रमा नेपालका नयाँ पुस्ता जम्न सकेनन्, किन होला ?**

मुम्बई अवसरको सहर हो। त्यहाँ जम्न विलक्षण प्रतिभा र भाग्य चाहिन्छ। प्रतिभावान् नेपाली युवाहरूलाई युरोप-अमेरिका जाँदै फुर्सद छैन। भारत जाने नेपालीमध्ये अधिकांश कम पढेलेखेका छन्। बलिउडमा अहिले राम्रो अंग्रेजी बोलेन भने मानिसलाई भेट्न पनि दिइँदैन। यद्यपि बालाजी टेलिफिल्ममा माथिल्लो स्तरमा पुग्ने नेपालीको संख्या पनि बाक्लै छ।

–अश्विनी कोइराला







# चाउचाउ जिन्दगी

साप्ताहिक समाचार

भोक लागेको छ र खल्तीमा १५ रुपैयाँ छ भने भोकको निकास निस्किहाल्छ। छेवैको किराना पसलमा जानुहोस्, एक प्याकेट तयारी चाउचाउ लिनुहोस् र त्यसलाई फुक्कै खानुहोस्, त्यसले पेटमा बलेको आगोलाई तुरुन्तै शान्त गर्छ। झटपटको तयारी खाजा भएकाले पनि हुनसक्छ, चाउचाउमा नेपाली जीवनशैली अभ्यस्त छ।

चाउचाउसँग नेपालीहरूको सम्बन्ध अन्योन्याश्रित भएकै कारण यसको बजार बर्सेनि १५ प्रतिशतले वृद्धि हुँदै गएको पाइन्छ। नेपालले जनघनत्वका दृष्टिकोणमा दक्षिण एसियामै सबैभन्दा बढी चाउचाउ खपत हुने देशका रूपमा परिचय बनाएको छ। यसले उपभोक्ता र चाउचाउबीचको लगावलाई प्रस्ट्याउँछ।

चाउचाउ नै किन ? गृहिणी इन्दिरा आचार्य भन्छिन्- 'सर्वसुलभ रूपमा उपलब्ध हुने तथा सबैले मन पराउने भएकाले चाउचाउ अनिवार्यजस्तै भएको छ।' आचार्यका अनुसार औसत एक दिनमा एउटा चाउचाउ उनको घरमा भित्रिएकै हुन्छ। परिवारका सदस्यले पनि चाउचाउ मन पराउनुले पनि चाउचाउ खाजाको राम्रो विकल्प भएको आचार्य बताउँछिन्। तथ्याङ्कले देखाउँछ, नेपालमा प्रतिव्यक्ति वार्षिक २० प्याकेट चाउचाउ खपत हुन्छ।

सर्वसाधारणका निम्ति दिउँसोको खाजा बन्ने चाउचाउ बालबालिकाका निम्ति स्कुलको खाजाका रूपमा उत्तिकै लोकप्रिय छ। त्यति मात्र होइन, बिरामी भएर थला परेको मानिसलाई तङ्ग्राउन पनि चाउचाउकै सुप आवश्यक हुन्छ। सामान्यतः २ वर्षको शिशुदेखि ८० नाघेको वृद्धसम्ममा चाउचाउको मोह देखिन्छ। 'तयारी खाजाका रूपमा प्रचार गरिने चाउचाउको स्वाद चटपटे हुनुले पनि जिब्रोले चाउचाउ नै खोज्छ,' १६ वर्षीया चाउचाउ पारखी सदिच्छा निरौला भन्छिन्- 'मेरा निम्ति चाउचाउ सबैभन्दा प्रिय परिकार हो।'

नेपाली बजारमा चाउचाउको इतिहास पुरानो मानिन्छ। तीन दशक लामो यात्रा तय गरिसकेको चाउचाउको घरेलु बजार वार्षिक ५ अर्ब रुपैयाँको छ। सुगम स्थलमा मात्र होइन, पहाडका कुना-कन्दरामा पनि चाउचाउप्रतिको आकर्षण व्यापक छ। नाङ्लो पसल, पान पसलदेखि डिपार्टमेन्टल स्टोरसम्म चाउचाउ बिक्री हुन्छ। नेपालीहरू दालभात-तरकारीमा जसरी अभ्यस्त छन्, चाउचाउमा पनि त्यत्तिकै छन् भन्ने तथ्य यो कुराले पुष्टि हुन्छ। आकर्षक प्याकेटमा मसिना त्यान्द्रा बेरिएको चाउचाउलाई प्याट्ट भाँचेर मुखमा हाल्दा आउने मिठासले पनि उपभोक्ता चाउचाउप्रति आकर्षित भएको व्यवसायीहरू बताउँछन्। त्यति मात्र होइन, चाउचाउमा राखिने उपहारले पनि चाउचाउको बजार विस्तार हुनमा महत्त्वपूर्ण भूमिका खेलेको छ। अहिलेसम्मका उपहार योजनामध्ये सबैभन्दा महँगो उपहार पनि चाउचाउमै राखिएको छ।



गृहिणीहरूको हकमा भन्ने हो भने, उनीहरूको गृहस्थ जीवनमा चाउचाउ सबैभन्दा महत्त्वपूर्ण सहयोगी हो। तत्कालै छोराछोरीलाई शान्त बनाउनदेखि उनीहरूलाई अलमल्याउनसमेत चाउचाउ उपयोगी छ। सजिलै तथा छिटो तयार हुने भएकाले घरमा आएका पाहुनालाई पनि चाउचाउका परिकार ख्वाउने चलन विकसित भएको छ।

विभिन्न कारणले विदेशमा पुगेकाहरू पनि नेपाली चाउचाउलाई उत्तिकै सम्झन्छन्, त्यसैले नेपाल आएका बखत आफैं लान वा कोही विदेश आउन लागेको थाहा पाउँदा नेपाली तयारी चाउचाउ ल्याउन आग्रह गरिरहेका हुन्छन्।

चाउचाउको प्याकेटमा राखिएको खुर्सानीको धूलो, मसला र प्याजको बास्ना आउने तेल हालेर प्याकेटको चाउचाउलाई साँधेर खाँदा जम्मा १ मिनेटमै खाजा तयार हुने भएकाले चाउचाउ खान प्रायः सबै लालायित हुन्छन्। अझ त्यसमा कागती, टमाटर, चिउरा र भुजाको मिश्रण हुँदा चटपटेको स्वरूप विकास हुने भएकाले चाउचाउलाई त्यसरी खानेहरू पनि प्रशस्त देखिन्छन्।

'कुनै बेला खानाका रूपमा दाल-भात तरकारी खान मन लागेन भने पनि म चाउचाउ नै रोज्छु' नौ वर्षीया करिना भट्टराई भन्छिन्- 'मलाई चाउचाउ मात्र खान पाए पनि पुग्छ।'

गृहिणी इन्दिरा, सोह्र वर्षे सदिच्छा र नौ वर्षे करिनाका लागि मात्र होइन, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपालीहरूको मन-मनमा चाउचाउले बास गरेको छ। चाउचाउविनाको नेपाली समाज कल्पना पनि गर्न नसकिने अहिलेको यथार्थ हो।

चाउचाउ खान धनी हुनुपर्ने बाध्यता नभएकाले सर्वहारा वर्गदेखि उच्च सम्भ्रान्त घरमा पनि यसले स्थान बनाएको छ। तौलका आधारमा २ रुपैयाँदेखि १५ रुपैयाँ मूल्यसम्ममै पाइने भएकाले अक्सर कामकाजीहरू समय बचाउन खाजाका रूपमा चाउचाउ खान्छन्। कामकाजीहरूले हतारमा खल्ती वा ब्यागमा चाउचाउको प्याकेट बोक्यो अनि फुर्सद पाउनेबित्तिकै निकाल्यो अनि खायो, सदिच्छा भन्छिन्- त्यसैगरी यात्रामा निस्कनेहरू पनि फास्टफुडका लागि चाउचाउ बोक्छन्।

वाइवाइ चाउचाउ उत्पादक चौधरी समूहका कार्यकारी निर्देशक निर्वाण चौधरी मासिक १० लाख कार्टुन (१ कार्टुन बराबर ३० प्याकेट) विभिन्न थरीका उत्पादन घरेलु बजारमा खपत हुने बताउँछन्। ३ अर्ब रुपैयाँभन्दा बढी लगानी भएको चाउचाउ उद्योगले २ हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको छ।

नेपाली चाउचाउको बजार नेपाल मात्र होइन, सीमापारिका देश पनि हुन्। नेपाली चाउचाउले भारतीय बजारमा पनि आधिपत्यता जमाएको छ। वाईवाई, रमपम, मायोजजस्ता ब्रान्डका चाउचाउ भारतीय बजारमा लोकप्रिय मानिन्छन्। यमयम चाउचाउका उत्पादक स्मार्ट फुड एन्ड स्न्याक्सका प्रबन्ध निर्देशक बद्री मैनालीका अनुसार त्यहाँका जनताले आफ्नो देशको चाउचाउभन्दा नेपाली ब्रान्डलाई रुचाउँछन्।

'गत आर्थिक वर्ष १ अर्ब रुपैयाँभन्दा बढीको चाउचाउ निकासी भएको छ,' चाउचाउ उत्पादक संघ तदर्थ समितिका संयोजक अमित राठी भन्छन्- 'आगामी वर्ष अझ बढी निर्यात हुने निश्चित छ।' वाईवाई चाउचाउको उत्पादक चौधरी समूहका कार्यकारी निर्देशक निर्वाण चौधरीका अनुसार सीजी ग्रुपले गत वर्ष ४० करोड रुपैयाँ बराबरको चाउचाउ निर्यात गरेको थियो। पूर्वोतर भारतमा वाईवाई ब्रान्ड लोकप्रिय

बाँकी पृष्ठ ७ मा



चाउचाउ उत्पादक संघ तदर्थ समितिका संयोजक तथा एसियन थाई फुड

**नेपाली चाउचाउ उद्योगको वर्तमान अवस्था कस्तो छ ?**

चाउचाउ व्यवसायका लागि नेपाली बजार राम्रो छ, साथै दिन-प्रतिदिन प्रतिस्पर्धी हुँदै गएको पनि छ। यो व्यवसायमा नयाँ लगानीकर्ताहरूको संख्या पनि थपिँदैछ। हाल ६ वटा कम्पनीका उत्पादन बजारमा छन् भने जगदम्बा समूहको नयाँ ब्रान्डको चाउचाउ पनि बजार प्रवेश गर्दैछ। नेपाली चाउचाउको बजार हाल ५ अर्ब रुपैयाँ बराबर छ। बर्सेनि १५ प्रतिशतको वृद्धिदर रहनु अर्को खुसीको कुरा हो।

**चाउचाउ व्यवसायीबीचको प्रतिस्पर्धालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

व्यवसायीहरूको हकमा भन्ने हो भने अहिलेको प्रतिस्पर्धालाई अस्वस्थ भन्न सकिन्छ, तर यही प्रतिस्पर्धा उपभोक्ताको हकमा भने स्वस्थ भएको छ। चाउचाउको मूल्य र विभिन्न स्किममा व्यवसायीहरू तँछाडमछाड गरेर ओर्लिएका छन्, जसको प्रत्यक्ष फाइदा उपभोक्ताले लिन्छन्। बढीभन्दा बढी प्रोडक्ट तथा राम्रोभन्दा राम्रो, सस्तोभन्दा सस्तोमा दिने ट्रेन्ड अहिले पाइन्छ।

**तपाईंको नेतृत्वको तदर्थ समितिले यो व्यवसायको प्रबर्द्धनका लागि के गरिरहेको छ ?**

कुनै पनि संस्था गठन गर्न न्यूनतम् सात जना हुनुपर्नेमा छ वटा मात्र कम्पनी भएकाले हाल छ जना मात्र तदर्थ समितिमा छौं। चार वर्षअघि संस्था स्थापना हुँदा चार जना मात्र सदस्य थियौं। अब जगदम्बा आएपछि सात सदस्य हुन्छौं, त्यसपछि संस्था विधिवत् दर्ता गरेर अघि बढ्छ। हाल हामी औद्योगिक क्षेत्रका साझा समस्यामा केन्द्रित रहेर काम गरिरहेका छौं।

**अन्तर्राष्ट्रिय बजारमा ठूलो मात्रामा चाउचाउ निर्यातका लागि पहल गर्ने योजना छैन ?**

अहिले पनि नेपालबाट निर्यात हुने सामग्रीमा सबैभन्दा ठूलो व्यापारिक आकार चाउचाउको छ, तर निर्यातका लागि प्रत्येक कम्पनीले आफ्नै ढंगले काम गरिरहेका छन्, कसैले धेरै निर्यात गरेका छन् भने कसैले थोरै। अब संस्थागत रूपमा हामी निर्यात बजार विस्तार गर्नपट्टि लाग्छौं।

**तपाईंको एसियन थाईफुडको बजार कस्तो छ नि ?**

वान अफ दि बेस्ट कम्पनीमा हामी पर्छौं। हाम्रा उत्पादनलाई उपभोक्ताले अत्यधिक रुचाएका छन्। हामीले क्वालिटी प्रोडक्ट दिएकैले प्रत्येक वर्ष हाम्रा उत्पादनको बजार व्यापक विस्तार हुँदै गएको छ। रमपम, टुपीएम, प्रीति, फटाफट, कोसेली, जोकर, फुच्चे दौतरी र मितेरी हाम्रा सबै ब्रान्ड लोकप्रिय छन्।


ललितपुर कलेजको
नयाँ भर्ना सम्बन्धी सूचना

BBA जम्मा रु. १५,०००/- मात्र

विगत १५ वर्षदेखि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यस ललितपुर कलेज, कुपण्डोलमा BBA, BBS, BA मा भर्ना खुलेको व्यहोरा सम्बन्धित अभिभावक तथा विद्यार्थीहरुमा जानकारी गराइन्छ।

फारम वितरण : २०६६/०५/०१ गते देखि
अन्तिम मिति : २०६६/०५/१४ गतेसम्म
दोश्रो प्रवेश परीक्षा : २०६६/०५/१५ गते बिहान ८ बजे

LALITPUR COLLEGE
Kupondole, Lalitpur, Nepal,
Tel : 5524284, 5522535

ENGLISH LANGUAGE TRAINING
छिटो अनि 'राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँग
Tel :- 4249576

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

उद्घोषण तालिम
RJ/VJ/MC
पूर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीद्वारा संचालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ, मृदुला खनाल, मुनाल शिशिर, राज श्रेष्ठ, दिपक समिर, सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँईटेल, अमित अधिकारी
BIKALPA THE OPTION फोन: ०१-४२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
रु. १०००/- छुट सहित
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

१०० % रोजगारमुलक
दशैं तिहारको विशेष अवसरमा
● कुक - ४५,००/- ● वेटर - १५००/-
● सेक्यूरीटी गार्ड -१५,००/-
● हाउसकिपिङ/रुम ब्वाय - २,०००/-
होटल तालिम
कामना
कोटेश्वर
४६०१८७८, ४६००३३५

केयर गिभर
कुक र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रुममेड, सेल्स ब्वाई/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङको व्यवस्था
इजरायल खुल्यो
KIHM
कुपण्डोल, थापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

# चाउचाउ जिन्दगी

**पृष्ठ ६ बाट जारी**

मानिन्छ। सिजी फुड्सले सार्क देशका अतिरिक्त मध्यपूर्व र युरोपमा समेत चाउचाउ निर्यात गरिरहेको छ।

मुलुकमा आधा दर्जन चाउचाउ उद्योग सञ्चालनमा छन्। लामो समयदेखि बन्द रहेको यमयम ब्रान्डको चाउचाउ एक साताअघि मात्र नयाँ व्यवस्थापनद्वारा बजारमा आएको छ। हाल मासिक १ लाख ७० हजार कार्टुन उत्पादन गरिरहेको यो उद्योगले क्षमतामा दोब्बर वृद्धि गर्ने योजना राखेको स्मार्ट फुड एन्ड स्न्याक्सका प्रबन्ध निर्देशक मैनालीले जनाए। जंक फुडका रूपमा चाउचाउ खानु स्वास्थ्यका निमित्त राम्रो नहुने भनाइलाई व्यवसायीहरू निराधारको हल्ला भन्छन्। उपभोक्ताको स्वास्थ्यको ख्याल राख्दै पछिल्लो समयमा पोषक तत्त्वलाई चाउचाउमा अनिवार्य गरिदै गएको राठी बताउँछन्।

**नाम पनि लयात्मक**

एउटा अचम्मको संयोग– चाउचाउका ब्रान्डहरूमा यमयम, वाईवाईजस्ता लयात्मक नाम देखिन्छ। यस्तै रारा, गोलमोल, रमपमजस्ता ब्रान्डको नाममा पनि लय मिल्छ। चाउचाउ आफैंमा लयात्मक भएकाले पनि हुनसक्छ, चाउचाउ ब्रान्डको नाम पनि लयात्मक नै राखिन्छ। यद्यपि मायोज, हुर्रेजस्ता केही ब्रान्ड भने लयात्मकको अवधारणाबाट टाढा छन्।

**चाउचाउको इतिहास**

नेपालमा चाउचाउ उद्योगको सम्भावना देखेर १० वर्ष कसरत गरेर फणीन्द्रमान श्रेष्ठले गण्डकी नुडल्स प्रा.लि. स्थापना गरेका थिए। चाउचाउ व्यवसाय र यसको प्रयोगका सम्बन्धमा विश्वस्त तुल्याउन गाह्रो परेकाले पनि लामो समय तयारी गर्नुपरेको उनी बताउँछन्। ब्रिटिस गोर्खा रेजिमेन्टका जागिरे श्रेष्ठको कम्पनी गण्डकी नुडल्सले ०३९ साल माघ २३ गते रारा चाउचाउ बजारमा ल्यायो। ०२९ सालमा सिन्के चाउचाउ उद्योगका रूपमा यो व्यवसायमा हात हालेका श्रेष्ठले सिंगापुरमा रहँदा चाउचाउको स्वाद चाखेका थिए। त्यसैले यो व्यवसायलाई नेपालमा पनि स्थापना गरे अवश्य सफल भइन्छ भन्ने आत्मविश्वास उनमा थियो। चाउचाउ उद्योग स्थापनाका लागि उनी ऋण मिलाइदिन आग्रह गर्दै औद्योगिक विकास निगम पुगेका थिए, तर निगमले सम्भाव्यता अध्ययन गराएर प्रतिवेदन तयार गरी प्रस्ताव लिएर आउन भन्यो। श्रेष्ठले सम्भाव्यता अध्ययनका लागि बालाजु औद्योगिक क्षेत्रको एक कम्पनीलाई आग्रह गरे, जसअनुरूप सम्भाव्यता अध्ययनको प्रतिवेदन पेस भए पनि निगमले ऋण स्वीकृत गरेन, विदेशी कम्पनीले गरेको प्रगति विवरण तथा नेपालमा चिउराको सट्टा चाउचाउ खान सक्ने वातावरण निर्माण हुनेजस्ता विषयलाई समेटेर प्रतिवेदन तयार भएको थियो। निगमले ऋण स्वीकृत नगरे पनि श्रेष्ठले उद्योग स्थापनाका लागि आवश्यक भवन निर्माण तथा पूर्वाधार विकासको कार्य बढाइसकेका थिए। आफैं अग्रसर भएर धेरै काम गरिसक्दा पनि ऋण नपाएर चिन्तित बनेका श्रेष्ठका लागि स्व. राजा वीरेन्द्रको भ्रमणले उपलब्धि दियो। पोखरास्थित औद्योगिक क्षेत्रको भ्रमण गर्ने क्रममा स्व. राजा वीरेन्द्रले गण्डकी नुडल्सका सम्बन्धमा चासो दिए। श्रेष्ठले उद्योग सञ्चालन गर्न पाए नेपालबाट बाहिरिने गहुँ यहीं खपत हुने जानकारी गराएपछि राजाले तत्कालीन उद्योगमन्त्री डा. हर्क गुरुङलाई सहयोगका निम्ति संकेत दिए। राजाले चासो दिएपछि निगमले उद्योग सञ्चालनका लागि ऋण दियो।

५४ लाख लगानी गरेर प्रारम्भ भएको उद्योगका लागि निगमले २८ लाख रुपैयाँ बराबरको रकम ऋण सहयोग गरेको थियो। ३० लाखको मेसिन खरिद गरेर प्रारम्भ भएको रारा चाउचाउले नेपाली बजारमा राम्रै छाप छोड्यो। अहिले पनि पुराना मानिस, उच्च घरानाका व्यक्ति तथा हेल्थ कन्सियसहरू रारा चाउचाउमा जोड दिन्छन्। गण्डकी नुडल्सको नाममा स्थापित यो उद्योगले हाल हिमश्री फुडको नाममा रारा उत्पादन गरिरहेको छ। रारापछि क्रमशः अन्य ब्रान्डका कम्पनी पनि स्थापना भए।

**विज्ञापनको शैली**

नेपाली चाउचाउको बजारमा ब्रान्ड स्थापित हुनुका पछाडि विज्ञापनले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ। एक नेपाली वैदेशिक अध्ययनका क्रममा भारतको चण्डीगढ पुग्दा उनलाई नेपाली गीत गाउन लगाइयो। एकछिन अक्क न बक्क परेका उनलाई त्यहींका एक भारतीय युवकले 'आरएआरए रारा मीठो भन्छन सारा...' गीत गाउन सुझाइदिएपछि उनले त्यही गीत गाए, तर वास्तविकता यो गीत नभै विज्ञापन थियो। नेपाली विज्ञापन बजारमा पुराना विज्ञापनमा सबैभन्दा सफल विज्ञापनका रूपमा आरएआरए राराको विज्ञापनलाई पनि लिन सकिन्छ। यसले रारा चाउचाउलाई लोकप्रिय ब्रान्डका रूपमा विकास गरायो।

'काँचको पर्दा' शीर्षकको पुस्तकमा दीपा गौतम लेख्छिन्- 'डली गुरुङ अभिनीत वाईवाई चाउचाउको विज्ञापनलाई प्राविधिक हिसाबले पहिलो स्तरीय टेलिभिजन विज्ञापन मान्न सकिन्छ। पहिलो पटक त्यो विज्ञापन हेरेपछि वाईवाई कम्पनीका सञ्चालकहरू चित खाए र तिनले भने– 'यो केटीको विज्ञापन हो कि हाम्रो चाउचाउको ? यसमा ८० प्रतिशत सिन त केटीकै छ, हाम्रो चाउचाउको खोइ ?' तर अचम्म त्यही विज्ञापनले वाईवाई चाउचाउको बजार फराकिलो बनायो।' वाईवाईकै हामी सबैको वाईवाई भन्ने स्लोगन पनि धेरैले मन पराए। त्यसपछि मायोज, रमपम, हुर्रे आदि चाउचाउमा राखिएका आकर्षक उपहारले पनि उपभोक्तालाई यी ब्रान्डतर्फ आकर्षित गऱ्यो। १ रुपैयाँदेखि दस लाख रुपैयाँसम्मका उपहार चाउचाउमार्फत दिने भनेर गरिएका विज्ञापन उपभोक्ताको ध्यान खिच्न सफल भए। यस्तै उपहार पाएको भनेर विभिन्न व्यक्तिले बोलेको भिज्युअल विज्ञापनले पनि चाउचाउको बजारलाई फराकिलो बनायो।

**चाउचाउका परिकार**

चाउचाउ आफैंमा तयारी हुने भएकाले प्याकेट खोलेर फुक्कै खाँदा पनि मीठो स्वाद पाइन्छ। यसबाहेक चाउचाउमा रहेको मसला र तेल हालेर खाँदाको मज्जा पनि छुट्टै हुन्छ। चाउचाउ छुट्टीको समय वा फुर्सदमा टमाटर, कागती, प्याज, चिउरा र भुजा मिसाएर चटपटे बनाएर पनि खाइन्छ। यसबाहेक चाउचाउ बोयल गरेर चाउमिन बनाएर खाने ट्रेन्ड पनि छ। उपभोक्ताले चाउचाउ फ्राई पनि त्यत्तिकै मन पराउँछन्। सजिलोसँग भोक मेटाउन चाउचाउ खानेहरूले भने एक प्याकेट चाउचाउलाई एक लिटर पानीमा भुलुक्क उमालेर खान्छन्। बिरामी भएको बेला चाउचाउको सुप खाइन्छ।



**सुजन श्रेष्ठ, प्रबन्धक**
**हिमालयन स्न्याक्स एन्ड नुडल्स**

**नेपाली चाउचाउ व्यवसायमा हिमालयन स्न्याक्स एन्ड नुडल्सको स्थान कहाँ छ ?**

कम्पनीवाइज हामी नम्बर वान हौं, व्यावसायिक दृष्टिकोणले हाम्रा सबै ब्रान्ड उपभोक्तामाझ लोकप्रिय छन्। मायोज, रुचि, साकालाका बुम, हुर्रे र झिल्के सबै उत्पादन उपभोक्ताको रोजाइमा पर्न सफल भएकाले पनि नेपाली बजारमा हामी अगाडि छौं।

**प्रतिस्पर्धा कस्तो छ ?**

प्रतिस्पर्धा बढ्दै गएको छ। केही दिनअघि मात्र एउटा नयाँ ब्रान्ड बजारमा आएको छ भने अब केही दिनमै अर्को नयाँ कम्पनी पनि नयाँ ब्रान्ड लिएर बजारमा आउँदैछ। त्यसकारण अब विगतको जस्तो सामान्य प्रतिस्पर्धाको अवस्था रहेन, तर प्रतिस्पर्धा बढे पनि हाम्रो कम्पनी उपभोक्ताको मन जित्न सफल नै रहनेछ।

**प्रतिस्पर्धामा सफल हुने आधार के-के छन् ?**

हामीले क्वालिटी प्रोडक्टमा ध्यान दिने हो। उपभोक्ताले जुन चाउचाउमा क्वालिटी पाउँछन्, त्यसलाई नै मन पराउने भएकाले हामी क्वालिटीमा विशेष जोड दिन्छौं। थाई टेक्नोलोजीमा आधारित हाम्रा उत्पादन गुणस्तरीय भएकाले हामी कडा प्रतिस्पर्धामा पनि अगाडि नै रहन्छौं। कडा प्रतिस्पर्धाका लागि डिस्ट्रीब्युसन र प्रोमोसनमा पनि त्यत्तिकै ध्यान दिन्छौं।

**खाजाका लागि चाउचाउ खाने ट्रेन्ड फस्टाउनुको कारण के होला ?**

उपभोक्ताको जीवनशैलीमा आएको परिवर्तन मुख्य कुरा हो। परम्परागत खानाको विकल्पका रूपमा छिटो तयार हुने तथा स्वादिलो परिकार भएकाले पनि चाउचाउको लोकप्रियता बढ्दै गएको छ। मूल्य सस्तो हुनु अर्को कारण हो। अहिले कुनै पनि नेपाली परिवारमा खाजाको विषयमा १० मिनेटसम्म निर्णय आएन भने त्यो घरमा अवश्य चाउचाउ तयार हुन्छ।

**अन्तर्राष्ट्रिय बजारमा तपाईंहरूको पहुँच कस्तो छ ?**

हाम्रो कम्पनीका चाउचाउ क्यानाडा, बेलायत, दुबई, अस्ट्रेलिया, कोरियालगायतका मुलुकमा पुगेका छन्, तर कन्टिन्युटी नहुनुले अन्तर्राष्ट्रिय व्यापारमा हामी सफल हुन सकिरहेका छैनौं। त्यहाँ पनि हाम्रो ब्रान्डका पारखी भएकाले अबका दिनमा अन्तर्राष्ट्रिय बजारलाई लक्षित योजना पनि ल्याउनेछौं।


**होटल तालिम विशेष छुटमा** २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Student Visa मा जानेलाई Special Discount

**र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर**
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131

**साहारा होटल तालिम सेन्टर**
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629

**र्‍याडीसन होटल तालिम सेन्टर**
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629





# कलेजमा कसरी पढ्ने ?

**सागर शर्मा**

एसएलसी परीक्षामा उत्तीर्ण भैसकेपछि कलेजमा राम्रोसँग पढेर सफलता चुम्दै आफ्नो भविष्य राम्रो बनाउने आशा लिएका लाखौँ विद्यार्थीको पढाइ सुरु भैसकेको छ। त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहको खारेजीपछिको अवस्थामा अब पहिलेभन्दा विद्यार्थीहरूले शिक्षा प्राप्तिका निम्ति अलि चर्को शुल्क तिर्नैपर्ने अवस्था छ। आफ्नो आर्थिक हैसियतलाई मध्यनजर गर्दै कस्तो कलेज रोज्ने र कुन विषय पढ्ने भन्ने कुरामा विद्यार्थीहरूले निर्णय लिइसकेका छन्। अब रोजिएको विषयमा उत्कृष्टता हासिल गर्न पहिलेदेखि नै कस्तो कसरत गर्नुपर्छ भन्ने कुरा बुझेर अध्ययनमा केही कसर बाँकी राख्नु हुँदैन। अहिले परीक्षा आउन करिब एक वर्ष छ भनेर आफ्नो पढाइलाई चटक्क बिर्सेर मनोरञ्जनमा समय व्यतीत गर्नतर्फ लाग्नुभन्दा पनि परीक्षा आइसक्यो भन्ने सोचेर अध्ययनलाई निरन्तर रूपमा बढाउनुपर्छ। तथापि स्कुल र कलेजको पढाइमा केही भिन्नता हुने हुँदा सुरुको चरणमा विद्यार्थीहरू कसरी पढ्ने भन्ने कुरामा दोधारमा पनि परेको पाइन्छ।

कलेजमा भर्खर-भर्खर छिर्दा विशेषत: अंग्रेजी भाषामा कमजोर विद्यार्थीहरू आत्तिने तथा एउटा 'फ्याकल्टी' छाडेर अर्कोमा जाने गरेको पाइन्छ। मानविकी र शिक्षा संकायमा अध्ययन गर्दा भाषाको त्यति समस्या नपरे पनि विज्ञान र व्यवस्थापन संकायमा भने सुरुको चरणमा भाषाले केही बढी नै सताउने गरेको छ। विशेषत: सरकारी विद्यालयबाट एसएलसी परीक्षा दिएका विद्यार्थीहरू जो नेपाली भाषामै सबै विषय अध्ययन गर्थे। सहरी विद्यार्थीलाई यस्ता विषयमा समस्या नपरे पनि दुर्गम क्षेत्रबाट पढ्न आएका विद्यार्थीहरूलाई पहिले त भाषाको समस्या पर्ने तथा त्यसपछि सहरी वातावरणमा घुलमिल हुनसमेत गाह्रो हुने गरेको पाइन्छ। सबैको मन विज्ञानतर्फ आकर्षित भएको समयमा नेपाली मिडियमबाट आएका विद्यार्थीहरूमा पनि यसको मोह बढेको तथा कलेजको सुरुमा आत्तिएको देख्न सकिन्छ, तर सबै विषयलाई सकेसम्म बुझेर पढ्ने तथा अंग्रेजी विषयको छुट्टै अध्ययन गरे एक महिनामै यो समस्याबाट पार पाउन सकिन्छ।

**पाठ्यक्रम अध्ययन**

प्लस टुका विद्यार्थीले सिलेबसको अध्ययन गर्नु एकदमै महत्त्वपूर्ण हुन्छ। कक्षामा शिक्षकले पढाएको कुरा र लेखाइदिएको नोटका भरमा मात्र परीक्षा दिन जानुहुँदैन। कुनै कुरा शिक्षकले पनि पढाउन छुटेको हुनसक्छ तथा कुनै कुरा बढी पढाइएको पनि हुनसक्छ। पढाउने क्रममा पाठ्यक्रममा समेटिएको विषय पढाउन छुटेको थाहा पाए शिक्षकहरूलाई बेला-बेलामा झकझकाउनुपर्छ। नयाँ सिलेबसअनुसार, सिलेबसमा भएका कुरा नछुटाई पढ्नु तथा पढाउन अनुरोध गर्नु आवश्यक हुन्छ।

**अनुशासित व्यवहार**

कतिपय विद्यार्थी पहिलो पटक काठमाडौँ आउने पनि हुन्छन्। गाउँघरका विद्यालयको जस्तो अनुशासन कलेजमा नपच्न सक्छ। विद्यालयको भन्दा कलेजको भिन्नै खालको अनुशासन घेरा हुनसक्छ। कलेजमा विद्यार्थीका जिम्मेवारी थपिँदै जान्छन्। कलेजमा साथिहरूसँग सौहार्दतापूर्ण व्यवहार आवश्यक हुन्छ। फलस्वरूप अहिले विद्यमान कलेजमा हुने झैझगडाबाट पनि मुक्त रहनमा सहयोग पुग्छ। त्यस्तै कलेजको समयमा शिक्षकहरूमा मात्र आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ न कि अन्य कुरामा, जसले गर्दा पढेको कुरा बुझ्न गाह्रो हुँदैन।

अर्कातर्फ कलेजमा साथीहरूसँग अनावश्यक कुरामा भन्दा पनि पढाइकै विषयमा सोधखोज गर्नुपर्छ। कुनै पनि कुरा शिक्षकले पढाउनुअगावै साथीहरूसँग मिलेर त्यो विषयमा सक्दो ज्ञान लिन सक्ने हो भने त्यस्तो कुरा लामो समयसम्म सम्झिरहन सकिन्छ।

**रेगुलर पढाइ तथा गृहकार्य**

रेगुलर पढाइ भनेको जस्तोसुकै तहका विद्यार्थीका लागि एकदम महत्त्वपूर्ण कुरा हो। प्लस टु तहमा दैनिक गृहकार्य नगरे आफ्नो लक्ष्य हासिल गर्न सकिँदैन। सानो कक्षामा भन्दा एसएलसीमा बढी गृहकार्य र पढाइ आवश्यक भएजस्तै एसएलसीमा भन्दा प्लस टुमा बढी अध्ययन आवश्यक हुन्छ। फलस्वरूप परीक्षा मुखमा आएको समयमा पनि सामान्य अध्ययनले पुग्नुका साथै आत्मविश्वास पनि वृद्धि हुन्छ। यति गरे परीक्षाको समयमा किताब-कापी पल्टाउँदा केही पनि नजानेजसरी आत्तिनुपर्दैन।

**कक्षामा लगनशील**

लगनशील एवं मिहेनती हुनु आवश्यक हुन्छ। आफूले नबुझेको कुरामा तत्काल शिक्षकसँग समय मागेर सोध्ने बानी बसाल्नुपर्छ। यसो नगरे आफूले नबुझेका कुरा बढ्दै जान्छन् र अझ सोध्न पनि झन्झट लाग्ने स्थिति आउन सक्छ। सानातिना कुरामा आफूभन्दा अलि जान्ने साथीसँग सहयोग लिन सकिन्छ। अझै कुनै पनि तथ्य तथा नियमहरूका बारेमा गहिराइमा पुगी थप ज्ञान लिने प्रयास गर्नुपर्छ।

**'रिफरेन्स बुक्स' को प्रयोग**

स्कुले जीवनमा अध्ययन गर्ने तरिका र कलेजमा अध्ययन गर्ने तरिका केही फरक हुन सक्छ। दस कक्षासम्म अध्ययन गर्दा विद्यालयमा जुन पुस्तक पढाइन्थ्यो, त्यही पुस्तक मात्र पढ्ने चलन हुन्छ भने कलेजमा भने त्यतिले मात्र पुग्दैन। विभिन्न पुस्तक अध्ययन गरी कुनै पनि विषयको सार कुरा बुझ्ने तथा सो कुरालाई आफ्नो कापीमा सार्नुपर्छ। एक मात्र पुस्तक अध्ययन गर्दा सीमित ज्ञान मात्र प्राप्त हुने सम्भावना रहन्छ। त्यसैले प्रत्येक विषयको अनिवार्य रूपमा एउटा 'टेक्स्ट बुक' का साथै अन्य माध्यमबाट 'रिफरेन्स बुक्स' पनि हुनु आवश्यक हुन्छ। यस्ता पुस्तक साथी-साथीबीच साटासाट गरेर वा पुस्तकालयको सहायता लिएर पढ्नुपर्छ।

**प्राक्टिकलमा**

कलेजमा विद्यालयमा जस्तो 'थ्योरिटिकल' कुराले मात्र पुग्दैन। पुस्तकमा पढेका कुरालाई प्रत्यक्ष रूपमा प्राक्टिकल गरी जड कुरा बुझ्ने प्रयास गर्नुपर्छ। यदि कलेजले प्राक्टिकलमा ध्यान दिएन भने पनि सबै मिलेर आफूलाई आवश्यक हुने सबै प्राक्टिकल गराउन दबाब दिनुपर्छ। अहिलेको वैज्ञानिक युगमा 'थ्योरिटिकल' कुरासँगै प्राक्टिकलमा ध्यान नदिए कुनै पनि कुरा बुझ्न गाह्रो हुन्छ। अर्कातर्फ प्लस टुदेखि नै राम्रोसँग प्राक्टिकल गरे भविष्यको अध्ययनमा पनि ठूलो सहयोग पुग्छ।

कलेज प्रवेशलगत्तै कतिपय विद्यार्थीमा विभिन्न समस्या देखा पर्न सक्छ। कलेज तथा साथीहरूसँग घुलमिल हुन पनि गाह्रो पर्न सक्छ, तर हतोत्साही नभै आफ्नो पढाइमा अग्रसर हुनुपर्छ। यस्ता कुरालाई समयसँगै समाधान गर्दै लानुपर्छ अनि मात्र आफू सफलता खोज्न होइन, सफलता आफूलाई खोज्दै आउनेछ।



---

# कलेज जीवनमा प्रवेश गरेपछि



एसएलसी परीक्षाको नतिजा प्रकाशित भैसकेपछि केही समय त विद्यार्थीहरू बधाई थाप्न र फुरुङ्ग पर्न व्यस्त हुन्छन्। एसएलसीमा 'डिस्टिङ्सन' आएपछि अब आफ्नो जीवन बन्ने भयो भन्दै खुसी भएको पनि पाउन सकिन्छ। पहिले थोरै विद्यार्थी मात्र प्रथम श्रेणीमा उत्तीर्ण हुने र त्योभन्दा पनि एकदम न्यून विद्यार्थी विशिष्ट श्रेणीमा उत्तीर्ण हुने भएकाले 'डिस्टिङ्सन'को राम्रै 'भ्यालु' थियो। अहिले ११ हजारभन्दा बढी विद्यार्थी विशिष्ट श्रेणीमा उत्तीर्ण भएको अवस्थामा विशिष्ट श्रेणीलाई नै सबथोक मान्नु उपयुक्त हुँदैन। आफ्नो जीवन कस्तो बनाउने भन्ने कुरा त अब निर्धारण हुन्छ। 'फलामे ढोका' नामकरण गरिएको एसएसली परीक्षाबाट ढोका मात्र खुलेको छ, ढोका खुलेपछि कुन बाटो तय गर्ने भन्ने विषयमा विद्यार्थीहरू जानकार हुनु आवश्यक छ।

एसएलसीमा उत्तीर्ण तथा विशिष्ट श्रेणी प्राप्त गरेका विद्यार्थीमध्ये अधिकतमको रोजाइ विज्ञान नै रहेकाले उनीहरूले विभिन्न कलेजमा प्रवेश परीक्षा पनि दिइसकेका छन्। केहीले भने नाम चलेका कलेजमा भर्ना हुन प्रवेश परीक्षाको तयारी पनि गरिरहेका छन्। अर्कातर्फ केही विद्यार्थीले भने 'ए लेभल'को पढाइ सुरु गरिसकेका छन्। 'ए लेभल' पढाउने कलेजबाहेक कतिपय कलेजमा कक्षा ११ को पढाइ सुरु भैसकेको छ। त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहको खारेजीपछि अधिकतम विद्यार्थी आफ्नो कलेजमा तान्ने आशाले फुरुङ्ग परेका 'प्लस टु'हरू विद्यार्थीहरूलाई सपनारूपी सुविधा र शिक्षण विधिका बारेमा चित्रण गर्नमै व्यस्त छन्। यस्तो अवस्थामा एकातर्फ विद्यार्थीहरूले राम्रो कलेज र उपयुक्त पाठ्यक्रम छनौट गर्नुपर्छ भने अर्कातर्फ कलेज छिर्नुअगावै आफूले कस्तो काम गर्नुपर्ने हुन्छ भन्ने कुरामा पनि विचार पुऱ्याउनुपर्छ।

**पाठ्यक्रमको ज्ञान**

स्कुले जीवनमा विद्यार्थीले सबै किसिमका पुस्तक पढ्नुपर्ने हुन्छ। कक्षा आठसम्म नेपाली, अंग्रेजी, गणितलगायत अन्य धेरै विषय सबै विद्यार्थीले पढ्नुपर्नेमा कक्षा नौमा भने अर्थशास्त्र, अतिरिक्त गणित, शिक्षा, स्वास्थ्य शिक्षा र लेखामध्येबाट आफूलाई उपयुक्त हुने विषय छान्नुपर्ने हुन्छ जुन कक्षा दससम्म कायम रहन्छ। जब विद्यार्थीहरू कक्षा चढ्दै जान्छन्, उनीहरूको विषय 'डिस्टिङ्क्ट' बन्दै जान्छ। जस्तै विज्ञान विषय रोजे कक्षा ११ मा विज्ञानका सबै विधा पढ्नुपर्ने हुन्छ भने कक्षा १२ मा केही छोड्न पाइन्छ। स्नातक र स्नातकोत्तर तहमा आफ्नो विषय एक सानो कणसरह हुन जान्छ। त्यसैले कलेज प्रवेश गर्नुपूर्व विद्यार्थीहरूले आफ्नो लक्ष्य निर्धारण गरी लक्ष्य प्राप्तिका निम्ति आवश्यक पाठ्यक्रम कुन हुन्छ भन्ने विषयमा ज्ञान लिनु आवश्यक छ, साथै सो पाठ्यक्रममार्फत लक्ष्य प्राप्तिका लागि कति परिश्रम गर्नुपर्छ भनेर पहिले नै तयारी गर्नुपर्छ।

**घुमफिरमा रोक**

एसएलसी परीक्षा दिइसकेपछि विभिन्न कोर्स तथा तालिमहरू लिए पनि छात्रछात्राहरू सामान्यतया: स्वतन्त्र नै थिए। आफ्नो विद्यार्थी जीवनको लामो बिदा पनि विद्यार्थीहरूले यही समयमा पाए। यो समयमा केही विद्यार्थीहरूले उपलब्धिमूलक कार्य पनि गरे भने केही बिनाकाम 'हल्लिएर' पनि बसे। प्राय: विद्यार्थीले पहिलेको योजनाअनुरूप घुमफिर पनि गरे। अब भने विद्यार्थीहरूले दुई वर्ष अध्ययनमा व्यस्त हुनुपर्ने हुन्छ। यो अवधिमा लामो समयका लागि घुमफिर नगरी एकाग्र भै पढ्ने निश्चय गर्नुपर्छ। त्यसपछि राम्रो सफलता हात पारेपछि पुन: मनोरञ्जन गर्न सकिन्छ।

**अनुशासन र लगनशीलता**

विद्यार्थीहरू कलेज प्रवेश गर्दा स्कुले जीवनभन्दा निकै सहज महसुस गर्दै बढी स्वतन्त्र बन्न थाल्छन्। फलस्वरूप आफ्नो अनुशासनमा नरही विभिन्न खराब कार्यमा अग्रसर हुन सक्छन् अनि अध्ययनमा लगनशील नहुने तथा साथीहरूसँग उच्छृङ्खल गतिविधि गर्न पनि पछाडि नपर्न सक्छन्। यस्ता गतिविधि बढ्दै जाँदा कलेज तथा आफ्नो शिक्षाविरोधि गतिविधि गर्न सकिन्छ। कतिपय विद्यार्थीले थाहा नपाई-नपाई बिस्तारै यस्ता गतिविधिमा संलग्न भै आफ्नो भविष्य बिगारिरहेका हुन्छन्। त्यसैले असल साथीको संगत गर्ने र अनुशासनको घेराभन्दा बाहिर नजाने अठोटका साथ कलेज जीवनमा प्रवेश गर्ने अठोट गर्नुपर्छ।

अब विद्यार्थीहरूले खुलेको फलामे ढोकाबाट अझ अघि बढ्नुपर्ने हुन्छ। अगाडि अझ धेरै ढोका पार गर्नुपर्नेछ। बाटोमा विभिन्न अवरोध आउन सक्छन्, साथै कुनै बाटो हिंड्न सजिलो र कुनै गाह्रो हुनसक्छ। सजिलो बाटो र गाह्रो बाटो दुवैमा समानान्तर रूपमा यात्रा गरी कुनै समयमा अति उत्साहित हुन र कुनै समय निरुत्साहित हुने प्रवृत्तिबाट टाढा रहनुपर्छ अनि मात्र खोजेजस्तो सफलता हात पार्न सकिनेछ।



# भुल्ने बानीबाट पाउनुहोस् छुटकारा

रोजिन शाक्य

कुनै वस्तुलाई राखेर भुल्नु, कसैको नाम भुल्नु वा कुनै कुरा भुल्नुजस्ता समस्या हामी सबैले भोग्नुपर्छ। भुल्नु एउटा मनोवैज्ञानिक समस्या हुनसक्छ वा एउटा बानी पनि। जसबाट छुट्कारा प्राप्त गर्न हामी कैयन् उपाय अवलम्बन गर्छौं, तथापि समस्या हल हुँदैन। 'द मेमोरी बुक' का लेखक हेरी लोरेन र जेरी लुकामका अनुसार मानसिक रूपमा कुनै वस्तु वा कुरालाई अर्को हास्यास्पद कुरासित जोडेर राख्नाले भुल्ने बानीबाट धेरै हदसम्म छुट्कारा प्राप्त गर्न सकिन्छ।

विशेषज्ञहरूका अनुसार हरेक दिन कमसेकम १५ मिनेट कुनै पनि किसिमको मानसिक कसरतमा संलग्न रहे भुल्ने बानीबाट धेरै हदसम्म छुट्कारा पाउन सकिन्छ। यसका लागि कार्ड गेम्स, सुडोकु, क्रसवर्ड आदिलाई चयन गर्न सकिन्छ। यसका अतिरिक्त आ□नो रोजाइअनुसार अरू कुनै मानसिक कसरत हुने कार्य पनि गर्न सकिन्छ, साथै आफूलाई मन पर्ने पुस्तक पढ्नु पनि उपयुक्त हुन्छ।

नास्ता नगर्दा मस्तिष्कलाई पूर्णरूपले खुराक प्राप्त हुँदैन। जसले गर्दा हाम्रो स्मरणशक्तिमा कमी आउँछ। त्यसैले नास्ताप्रति सजग हुनुपर्छ। मस्तिष्कलाई क्रियाशील राख्न ग्लुकोजको आवश्यकता पर्छ। जुन हामीले नास्तामा सेवन गर्ने फल, सब्जी, अनाज आदिबाट प्राप्त गर्छौं। यसमा पनि स्ट्रबेरी, ब्लुबेरी एवं पालुंगोबाट बनेका खानेकुरा बढी महत्त्वपूर्ण हुन्छन्।

पानी न केवल हामीलाई जीवित राख्न सहायक हुन्छ, यसले हाम्रो स्मरणशक्तिमा वृद्धि गर्न पनि मद्दत गर्छ। पानी कम पिउनाले डिहाइड्रेसनको समस्या हुन्छ जसका कारण मानसिक अन्यौलता बढ्छ र भुल्ने समस्या वृद्धि हुँदै जान्छ।

नियमित रूपमा घुमफिर वा स्वीमिङ गर्नु पनि मस्तिष्कलाई चुस्त राख्ने काममा लाभदायक हुन्छ। यसबाट मस्तिष्कमा पर्याप्त अक्सिजन पुग्छ र ग्लुकोजको मेटाबोलिज्म सन्तुलित रहन्छ जसले गर्दा स्मरणशक्ति ठीक अवस्थामा रहन्छ।

स्मरणशक्तिलाई स्थायी राख्न भरपूर निद्रा पनि उत्तिकै आवश्यक हुन्छ। राम्रो निद्राले मस्तिष्क तन्दुरुस्त रहन्छ र यो राम्रो स्थितिमा रहेर क्रियाशील हुन्छ। अल्कोहलको सेवनले मस्तिष्कको तन्तुलाई क्षति पुऱ्याउँछ र व्यक्तिले धेरै कुरा भुल्न सक्छ। अतः सम्भव भएसम्म अल्कोहल सेवन गर्नु हुँदैन।

तनावग्रस्त एवं चिन्ताग्रस्त रहनाले पनि व्यक्तिले धेरै कुरा बिर्सन्छ, किनकि तनावको स्थितिमा मस्तिष्कमा कार्टिसोल नामक हार्मोनको श्राव बढ्छ। कार्टिसोल हार्मोनले मस्तिष्कको तन्तुमा नोक्सान पुऱ्याउँछ र व्यक्ति भुल्ने समस्याबाट ग्रस्त हुन्छ।

आ□नो भुल्ने क्षमताबाट छुटकारा पाउने एउटा राम्रो उपाय सदैव नयाँ कुरा सिक्न तत्पर रहनु पनि हो। यसका लागि कहिलेकाहीं बाहिर घुम्न जानु राम्रो हुन्छ। नयाँ ठाउँमा घुम्ने, नयाँ व्यक्ति र वातावरणसित परिचित हुने र सदैव नयाँ कुरा सिक्न तत्परता अपनाउने। यसबाट मस्तिष्कमा नयाँ ऊर्जा भरिन्छ र व्यक्तिले कुरालाई राम्रोसँग स्मरण गर्न सक्छ।

जब हामी मस्तिष्कलाई तनावमुक्त एवं ऊर्जाशील अवस्थामा राख्छौं तब हाम्रो एकाग्रता बढ्छ र हामी कुराहरू भुल्दैनौं। एकाग्रता बढाउन प्रत्येक बिहान १०-१५ मिनेट प्राणायाम गर्नु उचित हुन्छ। आ□नो मेलजोलमा त्यस्ता व्यक्तिहरूलाई राख्नुपर्छ, जसले निरर्थक कुराकानी नगरून् अथवा उनीहरूमा सकारात्मक सोच तथा उद्देश्यपूर्ण विचार होस्। यस्ता व्यक्तिहरूसित घुलमिल गर्नु, जोसँगको कुराकानीले मस्तिष्कलाई नयाँ सोंच प्राप्त हुन्छ, मस्तिष्कमा खुसी एवं उल्लास सञ्चार हुन्छ यसले भुल्ने समस्यामा राहत प्रदान गर्छ।

कुनै पनि कुरा वा क्रिया जुन आवश्यक छ, त्यसलाई धेरै पटक दोहोऱ्याउनाले मानसपटलमा त्यसको चित्र अंकित हुन्छ र आवश्यकताका बखत त्यो तुरुन्तै स्मरण हुन्छ। वरपरका कुरामा सम्बन्ध जोड्नु पनि महत्त्वपूर्ण हुन्छ। जस्तै- यदि बाइक पार्क गर्दा आ□नो बाइक पहिचान गर्न गाह्रो हुन्छ भन्ने चिन्ता छ भने वरपर नजिकको कुनै संकेत, साइनबोर्ड, वस्तु, खम्बा आदि कुनै कुरालाई सम्झिएपछि आ□नो बाइक खोज्न सरल हुन्छ।

> स्मरणशक्तिलाई स्थायी राख्न भरपूर निद्रा पनि उतिकै आवश्यक हुन्छ। राम्रो निद्राले मस्तिष्क तन्दुरुस्त रहन्छ र यो राम्रो स्थितिमा रहेर क्रियाशील हुन्छ। अल्कोहलको सेवनले मस्तिष्कको तन्तुलाई क्षति पुऱ्याउँछ र व्यक्तिले धेरै कुरा भुल्न सक्छ। अतः सम्भव भएसम्म अल्कोहल सेवन गर्नु हुँदैन। तनावग्रस्त एवं चिन्ताग्रस्त रहनाले पनि व्यक्तिले धेरै कुरा बिर्सन्छ, किनकि तनावको स्थितिमा मस्तिष्कमा कार्टिसोल नामक हार्मोनको श्राव बढ्छ। कार्टिसोल हार्मोनले मस्तिष्कको तन्तुमा नोक्सान पुऱ्याउँछ र व्यक्ति भुल्ने समस्याबाट ग्रस्त हुन्छ।

विभिन्न सोधअनुसार मिल्क चकलेट वा डार्क चकलेट खाँदा पनि भुल्ने समस्याबाट राहत पाउन सकिन्छ। महत्त्वपूर्ण कुरालाई प्रयोगपश्चात् यथास्थानमा राख्दा पनि भुल्ने समस्याबाट टाढा रहन सकिन्छ। जस्तै- साँचो राख्ने स्थान एवं आवश्यक कागजातलाई फाइलमा राख्नु आदि।

भुल्नुलाई अव्यवस्थित जीवनशैलीको परिणाम पनि मान्न सकिन्छ। प्रतिस्पर्धात्मक वातावरणका कारण जीवनशैलीमा उतारचढावका कारण यो अझ ठूलो बन्दैछ। जीवनशैलीलाई व्यवस्थित बनाउने स-साना प्रयास गर्दा पनि यो समस्याबाट छुट्कारा पाउन सकिन्छ। अतः किन प्रयास नगर्ने? कतै तपाईंले प्रयास गर्न नै भुल्नुभयो कि?

पृष्ठ १ बाट जारी

उदितनारायण झा लामो समयसम्म नेपाली पार्श्वगायनमा जमे पनि संख्यात्मक दृष्टिकोणले राजेशपायल राई अगाडि बढिसकेका छन् । स्रोतका अनुसार सबैभन्दा बढी चलचित्रमा गीत गाउने गायकका रूपमा राजेशपायलको नाम नम्बर एकमा छ । झाको स्वरमा गीत रेकर्ड गराउन मुम्बई पुग्ने बाध्यतालाई हटाउँदै आएका गायक राई यतिखेर पार्श्वगायनमा पहिलो रोजाइका गायक हुन् । गायक राई भन्छन्- 'पार्श्वगायनका लागि चाहिने स्वर नेपालमै उपलब्ध भएपछि गीत रेकर्ड गर्न मुम्बइ जाने ट्रेन्ड लगभग समाप्त भैसकेको छ ।' २ सय २५ भन्दा बढी चलचित्रमा आफ्नो स्वर दिइसकेका राईको यात्रा सुगम संगीतबाट प्रारम्भ भए पनि लोक, पप, पार्श्वगायनलगायत सबै विधामा उनको आवाज 'फिट' भयो ।

राजेश नेपाली सांगीतिक कार्यक्रमकै सिलसिलामा सबैभन्दा बढी विदेश घुम्ने नेपाली गायक पनि हुन् । राजेश स्वदेशभित्रका कन्सर्टमा पनि उत्तिकै जमेका छन् ।

**समकालीनमा अगाडि**

राजेशपायल राईले २ हजारभन्दा बढी गीत गाइसकेको तथ्यांकले देखाउँछ । यस्तै पार्श्वगायनमा उनले ७ सय भन्दा बढी गीत गाइसकेका छन् । संगीतकार शम्भुजित बाँस्कोटा पार्श्वगायनमा फिट हुने आवाज भएकाले पनि राजेश अगाडि बढेको तर्क गर्छन् ।

**संघर्ष**

खोटाङको बुइपामा जन्मिएका राजेशले सांगीतिक यात्रा कहिलेदेखि आरम्भ गरे भन्ने कुरा उनलाई थाहा छैन । सानो उमेरमा सुसेलीसँगै ओठबाट फुत्कने उनको मीठो लय सुन्नेहरू कति मीठो गाएको तिम्ले भनेर प्रशंसा गरिदिन्थे । 'मेरो गायकी सामान्य स्वरूपमा मात्र थियो,' राजेश सम्झन्छन्- 'गीत-संगीतप्रति रुचि थियो, त्यसैले सामान्य रूपमै गाइयो, बस् सकियो ।'

राजेश २०४६ सालमा १६ वर्षे उमेरमा भ्वाइस टेस्टमा उत्तीर्ण भएपछि जेजी राईको रचना तथा शक्तिकुमार श्रेष्ठको संगीतमा 'सम्झनाको कुरा नगर' गीत रेडियो नेपालमा पहिलो पटक रेकर्ड गराएको घटना सम्झन्छन् । त्यसबेला उनी कक्षा १० मा अध्ययनरत थिए ।

'पहिलो पटक रेडियोबाट गीत बजेपछि गाउँमा मजस्तो ठूलो मानिस नै छैन जस्तो अनुभूति भयो,' राजेश भन्छन्- 'त्यसबेला म अब्बल गायक हुँ जस्तो लाग्यो, जबकि आजभोलि म आफूलाई संगीतको विद्यार्थी मात्र मान्छु ।'

उनलाई गीत-संगीतको क्षेत्रमा संलग्न हुन परिवारले कहिल्यै सहयोग गरेन, साथै यो क्षेत्रमा लाग्नु हुँदैन भनेर अवरोध पनि गरेन । ब्रिटिस लाहुरे बाबु रत्न राईका छोरा राजेश भन्छन्, 'परिवारका कुनै पनि सदस्य सांगीतिक क्षेत्रमा संलग्न नभएकाले यो विषयमा परिवार अनभिज्ञ थियो तर गायकका रूपमा छवि निर्माण भएपछि भने परिवारले सहयोग गर्‍यो ।'

एसएलसी उत्तीर्ण भएपछि उनी आर.आर. कलेजमा म्युजिकमा आईए अध्ययनका निम्ति भर्ना भए । त्यसैबेला उनी संगीतका महारथी नातिकाजीकहाँ पुगे । 'मेरो स्वर सुनेपछि नातिकाजी दाइ प्रसन्न हुनुभयो,' उनले सम्झिए- 'यो केटामा धेरै प्रतिभा छ भनेर उपस्थित सबैलाई सुनाउनुहुन्थ्यो ।' नातिकाजीले नै माया गरेर उनलाई 'रापा' (राजेशपायल) नाम दिए, त्यसैले उनलाई अहिले पनि कतिपयले रापा भनेर बोलाउँछन् ।

नातिकाजीले कृष्णहरि बरालको रचना रहेको 'कसरी आँखा जुध्यो, कसरी माया बस्यो' गीतलाई संगीतबद्ध गरी गाउन दिए । यो गीतले उनको चर्चा बढायो । त्यसलगत्तै उनले गाएको गीत 'फैलियो माया दुबोसरि' ले उनलाई राष्ट्रव्यापी पहिचान दियो । गायक राई भन्छन्- 'फैलियो माया दुबोसरिको सफलताले नै गायन क्षेत्रमा मेरो करियर स्थापित भयो ।'

काठमाडौंमा एक आफन्तकहाँ बस्दै आएका गायक राई यो गीतको लोकप्रियतासँगै कन्सर्टका लागि हङकङ पुगे । विदेशको पहिलो यो भ्रमण पनि उनका निम्ति उत्कट खुसीको क्षण थियो । 'पहिलो विदेश भ्रमण, त्यसमा पनि हङकङ' उनी सम्झन्छन्- 'पैसाभन्दा त्यो पहिलो भ्रमण मेरा निम्ति मुख्य कुरा थियो, त्यो पहिलो सो गरेपछि ४० हजार रुपैयाँ पाएको थिएँ ।'

त्यसपछि उनको सफलताका दिन प्रारम्भ भए । उनले चलचित्र 'गरिब' मा गीत गाउने अवसर पाए । पार्श्वगायनको यो पहिलो फड्कोमा पनि जमेपछि राजेशले पछाडि फर्केर हेर्नुपरेको छैन । राजेश अहिले चलचित्रका लागि महिनामा न्यूनतम ३० वटा गीत गाउँछन् ।

**गर्लफ्रेन्ड छैनन्**

गायकका रूपमा ख्याति कमाएपछि उनलाई पछ्याउने युवतीको संख्या अकासियो । गायक राई सम्झन्छन्- 'चर्चा बढ्दै जाँदा 'डाइ हार्ट' फ्यानको संख्या पनि बढ्दै गएको थियो, त्यसमा पनि धेरैजसो युवती थिए ।' त्यसबेला यो विषयमा राजेशले ध्यान दिएनन् । 'त्यसबेलामा कतिले मन पराए, मैले उनीहरूलाई वास्ता गरिनँ,' राजेश भन्छन्- 'अनि आफूले पनि एक-दुईलाई मन पराइयो तर उनीहरूले पत्याएनन् ।' एकपटक राजेशले एक-युवतीलाई असाध्यै मन पराएका थिए तर उनले आफ्नो मनको कुरा व्यक्त गरेनन्, पछि उनको अर्कैसँग विवाह भयो ।

विवाहपछि ती युवतीसँगको भेटमा उनले तिमीजस्तो सेलिब्रेटीले मसँग विवाह गर्दैनौ होला जस्तो लाग्यो तर म पनि तिमीलाई असाध्यै माया गर्थें भनेको उनी सम्झन्छन् । 'मेरो लक्ष्य अझै माथि थियो,' उनी भन्छन्- 'विवाह गरेर घरजम गर्नेतर्फ ध्यान नदिई करियरमै केन्द्रित हुनुले पनि विवाहमा विलम्ब भएको हो ।' गर्लफ्रेन्ड छिन् ? उन्मुक्त हाँसोपछि राजेशले जवाफ दिए- 'अहिले छैन तर अब राम्री युवतीको प्रस्ताव आए सोच्नुपर्ला ।'

सेक्स नि ? डिप्लोम्याटिक उत्तर दिँदै उनी भन्छन्- 'म बियर र ह्विस्कीको टेस्ट छुट्याउन सक्छु ।' सेक्ससँग उनी अनभिज्ञ छैनन् भन्ने यो जवाफले स्पष्ट पार्छ । फेरि सोधियो, कति जनासँग ? उनी एक्कासि हच्किए, अनि भने- 'यसको उत्तर अहिले नखोजौं, यसले मेरो भविष्यको वैवाहिक जीवनलाई असर पुर्‍याउँछ ।'

**चुरोट, रक्सी र डन**

गायकका रूपमा चर्चाको शिखरमा पुगेपछि रमाइलो गर्ने बहानामा उनी चुरोट र रक्सीतर्फ लहसिए । चुरोट र रक्सी उनी यति धेरै पिउँथे कि यी दुई कुरा सेवन गर्नेमा राजेशपायल उदाहरणीयसमेत बने । अक्सर गायकहरू सुरा र सुन्दरी भनेपछि हुरुक्क हुन्छन् भन्ने भनाइलाई सत्य साबित गर्दै एक चरणमा उनी पनि यी कुरासँग नजिक भए । एक दिनमै दुई-चार बट्टा चुरोट पिउने राजेश साथीभाइको जमघटमा रातभर पिएरै बस्न सक्थे ।

पिउने क्रममै लगातार नौ वर्षसम्म उनी ठमेलको रात्रिजीवनप्रति अभ्यस्त भए । अत्यधिक रक्सी सेवन गर्ने क्रममै उनी मृत्युको मुखमासमेत पुगे । 'उच्च रक्तचापले हानेपछि म अचानक अस्पतालको शैय्यामा ब्यूँझिएँ, साथीभाइले त अब यो मर्‍यो भनिसकेका रहेछन् ।' घटना सम्झँदै उनले भने- 'मैले पाएको यो जीवन वास्तवमै दोस्रो जीवन हो ।' उच्च रक्तचापले चर्को रूपमा प्रहार गरेपछि उनमा प्यारालाइसिसको संकेतसमेत देखियो तर बलियो आत्मबलकै कारण उनले नयाँ जीवन प्राप्त गरे । राजेश भन्छन्- 'रक्सी र चुरोटले मेरो जीवनमै धावा बोलेपछि म यतिखेर यी दुई कुराबाट पूर्णतः टाढा छु ।'

जतिबेला उनी रक्सी, चुरोट र रात्रिजीवनमा अभ्यस्त थिए, त्यसबेला उनलाई डन भनेर सम्बोधन गरिन्थ्यो । 'म त वास्तवमा संगीतको डनका रूपमा चिनिन चाहन्थें तर राईको छोरो, बाघजस्तै गर्जिन्छस् भनेर तँलाई डन भनेको- साथीहरू भन्थे,' राजेश सम्झन्छन्- 'दुई-चार जना केटा अघिपछि हुने भएकाले पनि डन भनिएको होला ।'

**राजेशको रेकर्ड**

गायक राजेशपायल राईले २०६० साल असार १२ गते एकैदिनमा नौवटा गीत रेकर्ड गराएका थिए जुन नेपाली सांगीतिक क्षेत्रकै कीर्तिमान हो । विराटनगरस्थित रिम्स डिजिटल स्टुडियोमा पाँच घण्टाबीचमा उनले लगातार नौवटा गीत गाएका थिए । 'एकैपटक स्टुडियोभित्र छिरेर लगातार नौवटा गीत गाउनु मेरा निम्ति पनि चुनौतीको कुरा थियो,' उनी भन्छन्- 'तर म सफल भएँ ।' पछिल्लो पटक दुई सातामा १४ वटा नेपाली चलचित्रका गीत आफ्नो स्वरमा रेकर्ड गरेर उनले नयाँ कीर्तिमान कायम गरेका छन् ।

## संगीतकारको नजरमा राजेश पायल राइ

राजेश पायल राई 'भर्सटाइल सिंगर' हुन् । सबै खालका गीत गाउन सक्ने खुबी भएका राजेश देशका लागि अत्यन्त आवश्यक स्वर भएका गायकका रूपमा मैले चिनेको छु । उनी हाईदेखि लो पिचसम्म गाउन सक्ने एक मात्र गायक हुन् ।

**महेश खड्का**

एकदमै राम्रो गायक साथै प्रष्ट वक्ताका रूपमा मैले राजेशपायललाई चिनेको छु । उनको गायकीको प्रशंसा गरेर साध्य छैन । नेपाली चलचित्र उद्योगमा सबै किसिमका गीत गाउन सक्ने उनको जस्तो प्रतिभा कसैमा छैन ।

**राम कार्की**

सेन्टिमेन्टलदेखि रोमान्टिक तथा फास्टट्र्याक जुनसुकै स्केलमा पनि गाउन सक्ने राजेश समकालीन पुस्ताका गायकमा पहिलो रोजाइमा पर्छन् । उदितनारायणपछि नेपाली गायकमा राजेशपायल राईले उच्च स्थान बनाएका छन्, उनको स्वरको डेप्थ राम्रो भएकाले नेपाली चलचित्र उद्योगका सबै नायकसँग उनको स्वर मिल्छ ।

**वसन्त सापकोटा**

प्रज्ञा-प्रतिष्ठानमा रहँदा राजेश मलाई भेट्न आउँथ्यो, त्यही क्रममा मैले उसलाई चलचित्रमा गीत गाउने मौका दिएँ । मैले उसलाई भारत पनि लगें जहाँ उसले पार्श्वगायनका बारेमा धेरै जानकारी लियो । मैले उसँग पाँच-छ वर्ष लगातार काम गरें । राजेशमा एक किसिमको टोन छ, जुन अरू गायकमा पाइँदैन । मैले काम गर्दा उसमा कुनै नकारात्मक पक्ष भेटिनँ । ऊसँगको सम्बन्धका बारेमा विभिन्न कुरा बाहिर आए पनि मेरो नजरमा ऊ पर्फेक्ट गायक हो । राजेश ठूलो महत्त्वाकांक्षा राख्ने गायक पनि हो, त्यसैले ऊ एकपटक संगीतकार बन्ने प्रयासमा पनि लाग्यो । मेहनतका साथ निरन्तर सक्रिय भएकाले गर्दा आज उसले सफलता पनि पाएको छ ।

**शम्भुजित बाँस्कोटा**

राजेश पायल राई भर्साटाइल सिंगर मात्र होइन, भर्साटाइल कम्पोजर पनि हुन् । अहिलेको समकालीन गायकमा सबैभन्दा बढी निरन्तरता दिन सफल गायकका रूपमा मैले उनलाई चिनेको छु । उनले संगीत साधनालाई निरन्तरता दिँदै आज अलग पहिचान बनाएका छन् । पार्श्वगायनमा सशक्त र सफल हुनुमा उनको स्वरले नै महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**सुरेश अधिकारी**

## आज दर्शन नमस्ते

गायक राजेशपायल राईको महत्वाकांक्षी गीतिसंग्रह दर्शन नमस्ते आज दिउँसो १२ बजे होटल एभरेष्टमा सार्वजनिक हुँदैछ । साप्ताहिकको प्रस्तुतिमा रञ्जना क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहलाई उनले जीवनकै सबैभन्दा महत्वाकांक्षी गीतिसंग्रह भएको बताएका छन् । राई भन्छन् 'मैले नयाँ जीवन पाएपछि अथक मेहनत गरेर तयार भएको यो गीतिसंग्रहका सबै आठवटा गीतलाई श्रोताहरूले मन पराउनेछन् भन्ने विश्वास लिएको छु ।'

# राई is King





## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म काममा व्यस्त रहने ३३ वर्षीय विवाहित युवा हुँ। छ वर्षअघि एउटी विवाहित महिलासँग आँखा जुध्यो। उनका हुर्किएका सन्तान छन्। उनीहरू कलेज पढ्छन्। उनको श्रीमान्सँग मेरो राम्रो सम्बन्ध छ। तथापि मैले उनलाई मनकी रानीका रूपमा राखिसको। केही अघिदेखि मेरो बसाइ उनको घरछेउमा भयो। उनको मनमा के छ, मलाई थाहा छैन तर मैले उनलाई आफ्नो मनकी देवी मानिसको। म विवाहित हुँ तर पनि उनको आकर्षणले मलाई हरदम तानिरहन्छ। विवाह गर्ने र शारीरिक आकर्षणभन्दा पनि म उनीसँग भावनात्मक नाता कायम गर्न चाहन्छु। उनले मलाई कसरी हेरेकी छिन् थाहा छैन। किनभने उनीसँग कुरा हुन पाएको छैन। मेरो हरेक दिनको यात्रा उनको घर सामुन्नेबाट हुन्छ। उनलाई देखिना भने मेरो साइत नै पर्दैन जस्तो लाग्छ। म मन्दिरभन्दा पनि उनको मुहार सम्झन्छु। म उनको घरमा गएर तपाईंलाई मनकी देवी मान्छु भन्न पनि सक्दिना। अब म उनलाई मनको कुरा भनेर आत्मीयता साट्न के गरूा ?**

**–कान्छो**

तपाईंलाई आफ्नो समस्याको समाधान होस् भन्ने तीव्र चाहना रहेछ। त्यसैले एउटै समस्यालाई भाषा फरक गर्दै तीन फरक नामबाट तीनवटा पत्र प्रेषित गर्नुभएको रहेछ। तपाईंको लेखाइ, ठेगाना तथा शैलीबाट ठहर गर्न सजिलो भयो कि तपाईं एउटै मानिस हुनुहुन्छ। अब समस्याको समाधान गर्ने उपायतर्फ जाऔं। एउटा कथन छ, 'सन्तान आफ्ना र श्रीमती अर्काकी राम्री'। यो कथन तपाईंजस्ता मानिसका लागि बनाइएको हुनसक्छ। एक त तपाईं आफू विवाहित, त्यसमाथि अर्काकी श्रीमती, हुर्किएका सन्तानकी आमालाई मनकी रानी बनाउने लज्जास्पद कुरा कसरी गर्न सक्नुभएको ? यदि उनी तपाईंकी मनकी रानी भैसकिन् भने त्यो कुरालाई आफ्नो मनमै रहन दिनुहोस्। सार्वजनिक गर्नुभयो वा कसैलाई भन्नुभयो भने तपाईंकै बेइज्जत हुनेछ। तपाईंको पत्रअनुसार उनको परिवार सुखी छ। तपाईं त्यसमा आगो लगाउने प्रयास गर्दै हुनुहुन्छ। हाम्रा चलचित्रमा खलनायकले गरेजस्तो। आफू पनि खुसीले नबाँच्ने अरूलाई पनि खुसी हुन नदिने। तपाईं आफ्नो जीवन नायकको जस्तो होस् भन्ने चाहना गर्नुहुन्छ कि खलनायकको जस्तो ? मेरो राय मान्नुहुन्छ भने उनलाई होइन, आफ्नी श्रीमतीलाई मनकी रानी वा देवी बनाउनुहोस् र आफ्नो जीवन सुखमय तुल्याउनुहोस्। अझ सक्नुहुन्छ भने उनको नजिकै रहेको बसाइलाई अन्यत्र कतै सार्ने प्रयत्न गर्नुहोस्। उनका सामु आफ्नो मनको कुरा व्यक्त गर्ने प्रयास कहिल्यै नगर्नुमै तपाईंको कल्याण छ।

## विकासकी नयाँ नायिका

'नशिब आफ्नो' बाट निर्देशकसमेत भएका लेखक विकास आचार्यले निर्देशन गर्न लागेको चलचित्र 'नाइँ नभन्नु ल'का लागि नयाँ अनुहारको खोजी सकिएको छ। विगत छ महिनादेखि उनी त्रिकोणात्मक प्रेमकथामा आधारित यो चलचित्रका लागि नायिकाको खोजीमा थिए। दुईवटा म्युजिक भिडियोमा अभिनय गरिसकेकी ऋचा सिंह उनको नयाँ नायिका भएकी छिन्। चलचित्रमा जीवन लुइँटेल र सुमन सिंह नायक छन्। चलचित्रमा मिथिला शर्मा, नागेन्द्र रिजाल, मुकेश आचार्य, उत्तम केसी आदिले पनि अभिनय गर्दैछन्।

## सत्यराज नायक हुने

भजनसम्राट् भक्तराज आचार्यको जीवनमा आधारित चलचित्र निर्माण हुने भएको छ। सिक्किमको सिल्करुट पिक्चर्सले निर्माण गर्ने उक्त चलचित्रको निर्देशन प्रशान्त रसाइलीले गर्नेछन्। आचार्यको जीवनीमा आधारित उक्त चलचित्रका लागि २५ लाख भारतीय रुपैयाँ खर्च गरिने निर्माता रोशन राईले बताए। आगामी सेप्टेम्बरतिर सिक्किमको डुवर्सबाट छायांकन आरम्भ गरिने उक्त चलचित्रमा भक्तराजको भूमिका उनका गायक छोरा सत्यराज आचार्यले निर्वाह गर्नेछन्।

## दर्पणको ह्याट्रिक

निर्देशक सुरेश दर्पण पोखरेलको निर्देशनमा चलचित्र 'कसलाई दिउँ यो जोवन'को छायांकन काठमाडौं उपत्यकामा भैरहेको छ। निखिल उप्रेती, दिलीप रायमाझी, झरना थापा, सुरज आरडी आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्र निर्देशक पोखरेलद्वारा निर्देशित तेस्रो चलचित्र हो। पोखरेलका अघिल्ला दुई चलचित्र पनि प्रदर्शनमा आउँदैछन्।

## संसारभरि कुसुमे रुमाल

प्रदर्शोन्मुख चलचित्र 'कुसुमे रुमाल' नेपाली चलचित्रको इतिहासमा पहिलो पटक नेपालका मुख्य २५ सहरलगायत भारत तथा संसारभरिका प्रमुख सहरका चलचित्र

## ● फिल्मी खबर ●

भवनबाट एकसाथ सार्वजनिक हुँदैछ। गोपीकृष्ण मुभिजद्वारा प्राप्त जानकारीअनुसार उक्त चलचित्र अत्याधुनिक अमेरिकन डिजिटल सिनेमा सिस्टम 'क्युब'का माध्यमबाट भारतका सहरहरू दार्जीलिङ, आसाम, गान्तोक, डुवर्स, मुम्बई, दिल्ली, कोलकाता, मसुरी, कालिङ्पोङ, देहरादून, लद्धाख, थाने, पुनेलगायत मलेसिया, अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानाडा तथा युरोपका केही मुलुकमा आगामी दसैंका अवसरमा प्रदर्शनमा आउनेछ। ३५ एमएमको सिनेमास्कोप प्रविधिमा फाइभ प्वाइन्ट वान सराउन्ड साउन्ड सिस्टम तथा अंग्रेजी सबटाइटल राखिएको यो चलचित्रका निर्देशक निरक पौडेल हुन्। साप्ताहिक अफिसियल प्रिन्ट पार्टनर रहेको यो चलचित्रले फेसबुक डटकमलाई कम्युनिटी पार्टनर बनाएको छ।










तस्बिर : फिल्मी खबर डटकम

## पर्दामा मात्र रोमान्स ?

नायक विराज भट्ट तथा नायिका जेनिशा केसीलाई थुप्रै निर्देशकले चलचित्रमा प्रेमी-प्रेमिकाका रूपमा प्रस्तुत गरिसकेका छन्। एकथरी चलचित्रकर्मी त उनीहरूलाई पर्दाबाहिरका प्रेमी-प्रेमिका भन्न पनि बाँकी राख्दैनन् तर विवाहित विराज यो कुरा ठाडै अस्वीकार गर्छन्। जेनिशाले पनि आफ्नो नाम कुनै विवाहित पुरुषसँग जोडिएको कुरालाई स्वीकार गर्ने कुरै भएन। यति हुँदाहुँदै पनि निर्देशकले उनीहरूको रोमान्सलाई पर्दामा देखाउन छाडेका छैनन्।

निर्माणाधीन चलचित्र 'भागी-भागी नजाऊ' मा भने उनीहरूलाई भिन्न प्रकारका प्रेमी-प्रेमिकाका रूपमा प्रस्तुत गरिएको छ। चिरञ्जीवी बस्नेतको यो चलचित्रमा विराजले जेनिशाको माया पाउन निकै संघर्ष गर्नुपरेको कथा छ। चलचित्रमा उनलाई मानसिक सन्तुलन गुमाएका प्रेमीको भूमिकामा प्रस्तुत गरिएको छ। प्रेमिका जेनिशासँग उनको विवाह त हुन्छ तर श्रीमान्को दिमागी हालत नसुध्रिएपछि जेनिशा उनलाई छाडेर भाग्छिन्। विराज उनकै खोजीमा भौंतारिन्छन्। चलचित्रका निर्देशक मदन घिमिरेका अनुसार पहिलो पटक विराजले भिन्न चरित्र निर्वाह गरेका हुन्।







## मेरा धेरै साथी छन्

नायिका सुष्मा कार्कीलाई तस्बिर खिचाउने निकै रहर छ। मोडल वा नायिका भएपछि तस्बिर नखिचाई चर्चामा पनि आइन्न। अचेल एउटा विज्ञापनमा उनका ग्ल्यामरस् एवं रोमान्टिक तस्बिर देखिन्छ। हालै प्रदर्शोन्मुख प्रेममय चलचित्र 'मेरो एउटा साथी छ'को गीत प्रिमियर समारोह एवं पार्टीमा कालो स्लिभलेस टाइट स्कर्टमा 'सेक्सी' देखिएकी सुष्मालाई ग्ल्यामरको खोजी गरिरहने वेब पोर्टल साइबरसंसार डटकमले आँखा लगाइहाल्यो।

उक्त साइटका लागि विगतमा तस्बिर खिचाएकाले पनि होला, पार्टीमा उनीप्रति नै क्यामेरा सोझिएको देखियो। पोर्टलको फोटो ग्यालरीमा पार्टीका ३५ वटा तस्बिर छन्, जसमा सुष्माकै मात्र ११ वटा तस्बिर छन्। चलचित्रका सहनायक जीवन लुइँटेल, निर्देशक सुदर्शन थापा, ब्याकग्राउन्ड संगीत भरेका संगीतकार सुजिल कर्माचार्यलगायत साइबरसंसार डटकमका सञ्चालक अभिनव कसजूसँग उनले तस्बिर खिचाएकी छिन्। चलचित्र 'मेरो एउटा साथी छ'को कार्यक्रम भए पनि उनको एउटा कुरा भने छर्लङ्ग भयो, उनका धेरै साथी रहेछन्।







## पुरानै लयमा शम्भुजित

संगीतकार शम्भुजित बाँस्कोटा मेलोडी संगीतको आफ्नो पुरानो लयमा फर्किएका छन्। भुवन केसीको चलचित्र 'म तिमीबिना मरिहाल्छु' को गीत-संगीत श्रोताले मन पराएपछि बास्कोटाले आफू पुरानै लयमा फर्किएको अनुभव गरेका हुन्। भर्खरै प्रदर्शन भएको चलचित्र 'कहाँ भेटिएला' को संगीतले उनलाई पुनः पुरानै स्थानमा पुऱ्याएको छ। 'यो चलचित्र सफल हुनुमा संगीतको पनि ठूलो भूमिका छ,' बाँस्कोटा भन्छन्- 'प्रदर्शनको तयारीमा रहेका केही नयाँ चलचित्रबाट म थप उत्साहित छु।' हुन पनि चलचित्र 'कहाँ भेटिएला' को शीर्ष गीत अहिले मोबाइलको सीआरबीटीदेखि रेडियो तथा टेलिभिजनहरूमा छाइरहेको छ। चलचित्रका निर्माता तथा नायक श्रीकृष्ण श्रेष्ठ चलचित्रको गीति-संग्रहको बिक्रीबाट उत्साहित छन्। उनी भन्दै थिए- 'लामो समयपछि चलचित्र संगीतको बजार पनि उकालो चढेको छ।'



## निर्माताले गर्दा राम्रो चलचित्र बनेन

एक हूल कलाकार माओवादी पार्टी प्रवेश गरेपछि माओवादी नेताहरूले पनि कलाकार र नेपाली चलचित्रलाई बढी महत्त्व दिन थालेका छन्। एक महिनाअघि माओवादी अध्यक्ष प्रचण्डको हातबाट टीका लगाएका कलाकारको एउटा समूहले हालै वरिष्ठ माओवादी नेता एवं पूर्वअर्थमन्त्री बाबुराम भट्टराईबाट चलचित्र कसरी बनाउने भनेर सिके। आमनेताले जस्तै भट्टराईले पनि नेपाली चलचित्रलाई हिन्दी चलचित्रको फोटोकपी बनेको आरोप लगाउँदै भने- 'प्रविधिमा त हामी हलिउड र बलिउडको जस्तो बनाउन नसकौंला तर विषय मौलिक खोज्न सक्छौं त्यो तपाईंहरूबाट भएको छैन।' नेता भट्टराईले नेपाली चलचित्र कमजोर हुनुको दोष निर्देशक, कलाकारभन्दा पनि निर्मातालाई दिएका थिए। उनले भने- 'निर्माताको चरम व्यावसायिक सोचका कारण तपाईंहरूले राम्रो सिर्जना गर्न सक्नुभएको छैन, त्यो मैले पनि बुझेको छु।'

धेरै कलाकार एवं निर्देशकले आफ्नो पार्टीको समर्थन गरेकाले होला, नेता भट्टराईले कलाकारहरूको प्रशंसा गरे। आफ्ना बारेमा प्रशस्तै प्रशंसा सुनेपछि होला, कलाकारहरू मख्ख परेर ताली बजाउँदै थिए। कुराकानीका क्रममा भट्टराईले भने- 'अब यो क्षेत्रलाई उद्योगको मान्यता दिनुपर्छ।' तर उनी स्वयं अर्थमन्त्री भएको बेला किन उद्योगको मान्यता नदिएको भनेर कसैले सोधेनन्। पछाडी लाइनमा बसेका कलाकारहरू भने जिस्कँदै थिए- 'भट्टराई सरलाई सोधौं न, तपाईंले त दिनुभएन अब कसले दिन्छ हामो चलचित्रलाई उद्योगको मान्यता ?'

## मोटोपनको छैन चिन्ता



नायिका दीपाश्री निरौलाको वजन कति होला ? यो प्रश्नको जवाफ दीपाश्रीबाहेक अरू कसैले दिन सक्दैन। यो जिज्ञासामा उनले ठट्टा गर्दै भनिन्- 'पहिले महिलाको उमेर नसोध्नु भन्थे, म चाहिँ महिलाको तौल नसोध्नु भन्छु।' अर्थात् दीपाले आफ्नो वास्तविक तौल बताइनन्। उमेर त झन् सोध्ने कुरै भएन। त्यसै पनि नेपाली नायिकाहरूको उमेर २५ वर्षभन्दा माथि बढ्दै बढ्दैन। उमेर नबढेर के भो त, दीपाको तौल बढेको त सबैले देखेकै कुरा हो। यद्यपि दीपाश्रीलाई आफ्नो तौल बढेको अर्थात् आफ्नो मोटोपनको कुनै चिन्ता छैन। 'दुब्ली-पातली, ख्याउटी हुनुभन्दा त मोटाएकै राम्रो नि,' उनी भन्छिन्- 'खाइलाग्दी रै'छ भन्छन्।' उनले मोटोपनको अर्को फाइदा पनि बताइन्। दुब्ला-पातलाहरू झरीमा भिजेको बेला मुसाजस्ता देखिन्छन्, मचाहिँ हात्तीजस्ती देखिन्छु, हा हा हा...□

## • तीन प्रश्न •

सानो पर्दाका दर्शकका लागि सरोज केसी परिचित अनुहार हो। ऋषि लामिछानेको लोकप्रिय श्रृंखला 'परिचय' मा खलनायकका रूपमा अभिनय गरेर कलाकारको समेत छवि बनाएका सरोज खासगरी भिडियो जक्की (भिजे) का रूपमा चर्चित छन्। सरोजले क्षण, देश, पर्खाल, परिवर्तन, महाअमृत जस्ता एक दर्जनभन्दा बढी टेलिश्रृंखलामा अभिनय गरिसकेका छन्। अभिनयलाई रहरमा मात्र सीमित राखेको बताउने सरोजले भर्खरै एउटा चलचित्रमा पनि अभिनय गरेका छन्। छायांकन सम्पन्न भएको चलचित्र 'विजयपथ'मा सह-अभिनेताका रूपमा प्रस्तुत भएका सरोजले त्यसअघि भिडियो चलचित्र आक्रोश मा नायकको भूमिका निर्वाह गरेका थिए। च्यानल नेपालको सांगीतिक कार्यक्रम हेल्लो ले उनलाई भिजेका रूपमा स्थापित गरेको थियो। लहर, सिनेमा संगीत, फुल स्क्रिन, पप यात्रा, फिफ्टी फिफ्टी, टी टक शो उनले यसअघि सञ्चालन गरेका केही मुख्य टेलिभिजन कार्यक्रम हुन्। अहिले उनी समाचारमूलक च्यानल सगरमाथा टेलिभिजनमा भिजेका रूपमा आबद्ध छन्। पछिल्लो समयमा सगरमाथा टेलिभिजनका एसटिभी च्याट, मनोरञ्जन एकसाथ मुभी एक्सप्रेस तथा अंक गणितीय ज्योतिष विद्यामा आधारित गेम शो थिच्नुस् अनि जित्नुस मार्फत साताामा चार पटक दर्शकमाझ पुगिरहेका सरोजसँग साप्ताहिकको तीन प्रश्न :



**तपाई आफूलाई कलाकार भन्न रुचाउनुहुन्छ कि भिडियो जक्की ?**

कलाकारिता गर्दै हुर्किएकाले म कलाकारकै रूपमा चिनिन रुचाउँछु। यद्यपि कलाकारिता मेरो रुचि मात्र हो भने भिजेचाहिं पेसा।

**दर्शकले तपाईंको अभिनय मन पराएका छन् कि उद्घोषण ?**

मैले अभिनय गरेका अधिकांश टेलिश्रृंखला दर्शकले मन पराएका कारण कलाकारका रूपमा त मन पराएकै छन्, साथै मैले सञ्चालन गरेका कार्यक्रममा पनि दर्शक सहभागिता राम्रो हुने भएकाले भिजेमा पनि मन पराएका छन् जस्तो लाग्छ।

**अभिनय गर्न गाह्रो कि कार्यक्रम सञ्चालन गर्न ?**

आफ्नो स्थानमा दुवै कार्य उत्तिकै गाह्रो तथा महत्त्वपूर्ण छन्, तर रुचिको हिसाबले अभिनय गर्दा मजा आउँछ।

## डेटिङ

सुमन सिंह (नायक)



### • मेरो अनुभव •

म यो मामिलामा अलिक कच्चा छु। चलचित्रको नायक भए पनि यस्ता कुरामा म नर्भस हुन्छु। अहिलेका युवाहरूमध्ये कसका प्रेमिका नहोलान् ? मेरी पनि प्रेमिका छिन्। चलचित्र क्षेत्रमा आएदेखि नै मेरो उनीसंग प्रेम चलिरहेको छ। उनी मेरो क्षेत्रकी होइनन्, अहिले नै नाम सार्वजनिक नगरौं, तर उनी नै मेरो 'वान एन्ड वन्ली डेटिङ पार्टनर' हुन्। पहिलो पटक उनीसँग भेट्दा उनीभन्दा म बढी नर्भस भएको थिएँ। साधारणतया मानिसहरू 'डेटिङ' भन्नेबित्तिकै 'एक्साइटेड' हुँदा रहेछन्। मलाई भने उनलाई भेट्ने क्रम बढ्न थालेपछि त्यसैलाई 'डेटिङ' भनिँदो रहेछ भन्ने थाहा भयो। त्यसैले म 'डेटिङ' भन्ने शब्द प्रयोग गर्न चाहन्नँ, त्यो मात्र भेटघाट हो। केटा-केटीहरू डेटिङ गएको देखेको छु। उनीहरूको मुखबाट यो शब्दको प्रयोग भएको पनि पाएको छु। छायांकनका क्रममा रमणीय स्थानहरूमा पुग्दा युवा-युवतीहरू आलिंगनमा बाँधिएर बसेको देखेको छु। मलाई सार्वजनिक स्थानमा प्रेमालाप गरेर आफ्नो 'डेटिङ'लाई सस्तो बनाएको मन पर्दैन। प्रेमालाप भनेको दुई मन मिल्ने जोडीबीचको अन्तरंग कुरा हो, जसलाई दुनियाका सामुन्ने देखाउनु ठीक होइन। म उनीसँग काठमाडौंका केही रेस्टुराँमा कफी खाँदै एकाध घण्टा बिताउन मन पराउँछु। दुई-चार पटक हामी सिनेमा हेर्न पनि गएका छौं। मेरो 'फेभरेट डेटिङ डेस्टिनेसन' ठमेलको हेलिनाज रेस्टुराँको सबैभन्दा माथिल्लो तलामा रहेको क्याफे हो, जहाँ बसेर काठमाडौं उपत्यका हेर्दै बात मार्न रमाइलो हुन्छ। उनीसँग म प्रायः चलचित्र क्षेत्रकै कुरा गर्छु। विवाह गर्ने कुरा आपसी अन्डरस्ट्यान्डिङमा हुने भएकाले जब हामी चाहन्छौं, त्यतिबेला हुन्छ भन्ने तय छ, त्यसैले हामी यो विषयमा त्यति कुरा गर्दैनौं। हाम्रो प्रेम स्वच्छ र विश्वासमा टिकेको छ। प्रेमका नाममा छाडापन देखाउनेहरू मलाई मन पर्दैनन्। 'डेटिङ' अर्थात् भेटघाटलाई सस्तो र छाडा नबनाउन म सबैसँग अनुरोध पनि गर्छु।



# यतीको खोजीमा

डिजिटल प्रविधिमा निर्माण गरिएको चलचित्र 'यतीको खोजीमा' को प्रदर्शन नेपालका चलचित्र भवनहरूमा डिजिटल प्रविधि जडान नभैसकेकाले ढिलाइ भैरहेको थियो। हाल क्युब डिजिटल सिनेमाले नेपालका विभिन्न हलमा डिजिटल सिस्टम जडान गरिसकेको हुँदा भदौको अन्तिम साता यो चलचित्र नेपालभर एकसाथ प्रदर्शन हुँदैछ। यो चलचित्रले पैसाको प्रलोभनमा परेर देशका रहस्यमय जीवजन्तुहरूको विनाश गर्नु हुँदैन भन्ने सन्देश बोकेको छ। नेपालको हिमाली भेगमा रहेको यतीसँगको संघर्षका साथै एक्सन, फ्रिक्सन, सस्पेन्स, थ्रिलर, संस्कृति, मनोरञ्जन र आकर्षक दृश्यहरूले भरिपूर्ण यो चलचित्र यसअघि दक्षिण कोरियाको आन्सान सहरमा सफलतापूर्वक प्रदर्शन गरिएको थियो। सन्तोष ढकालले निर्देशन गरेको यो चलचित्र नेपाली चलचित्रको इतिहासमै पहिलो पटक रहस्यमय हिममानव यतीलाई एनिमेसनद्वारा प्रस्तुत गरिएको छ। ४ हजार ६ सय मिटरको उचाइमा द्वन्द्वका दृश्यहरू छायांकन गरिएको  यो पहिलो नेपाली चलचित्रको अन्य पक्ष ५ दशमलव १ सराउन्ड साउन्ड, भर्जिन लोकेसनले दर्शकहरूलाई अझ बढी आनन्द र सन्तुष्टि दिने कुरामा नायक तथा निर्माता लक्ष्मण बस्नेत विश्वस्त छन्।

नेपाली संस्कृति तथा नेपाल र नेपाली चलचित्रलाई विदेशमा समेत चिनाउने उद्देश्य लिएर बनाइएको 'यतीको खोजीमा' मा कन्हैया सिंहको संगीत, गोविन्द प्रभातको नृत्य, सुमन तन्डुकारको छायांकन, प्रज्वलित पराजुलीको सम्पादन तथा स्वामी कृष्णको कथा छ। नायिकाको भूमिकामा अमेरिकी नागरिक पामेला सान्टरेली छिन् भने अन्य प्रमुख कलाकारमा दिव्यश्वर गौतम, सुनिता गन्धर्व, स्वामी कृष्ण, पेमा शेर्पा आदि छन्।

# किसान



बलिउडमा यो साता प्रदर्शन हुने चलचित्र 'किसान' को निर्माण सोहेल खान प्रोडक्सनको ब्यानरमा भएको हो। सामाजिक विषयवस्तुमा आधारित यो चलचित्रको निर्देशन पुनीत सिराले गरेका छन्। चलचित्रमा ज्याकी श्राफ, सोहेल खान, अरबाज खान, दिया मिर्जा, नौहिद कुरैसी, दिलीप ताहिल आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। डब्बू मलिकद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरू सिद्धार्थ सिंह, सुनिधि चौहान, शान, श्रेया घोषाल, रूपकुमार राठौर आदि गायक-गायिकाले गाएका छन्। चलचित्रमा कृषि पेसामा संलग्न किसानहरूको जीवनशैली चित्रण गरिएको छ। चलचित्रको कथाअनुसार दयाल सिंह (ज्याकी श्राफ) पञ्जाबका एक किसान हुन्। उनी आफ्नो पुर्ख्यौली जमिनमा खेती गर्छन्। उनले आफ्ना दुई छोरा अमन (अरबाज खान) तथा जिगर (सोहेल खान) लाई छुट्टा-छुट्टै तरिकाले हुर्काएका छन्। अमन तथा जिगर दुवैको स्वभाव एक-अर्कासँग मिल्दैन। अमन हरेक कार्य गर्नुअघि राम्रोसँग विचार गर्छन्, अर्कातिर जिगर सोचविचार नै नगरी सबै काम गर्छन्। दयाल सिंह आफ्नो हैसियतअनुसार एउटा छोरालाई वकिल तथा अर्को छोरालाई किसान बनाउन चाहन्छन्।

सोहन सेठ (दिलीप ताहिल) उद्योगपति हुन् जो सोझा किसानहरूलाई पैसाको लोभ देखाउँदै जमिन हत्याउन चाहन्छन्। यो कार्यका लागि उनले गाउँकै एक गुन्डा निर्मल (रोमियो) को सहयोग लिन्छन्। यो सबै प्रकरणमा दयाल सिंहको परिवार पनि अछुतो हुँदैन। हकको यो लडाइँको बेला उनको परिवार दुई भिन्न विचारमा बाँडिन्छ। यो परिस्थितिको फाइदा उठाउँदै सोहन सेठले अमनलाई उनकै परिवारको विरुद्ध उभिन बाध्य तुल्याउँछ। सोहन सेठका विरुद्धमा जिगर तथा दयाल सिंह एकसाथ लड्न तयार हुन्छन्। के अमनले पारिवारिक सम्बन्धको महत्त्व बुझ्छन् ? के सोझा किसानहरू उद्योगपतिको चंगुलबाट छुट्कारा पाउन सफल हुन्छन् ? चलचित्रको अन्त्यमा यही कुरालाई आकर्षक ढंगले चित्रण गरिएको छ। बलिउडमा आज शुक्रबार नै 'ड्याडी कुल', 'लभ खिचडी', 'क्विकगन मुरुगन', 'शाबास यु क्यान डु इट' तथा 'टस' गरी थप पाँच नयाँ चलचित्र सार्वजनिक हुँदैछन्।

# द फाइनल डेस्टिनेसन



हलिउडमा यो साता सार्वजनिक प्रदर्शन हुने चलचित्र 'द फाइनल डेस्टिनेसन' लाई चलनचल्तीको भाषामा भूतको चलचित्र भन्न सकिन्छ। साइन्स फिक्सन, फेन्टासी तथा सस्पेन्स-थ्रिलर श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन डेभिड रिचार्ड इलिसले गरेका हुन्। चलचित्रमा बबी क्याम्पो, शान्टेल भान सान्टेल, निक जानो, माइकेल्टी विलियमसन, क्रिस्टा एलेन आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। दुई घण्टा लामो यो चलचित्रको विश्वव्यापी प्रदर्शन वार्नर ब्रोज पिक्चर्सले गर्दैछ। अमेरिकाको लुजियाना तथा न्यू अर्लेन्समा छायांकन गरिएको यो चलचित्रलाई 'फाइनल डेस्टिनेसन-४' का रूपमा पनि प्रचार गरिँदैछ। यही शिर्षकमा यसअघि तीनवटा चलचित्र निर्माण भैसकेका छन्।

निक ओ'बाननले देखेको डरलाग्दो सपनाका आधारमा चलचित्रको कथा अघि बढ्छ। उनी आफ्नो सपनामा एउटा भूतलाई देख्छन् जसले थुप्रै प्रकारका विध्वंस मच्चाउँछ। सपनामा देखेको भूतले निक, उनकी प्रेमिका लोरी तथा उनका साथीहरूलाई समेत मार्न थालेपछि उनी वास्तविक जीवनमै त्रसित हुन्छन्। सपनामा देखेको कुरा वास्तविक जीवनमा समेत दोहोरिन थालेपछि उनी आफ्नी प्रेमिका तथा साथीहरूलाई लिएर सुरक्षित स्थलतर्फ लाग्छन् तर विडम्बना, त्यो भूतले उनीहरूलाई वास्तविक जीवनमै सुरक्षित हुन दिँदैन। निकले एकपछि अर्को गर्दै आफ्ना साथीहरू गुमाउन थाल्छन्। अन्त्यमा उनलाई प्रेमिका तथा आफ्नो जीवन जोगाउन मुस्किल पर्छ। चलचित्रका नायक न हुन्, निकले आफूसँगै आफ्नी प्रेमिकालाई मात्र जोगाउँदैनन्, त्यो डरलाग्दो पात्रको अन्त्य गरेर भविष्यमा हुने सम्भावित दुर्घटनासमेत टार्छन्।

## ● सानो पर्दा ●

### हर्के उर्फ धुर्मुस

सीताराम कट्टेललाई उनको वास्तविक नामबाट कमैले चिन्छन्। हास्य श्रृंखला 'मेरी बास्सै' मा धुर्मुसको रूपमा प्रस्तुत भएकाले होला दर्शकहरू उनलाई धुमुर्सकै नामबाट चिन्छन् तर पछिल्लो केही सातायता उनलाई एउटा विज्ञापनमा 'हर्के' बनाइएको छ। रेडियो, टेलिभिजन तथा पत्रपत्रिकामा अहिले हर्केको चर्चा छ। हर्केलाई हसाउँने व्यक्तिलाई पुरस्कारको समेत घोषणा गरिएकाले अहिले उनलाई हँसाउन चाहनेहरू चुट्किला लेखिरहेका छन्। हर्केका रूपमा सञ्चारमाध्यममा छाएका धुमुर्स भन्छन्– 'मेरी बास्सैको लोकप्रियताका कारण मोडल बन्न पाएकोमा खुसी छु।'

### कान्तिपुरमा न्यू इन्ट्री


कान्तिपुर टेलिभिजनबाट नयाँ सांगीतिक कार्यक्रम 'न्यू इन्ट्री' को प्रसारण प्रारम्भ भएको छ। प्रत्येक दिन साँझ ४:३० बजेदेखि ५ बजेसम्म प्रसारण हुने यो कार्यक्रममा बजारमा आएका नयाँ गीति संग्रहका म्युजिक भिडियोहरू प्रसारण गरिन्छ। भिडियो जक्की विनाको यो कार्यक्रममा नेपाली चलचित्रका गीतहरू पनि प्रसारण गरिन्छ।

### म्युजिक भिडियोमा व्यस्त

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेका दुई टेलिश्रृंखला 'कलेज' तथा 'घरपेटी बा' का लोकप्रिय कलाकार हुन् सविन श्रेष्ठ। 'कलेज' मा विद्यार्थीका रूपमा प्रस्तुत भएपछि उनका प्रशंसकहरू ह्वात्तै बढेका छन्। यसबीच सविनलाई म्युजिक भिडियोमा समेत देख्न थालिएको छ। उनले मोडलिङ गरेका दुई भिडियो अहिले चर्चामा छन्। गायिका दुर्गा खरेलको 'किन किन...' तथा आगन्तुक खरेलको 'बयरबोटैमा...' गीतका भिडियोका कारण सविनलाई थप नयाँ भिडियोबाट पनि प्रस्ताव आउन थालेको छ।

### आउँदैछ नयाँ च्यानल

नेपाली दर्शकले चाँडै नै एउटा नयाँ नेपाली च्यानल हेर्न पाउने भएका छन्। आगामी असोज महिनादेखि प्रसारण प्रारम्भ हुने न्यूज नेपाल टेलिभिजन मार्फत्



दर्शकले चौबीसै घन्टा समाचार तथा समाचारमूलक कार्यक्रमबाट मनोरञ्जन लिन पाउने भएका हुन्।

### नयाँ सांगीतिक कार्यक्रम

नेपाल टेलिभिजन-२ मा नयाँ सांगीतिक कार्यक्रम प्रसारण हुने भएको छ। प्रत्येक दिन बिहान ७ बजेदेखि ८:१५ बजेसम्म प्रसारण हुने उक्त कार्यक्रममा विभिन्न गीत-संगीतका म्युजिक भिडियो तथा संगीतकर्मीहरूसँगको अन्तर्वार्ता प्रसारण गरिनेछ। दिनेश डिसीद्वारा निर्माण गरिने उक्त कार्यक्रममा सांगीतिक गतिविधिहरू समेत समेटिने बताइन्छ।

### अबुधाबीमा नेपालसम्बन्धी वृत्तचित्र

नेपालको पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउन अबुधाबी टिभीको युनिटलाई नेपाल पठाई नेपालका ऐतिहासिक तथा पर्यटकीय स्थान आदिका विभिन्न दृश्य खिचेर ल्याइएको र अक्टुबरबाट नेपालसम्बन्धी वृत्तचित्र अबुधाबी टिभीमार्फत प्रसारण हुने युएईका लागि नेपालका राजदूत अर्जुनबहादुर थापाले बताएका छन्।


कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन

नेपाली नारीको अभिन्न संगी

प्रत्येक महिना हरेक घरमा



## जम्का भेट

नेपाली चलचित्र क्षेत्रमा वीरेन श्रेष्ठ नायकका रुपमा स्थापित छन्। 'नाम के हो ?' चलचित्रबाट चिनिएका वीरेनले अभिनय गरेका अधिकांश चलचित्र दर्शकले मन पराएका छन्। ५ फिट १० इन्च अग्ला यी नायकले चलचित्रमा अभिनय गर्दा-गर्दै गत वर्षदेखि चलचित्र निर्माणमा पनि हात हालेका छन्। तनहुँका स्थायी बासिन्दा वीरेनले निर्माण गरेको पहिलो चलचित्र 'मिस्टर मंगले' काठमाडौंबाहिर राम्रो व्यावसाय पनि गरिसकेको छ। असोज महिनामा वितरण गरिने दोस्रो केटिभी चलचित्र एवार्डका लागि अघिल्लो बिहीबार घोषित मनोनयन सूचीमा वीरेनकै चलचित्र 'मिस्टर मंगले' सर्वाधिक २१ विधामा मनोनत भएको छ।



**मिस्टर मंगले २१ विधामा मनोनयन भएको थाहा पाउनेबित्तिकै के गर्नुभयो ?**

सबैभन्दा पहिले भगवान्लाई धन्यवाद दिएँ। त्यसपछि आफूले इमान्दारीपूर्वक गरेको मेहनत सार्थक भएकोमा चलचित्रसँग सम्बन्धित सम्पूर्ण कलाकार तथा प्राविधिकहरूलाई मनमनै धन्यवाद तथा बधाई दिएँ।

**सर्वाधिक विधामा मनोनीत भएको मिस्टर मंगलेमा त्यस्तो खास के छ ?**

सबैलाई आफ्नो सन्तान प्यारो लाग्छ। 'मिस्टर मंगले' पनि मलाई सन्तानजत्तिकै प्यारो छ। बाँकी रहयो चलचित्रमा के छ भन्ने कुरा, चलचित्रको कथा, पटकथा तथा संवाद उत्कृष्ट छ। सबै कलाकारले स्तरीय अभिनय गरेका छन्। कर्णप्रिय गीत-संगीत तथा प्रशस्त मनोरञ्जन चलचित्रको अर्को विशेषता हो।

**मिस्टर मंगलेको विषय कस्तो छ ?**

भर्जिन लोकेसनमा छायांकन गरिएको यो चलचित्रको विषय पृथक् छ। औसत नेपाली चलचित्रमा देखिने भन्दा केही भिन्न अर्थात् मौलिक विषयलाई आधुनिक रूप प्रदान गरिएको छ। त्यसबाहेक त्रिकोणात्मक प्रेमकथा तथा हास्यव्यंग्यात्मक शैली पनि चलचित्रको अर्को आकर्षक पक्ष हो।

**कतिवटा एवार्ड पाउने अपेक्षा गर्नुभएको छ ?**

सर्वाधिक विधामा मनोनयनमा पर्नु नै मेरा लागि ठूलो एवार्डजस्तो भएको छ। सबैभन्दा बढी विधामा मनोनीत भएपछि एवार्ड पनि सबैभन्दा धेरै जित्न सफल हुन्छ भन्ने लागेको छ।

**तपाई निर्माणमा सक्रिय हुने कि अभिनय पनि गरिरहने ?**

अभिनय मेरो पहिलो प्राथमिकतामा पर्छ। यो चलचित्रमा पनि मैले मिस्टर मंगलेको शीर्षक भूमिका निर्वाह गरेको छु। अभिनय गरेरै यो स्थानसम्म आइपुगेकाले यसलाई निरन्तरता दिन्छु, साथै वर्षमा एउटा राम्रो चलचित्र पनि निर्माण गरिरहनेछु।

## केवल एक प्रश्न



# 'हट डेटिङ' मा कस्तो
## पहिरन लगाउन रुचाउनुहुन्छ ?

अँ... हट डेट भनेपछि त आफू पनि हट नै भएर जानुपर्‍यो नि हैन ? म सारीमा सेक्सी देखिन्छु भन्छन्। त्यसैले सारी र सेक्सी देखिन ब्लाउज अथवा शरीरमा फिट हुने इभिनिङ गाउन लगाएर जान्छु।

**ऋचा घिमिरे (नायिका)**

त्यस्तो डेटिङमा त अहिलेसम्म गएको छैन, तर जानैपर्ने भयो भने म डीएनजीको पर□युम छर्केर जान्छु। त्यसको बास्ना नै मन बहलाउन पर्याप्त छ।

**सबी कार्की (मोडल/भिजे)**

अहिलेसम्म डेटिङमै नगएको व्यक्तिसँग यस्तो प्रश्न सोध्नुभयो, अब जवाफ कसरी दिने ? तपाईंले भनेजस्तै हट डेटिङमा जानुपर्‍यो भने म क्याजुअल वेयरमा हुन्छु।

**दिनेश शाही (मिस्टर राजधानी)**

रमाइलो प्रश्न □ त्यस्तो डेटिङमा जाने मौका मिल्यो भने त्यसको कम्तीमा एक महिना अघिदेखि जिम गर्न जान्छु। शरीर बनाउनुपर्‍यो नि □ त्यसपछि म सलमान खानको जस्तै ड्रेस अप गर्छु..तपाईंलाई थाहा छ नि सलमानले माथि केही पनि लगाउँदैन... हा हा हा।

**सुजिल कर्माचार्य (गायक)**

डेटिङमा ? ओहो... कस्तो प्रश्न सोध्नुभएको ? म डेटिङमा मात्र होइन, सामान्य अवस्थामा पनि प्रायः स्कर्ट र टिसर्ट लगाउन मन पराउँछु। हट डेटिङमा त अझ हट देखिने पहिरन लगाउनु परिहाल्यो नि....हैन ?

**ब्रिटिशा अधिकारी (मोडल)**

## • साताको स्वर •



### दुर्गा खरेल

**किन-किन उनीलाई.... पहिलो आइटम गीत भन्दिैछ नि ?**
चलचित्रको जस्तो आइटम त होइन, तर मेलोडियस आइटम गीतचाहिं पक्कै हो ।

**गीत लोकप्रिय हुन्छ भन्ने सोच्नुभएको थियो ?**
मेहनत गरेअनुसार श्रोताले मन पराउँछन् भन्ने थियो, तर एक महिनाभित्रै यत्तिको लोकप्रिय होला भन्नेचाहिं सोचेकी थिइनँ ।

**स्वरमा कामुकता झल्किएकाले श्रोताले मन पराएका हुन् नि ?**
कतिपय श्रोताले मेरो स्वरमा कामुकता झल्कन्छ भनेका छन् । वास्तवमा त्यो गीतमा जुन स्वर सुनिन्छ, त्यसमा मेरो मौलिकता छ ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
मेलोडियस आइटम गीत भएकाले सम्पूर्ण गीतमै नयाँपन छ ।

**म्युजिक भिडियोमा तपाईंको अभिनयको प्रतिक्रिया कस्तो छ ?**
अर्जुन अधिकारीको निर्देशनमा बनेको यो भिडियोबाट सकारात्मक प्रतिक्रिया पाएकी छु तर मैले भन्दा पनि निशा अधिकारी र सविन शाक्यले राम्रो अभिनय गर्नुभएको छ ।

## • म्युजिक अपडेट •

### यश कुमारको व्यापार

गायक यश कुमार आफ्नो रेस्टुराँ बन्द गरेर सुनको व्यापार गर्न थालेका छन् । मैतीदेवीमा उनले सञ्चालन गरेको सुनपसलको अघिल्लो साता नायिका रेखा थापाले रिबन काटेर उद्घाटन गरिन् । मैतीदेवी प्लाजास्थित रिदम गोल्ड ट्रेड सेन्टरका मालिक गायक यश कुमारले उक्त पसलमा सुनका सबै किसिमका गहना उपलब्ध भएको जनाएका छन् । यसअघि उनले दरबारमार्गमा रिदम प्यालेस रेस्टुराँ सञ्चालन गरेका थिए । यसबाहेक उनी अहिले चलचित्र 'बाटोमुनिको फूल' को निर्माणमा पनि सक्रिय छन् । 'गायन, चलचित्र निर्माण तथा सुन व्यवसायलाई एकैसाथ अघि बढाउने निर्णय गरेको छु' गायक यश कुमारका अनुसार सुनपसल सञ्चालन गर्न उनलाई अर्का कलाकार राजेश घतानीले सहयोग गरेका छन् ।

### गीतकारलाई राष्ट्रिय पुरस्कार

नेपाली गीत-संगीत क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका हेटौंडाका अग्रज संगीतकर्मी भीम विराग श्रेष्ठलाई यस वर्षको राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरिएको छ । ७४ वर्षीय विरागलाई संस्कृति मन्त्रालयले यो पुरस्कार प्रदान गरेको हो । पुरस्कारको राशि १ लाख रुपैयाँ छ । विरागका गीतिसंग्रह, कविता, कथा, खण्डकाव्य, संस्मरण, महाकाव्यसहित दर्जनभन्दा बढी कृति प्रकाशित छन् भने दुईवटा गीतिसंग्रह पनि श्रोतामाझ आइसकेका छन् । पुरस्कार सिफारिस समितिका सदस्य उत्तम नेपालीका अनुसार क्षेत्रीय तथा अञ्चलका आधारमा थप नौ प्रतिभाले यो पुरस्कार पाएका छन् । पुरस्कार पाउनेमा बुँद राना (गीत/गजल), नारायणदेवी प्रधान (नृत्य), निशा शर्मा (नाटक), भुवन चन्द (अभिनय), दुर्गा बराल (चित्रकला), बुद्धि गुरुङ (चित्रकला), लय मैनाली (मूर्तिकला), ताराप्रसाद ओझा (मूर्तिकला) तथा एससी सुवेदी (मिथिला लोककला) छन् । यो पुरस्कार राशि जनही ५० हजार रुपैयाँ छ ।

### नाचौंला संगीको विमोचन

भर्खरै सकिएको तीजका अवसरमा नेपालगन्जस्थित ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्रले तयार पारेको दोस्रो गीतिसंग्रह 'नाचौंला संगी तीजमा' बजारमा आएको छ । 'तीजलाई नाचगानमा मात्र सीमित नराखौं' भन्ने नाराका साथ आयोजित तीज नृत्य कार्यक्रममा गायक प्रेमप्रकाश मल्ल तथा महेन्द्र मधुकरले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका थिए । संग्रहमा बटुवा तथा निर्मला बीसीले गाएका गीतहरू समावेश गरिएका छन् । कार्यक्रममा गायक बटुवालाई सम्मानितसमेत गरिएको थियो । केन्द्रले गत वर्ष 'तीजको झंकार' शीर्षकको पहिलो गीतिसंग्रह सार्वजनिक गरे।

### शम्भुजितको नौलो रेकर्ड

संगीतकार शम्भुजित बाँस्कोटाले एउटै गीत गाएको १५ हजार रुपैयाँ पारिश्रमिक लिएर चलचित्र संगीतमा नौलो रेकर्ड कायम गरेका छन् । आफ्नै संगीतमा रेकर्डिङ भैरहेको शोभित बस्नेतको चलचित्र 'राज' को 'घरमा हेऱ्यो...' गीतका लागि बाँस्कोटाले अहिलेसम्मकै सर्वाधिक पारिश्रमिक लिएका हुन् । सामान्यतः नेपाली गायक-गायिकाले एउटा गीत पाएको ५ हजारदेखि १० हजार रुपैयाँ पारिश्रमिक लिन्छन् । बलिउडमा व्यस्त उदितनारायण झाले नेपाली चलचित्रको गीत गाउँदा पनि एउटा गीतको १० हजार रुपैयाँभन्दा बढी लिएका छैनन् । बाँस्कोटासँगै उक्त गीतमा पपगायक राम श्रेष्ठले पनि स्वर प्रदान गर्नेछन् । 'नयाँ गायकलाई मौका दिन म गीत नै नगाउने भनेर बसेको थिएँ,' संगीतकार बाँस्कोटा भन्दै थिए– 'निर्माता-निर्देशकले गीतमा मेरै स्वर राख्नुपर्छ भनेर जिद्दी गरेपछि पारिश्रमिक बढाएको हुँ ।'

### दुई चलचित्रको गीत रेकर्डिङ

लोकनाथ सापकोटाको संगीत निर्देशनमा चलचित्र 'साहसी' को गीत रेकर्डिङ सम्पन्न भएको छ भने संगीतकार चेतन सापकोटाको संगीतमा चलचित्र 'बधाई छ तिमीलाई' को रेकर्डिङ पनि यसै साता प्रारम्भ भएको छ । चलचित्र 'साहसी' का चार गीतमा राजेशपायल राई, अञ्जु पन्त तथा शर्मिला गुरुङले स्वर प्रदान गरेका छन् । 'बधाई छ तिमीलाई' मा पनि चारवटै गीत समावेश गरिनेछ । यो चलचित्रका गीतमा राजेशपायल राई, अञ्जु पन्त तथा संगीतकार सापकोटाको स्वर रहनेछ ।

### लमजुङमा हिमाल

गायक हिमाल सागर गत शुक्रबार लमजुङमा आयोजित सांगीतिक कार्यक्रममा सहभागी भए । कार्यक्रममा उनी अर्का गायक तिलकबम मल्ल तथा सुलेमान शंकर 'इकु' सँगै त्यहाँ पुगेका हुन् । कार्यक्रममा दुवै गायकले आधा दर्जनभन्दा बढी गीत प्रस्तुत गरेका थिए ।

### रामेछापमा तीज कन्सर्ट

तीजको अवसर पारेर गत शनिबार रामेछापको मन्थलीमा आयोजित तीज विशेष कार्यक्रममा राजधानीबाट गएका गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरे । कार्यक्रममा गायिका अञ्जु पन्त, गायक डिजराज पौडेल, रूपक डोटेल तथा कविराज निरौलाले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेर स्थानीय दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए ।

### एमम्युजको विवाद

ललितकला क्याम्पसमा यसै वर्षदेखि अध्ययन गर्न सकिने एमम्युजको (संगीतमा स्नातकोत्तर) अध्यापन विवादमा तानिएको छ । एमम्युजको विवाद अहिले डिन कार्यालयमा पुगेको छ । संगीतको उच्च शिक्षाको भर्नामा विवाद उत्पन्न भएपछि ललितकला, रत्नराज्य तथा पद्मकन्या क्याम्पसका संगीत शिक्षकहरूको विषय समितिले आ-आफ्ना सुझाव संकलन गरी डिनको कार्यालयमा पुऱ्याएका छन् । १९ जना शिक्षक रहेको उक्त समितिले एक महिनाअघि नै डिन कार्यालयमा सुझाव बुझाइसकेको बताइन्छ । होमनाथ उपाध्याय, रामशरण दर्नाल तथा चन्द्र श्रेष्ठको संगीत विशेषज्ञ समितिले पनि आफ्नो सुझाव डिन कार्यालयमा बुझाइसकेको छ । २०३३ सालदेखि संगीतको अध्यापन प्रारम्भ गरेको ललितकला क्याम्पसबाट हालसम्म करिब ६० विद्यार्थीले स्नातक तह उत्तीर्ण गरिसकेका छन् । यस वर्षदेखि स्नातकोत्तर तहको अध्यापन प्रारम्भ भयो भने २६ जना विद्यार्थी त्यसमा सहभागी हुन सक्छन् ।

### अभाया पनि निर्णायक

आगामी महिनादेखि प्रारम्भ हुने सांगीतिक समूहबीचको प्रतिस्पर्धा 'स्प्राइट ब्यान्ड च्यालेन्ज-टु' मा गायिका अभाया सुब्बा निर्णायकका रूपमा सहभागी हुने भएकी छिन् । आयोजकहरूले सांगीतिक समूह अभाया एन्ड स्टिम इन्जिन्सकी यी गायिकालाई अघिल्लो वर्ष पनि निर्णायक बनाउने कसरत गरेका थिए, तर त्यसबेला सिक्किममा सांगीतिक कार्यक्रम प्रस्तुत गर्नुपर्ने भएकाले उनी सहभागी भइनन् । यसपटकको ब्यान्ड च्यालेन्जमा अभाया देव राना तथा रोबिन तामाङसँगै नयाँ-नयाँ सांगीतिक समूहको मूल्यांकनमा व्यस्त हुनेछिन् ।

## • अफबिट •



दोलालघाटमा छमछम : गायक निरज केसीको 'दुई चुल्ठी' गीतको म्युजिक भिडियोमा अभिनय गरिरहेका सविन श्रेष्ठ तथा सब्बु पुरीलाई नृत्य गर्न सिकाउँदै निर्देशक नवराज आचार्य ।

## • नजिकबाट •



### कमल क्षेत्री

| | | |
|---|---|---|
| जन्ममिति | : | जेठ १७ गते |
| जन्मस्थान | : | हेटौंडा |
| घरमा बोलाउने नाम | : | मनु |
| परिचय | : | गायक, संगीतकार |
| रुचि | : | गीत सुन्ने, घुम्ने, पढ्ने |
| प्रकाशित एल्बम | : | द लाफा, नाच न |
| मनपर्ने रंग | : | कालो, सेतो, नीलो |
| मनपर्ने पहिरन | : | जिन्स, टिसर्ट |
| मनपर्ने मौसम | : | हिउँद |
| मनपर्ने खेल | : | फुटबल, क्रिकेट |
| फुर्सदमा | : | नेटमा बस्ने, धुन कम्पोज गर्ने |
| मनपर्ने गीत | : | सम्बोधन तिमीलाई |
| पहिलो गीत | : | जलाइदिएँ |
| पहिलो एल्बम | : | नाचन |
| पहिलो चर्चित गीत | : | नाच न |
| पहिलो बाजा | : | गिटार |
| राम्रो बानी | : | सबैलाई सम्मान र माया गर्ने |
| नराम्रो बानी | : | चाँडै विश्वास गर्ने |
| गोप्य कुरा | : | गोप्य नै राखौं |
| अन्य प्रतिभा | : | गीत-रचना एवं पत्रकारिता गर्छु |

## • ब्यान्ड •



### क्रर्स अफ ब्लड

ब्लाक मेटलको स्वाद चखाउने उद्देश्य लिएर २०६५ सालमा स्थापना भएको धरानको ब्यान्ड हो– मेटल ब्यान्ड क्रर्स अफ ब्लड । ६ जना मेटल संगीतप्रेमी युवा यसको निरन्तरताका लागि लागिपरेका छन् । अहिले उनीहरू नयाँ मेटल संगीतको एल्बम निकाल्ने तयारीमा छन् । छ जना सहकर्मीमध्ये विकास शर्मा भोकलिस्ट हुन् भने सचिन राई ड्रमर हुन् । लिडमा भीषण श्रेष्ठ छन् । बास गिटारिस्टमा शुक्रराज गुरुङ एवं रिदममा रोमन विक छन् । मेटलको किबोर्डिस्ट गौतम मगर छन् । धरानका विभिन्न ठाउँमा ब्लाक मेटल सुनाइसकेको यो ब्यान्ड धरानकै पहिलो ब्लाक मेटल ब्यान्ड भएको ब्यान्डका भोकलिस्ट विकास शर्माले बताए । आफ्नो समूह अंगेजी ब्यान्ड क्रार्डल अफ फिल्थ, ड्रिम थेटर, डिमु बर्गर वेहमोथ र स्यापुल्टेराबाट प्रभावित भएको बास गिटारिस्ट शुक्रराज गुरुङ बताउँछन् । ब्लाक मेटलमा रम्ने यो ब्यान्डले धरानको कुनै पनि स्टेज राम्रैसँग तताउने गरेको छ । उनीहरूको एउटै दुखेसो छ, मानिसहरूले हाम्रो संगीतलाई वास्ता गर्दैनन् र सहयोग पनि गर्न चाहँदैनन्, तर पनि हामीहरू यसलाई स्थापित गरेरै छाड्छौं ।




# सेक्स पार्टीलाई मान्यता

अस्ट्रेलियामा सन् २००८ देखि यौनका विविध पक्षलाई मुख्य मुद्दा बनाउँदै आएको 'अस्ट्रेलियन सेक्स पार्टी' लाई त्यहाँको निर्वाचन आयोगले राजनैतिक दलका रूपमा मान्यता दिएको छ। पछिल्लो पटक समलिङ्गी विवाहले कानुनी मान्यता पाउनुपर्ने, बालयौन दुराचारीविरुद्ध कडा कानुन बनाउनुपर्ने, इन्टरनेट पोर्नेग्राफीलाई कानुनी अपराधको घेरामा ल्याउनुपर्ने, चाइल्ड पोर्नेग्राफीलाई दण्डनीय अपराध घोषित गर्नुपर्नेदेखि यौनशिक्षालाई व्यवस्थित गर्नेजस्ता विभिन्न मागलाई सेक्स पार्टीले आफ्नो मुख्य मुद्दा बनाउँदै आएको छ। अस्ट्रेलियामा बालबालिकाहरूको निर्वस्त्र तस्बिर इन्टरनेटमार्फत सार्वजनिक भएपछि यो विषयमा आन्दोलन चलाएर अस्ट्रेलियन सेक्स पार्टीले जनताको ध्यान तानेको थियो।


'सेक्स' शब्दका कारण मान्यता दिन ढिलाइ भएको जनाउँदै त्यहाँको निर्वाचन आयोगले सेक्स शब्द आफैंमा नराम्रो नभएको बताएको छ। सेक्स पार्टीले अहिले आफ्नो नेताका रूपमा वयस्कहरूले प्रयोग गर्ने सामग्री बिक्रेता फियोना प्याटेनलाई अघि सारेको छ। फियोना भन्छिन्- सेक्स शब्दलाई आममानिसले नराम्रो शब्दका रूपमा लिन्छन्। यसलाई अन्य पार्टीले नकारात्मक मुद्दा बनाइरहेको अवस्थामा हामी यो शब्दप्रति सकारात्मक भावना जगाउनुका साथै सेक्सका राम्रा पक्षको सम्बर्द्धन गर्नेछौं।

● पहिलो विश्व ●

# लुगा लगाउनु नै राम्रो



गत आइतबार अमेरिकी महिलाहरूले पुरुषहरूले छाती देखाएर हिँड्न मिल्ने, महिलाहरूले किन नमिल्ने ? भन्ने विषयमा कानुनले महिला र पुरुषबीच विभेद गरेको भन्दै प्रदर्शन गरे। त्यसको ठीक विपरीत फ्रान्सका महिलाहरू भने समुद्री तटमा घाम ताप्दा शरीरलाई जति बढी छोप्यो त्यति कम हानि हुन्छ भन्ने अभियानमा छन्। फ्रान्सले सन् १९७० मा सेन्ट टोपाज समुद्री तटमा महिलाहरूलाई निर्वस्त्र भएर घाम ताप्न सकिने अनुमति दिएपछि यो क्षेत्र युरोपमै लोकप्रिय भएको थियो, तर हालै अर्काथरी महिलाहरू 'टु पिस विकिनी' लगाएर घाम ताप्नुभन्दा मोनोकिनी लगाएर घाम ताप्नु फाइदाजनक हुने तथ्यको प्रचारमा जुटेका छन्। घामबाट हुने 'सन वर्न' लगायत पराबैजनी किरणबाट हुने छालाको क्यान्सर नियन्त्रण गर्न पनि शरीरलाई ढाक्नु फाइदाजनक हुने उनीहरूको दाबी छ। महिलाहरूको यो अभियानलाई कतिपयले पुरातन युगमा फर्कन खोजेको भन्दै त्यसको आलोचना गरेका छन्।



## बालबालिकाको इन्टरनेट सर्फिङ

बालबालिकाहरूको बढ्दो इन्टरनेट रुचिसँगै उनीहरूको आकर्षण यौनजन्य सामग्रीहरूप्रति बढ्दै गएको छ। नोर्टनको सिमेन्टिक अनलाइन फेमिलीले सन् २००८ फेब्रुअरीदेखि जून २००९ सम्म बालबालिकाले इन्टरनेट प्रयोग गर्दा हेरेका वेबसाइटहरूको ट्र्याकिंग गर्दा यस्तो तथ्य सार्वजनिक भएको हो। बालबालिकाले यो अवधिमा ३५ लाख सामग्री खोजेका थिए, जसमा उनीहरूले युट्युब, गुगल र फेसबुक सर्वाधिक खोजेका थिए। त्यसपछि उनीहरूले 'सेक्स' टाइप गरेर सामग्री खोजेका थिए भने माईस्पेसपछि उनीहरूले 'पोर्न' सामग्रीहरू खोजेका थिए। घरको इन्टरनेटमा बालबालिकाले के गरिरहेका छन् भन्ने कुराको जानकारी नराख्ने अविभावकहरूलाई यो तथ्यले नयाँ चुनौती दिएको छ।

## अन्त्यमा...

बेलायतको एक पसलले सस्तोमा गर्भ परीक्षण उपकरण बिक्री गर्न थालेपछि युवतीहरूमा कलिलै उमेरमा असुरक्षित गर्भधारण गर्ने चाहना बढ्ने अनुमान गरिएको छ। वेस्ट ससेक्स क्षेत्रमा रहेको उक्त पसलमा दुई उत्पादक कम्पनीले गर्भ परीक्षण उपकरण ९९ सेन्टमै बिक्री गर्न थालेपछि स्थानीयवासीले उक्त आशंका गरेका हुन्। थोरै पैसामा गर्भ परीक्षण उपकरण पाइन थालेपछि सो क्षेत्रका कलिला युवतीहरू उक्त उपकरण किन्न हौसिएको बिक्रेताहरू बताउँछन्। उक्त उपकरण बिक्री थालेकै दिन १ सय ५० थान बिक्री भएको थियो। यसअघि बेलायतमा गर्भ परीक्षण गर्ने उपकरणको १० पाउन्ड पर्थ्यो। एक अनुमानअनुसार बेलायतमा प्रत्येक दिन १६ वर्षमुनिका २१ युवती असुरक्षित यौनसम्पर्कका कारण गर्भवती हुने गरेका छन्।







## सचित्र



हरितालिका तीजका अवसरमा गत आइतबार पशुपति क्षेत्रमा महिला सेलिब्रेटीहरू समाजसेवामा जुटिरहेका थिए। कान्तिपुर पब्लिकेशन्सको मासिक पत्रिका 'नारी' को तीजविशेष अंक बिक्री गर्ने स्टलमा नायिका करिश्मा मानन्धर, ऋचा घिमिरे, दीपाश्री निरौला, गायिका नलिना चित्रकार, पूर्व मिस नेपाल उषा खड्गी, ब्युटिसियन स्नेहा राणाहरू व्यस्त थिए। तीजको रमझममा रमाइरहेका महिलाहरूले उनीहरूबाट नारी मात्र किनेनन्, सँगै उभिएर तस्बिरसमेत खिचाए, नाचे। रविभवनस्थित वृद्धाश्रम 'आमाको घर'लाई आर्थिक सहयोग गर्न नारीको विशेष प्रति दस रुपैयाँमा बिक्री गरिएको थियो। लियो जिल्ला काउन्सिलको समेत सहभागिता रहेको उक्त कार्यक्रममा नारीको ५ हजार प्रति बिक्री गरियो, जसबाट संकलित रकम 'आमाको घर'लाई प्रदान गरिएको छ।

तस्बिरहरू : महेश प्रधान, नवराज वाग्ले





# केटिभी चलचित्र एवार्डका प्रतिस्पर्धी

**साप्ताहिक समाचार**

काठमाडौं– दसैंलगत्तै नेपाली चलचित्र क्षेत्रमा अर्को एउटा दसैं आउने भएको छ। नेपाल चलचित्र प्राविधिक संघले अघिल्लो वर्षदेखि आयोजना गर्न थालेको केटिभी चलचित्र एवार्डको दोस्रो संस्करणको मनोनयनमा परेका चलचित्र तथा चलचित्रकर्मीको नामावली सार्वजनिक गरिएको छ। असोजको अन्तिम साता वितरण गरिने यो एवार्डका लागि पत्रकार सम्मेलनमार्फत मनोनीत चलचित्र तथा चलचित्रकर्मीको नाम सार्वजनिक गरिएको हो।

भुवन केसीको 'म तिमीबिना मरिहाल्छु' तथा काठमाडौंबाहिर अत्यधिक सफल भएको चलचित्र 'सिलसिला' लाई पछि पार्दै अर्को चलचित्र 'मिस्टर मंगले' सर्वाधिक २१ विधामा मनोनीत भएको छ। एवार्डका लागि ३१ विधाको सूची सार्वजनिक गरिएको थियो। काठमाडौंमा प्रदर्शन हुन बाँकी नै रहेको 'मिस्टर मंगले' सर्वोत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री तथा पटकथा विधामा मनोनयनमा परेको छ। यो चलचित्रका लागि किशोर राना (निर्देशन), वीरेन श्रेष्ठ (अभिनेता), अरुणिमा लम्साल (अभिनेत्री), युगेश रायमाझी (कथा, पटकथा, संवाद), विपिन मल्ल (सम्पादन), महाराज थापा (पार्श्व संगीत), रामशरण उप्रेती (छायांकन), दिवस उप्रेती (सह-अभिनेता) मनोनीत भएका छन्।

भव्य समारोहबीच वितरण गरिने यो एवार्डका लागि दयाराम दाहालद्वारा निर्देशित चलचित्र 'म तिमीबिना मरिहाल्छ' मुख्य पाँच विधासहित १९ विधामा मनोनयनमा परेको छ। यो चलचित्रका लागि दयाराम दाहालले निर्देशन, भुवन केसीले अभिनेता, झरना थापाले अभिनेत्री तथा सुस्मिता केसीले पटकथा विधामा मनोनीत हुने सौभाग्य पाएका छन्। चलचित्रमा पटकथाकारका रूपमा ब्रजेश खनाल तथा विकास आचार्यको नाम भए पनि निर्माताले सुस्मिता केसीको नाम भरेका थिए। यो चलचित्रबाट शम्भुजित बाँस्कोटा (संगीतकार), सुस्मिता केसी (सह-अभिनेत्री), शम्भु सापकोटा (छायांकन) तथा बनिस शाह (सम्पादन) पनि मनोनयनमा परेका छन्।

यसपटकको अवार्डमा सर्वोत्कृष्ट चलचित्रको एवार्डका लागि भुवन केसीको 'म तिमीबिना मरिहाल्छु', वीरेन श्रेष्ठको 'मिस्टर मंगले', विकास आचार्यको 'नशिव आफ्नो', श्याम भट्टराईको 'मौसम' तथा राजेन्द्र उप्रेतीको 'सिलसिला' बीच कडा प्रतिस्पर्धा हुनेछ।

वर्ष २०६५ मा प्रदर्शन भएका २५ वटा नेपाली चलचित्रले एवार्डमा प्रतिस्पर्धा गर्दैछन्। 'मिस्टर मंगले' तथा 'म तिमीबिना मरिहाल्छु' लाई पछ्याउँदै चलचित्र 'सिलसिला' तथा 'मौसम' क्रमशः १७ तथा १२ विधामा मनोनयनमा परेका छन्। प्रतिस्पर्धाको दोस्रो ठूलो एवार्ड सर्वोत्कृष्ट निर्देशक विधामा दयाराम दाहाल (म तिमीबिना...), राजेन्द्र उप्रेती (सिलसिला), श्याम भट्टराई (मौसम), नारायण पुरी (मृत्युञ्जय) तथा किशोर राना (मिस्टर मंगले) बीच प्रतिस्पर्धा हुनेछ। निर्देशन विधामा मनोनयनमा परेको मृत्युञ्जय सर्वोत्कृष्ट चलचित्रको विधामा भने मनोनीत भएको छैन भने सर्वोत्कृष्ट चलचित्रको विधामा मनोनयनमा परेको 'नशिव आफ्नो' का निर्देशक विकास आचार्य निर्देशनकै विधामा मनोनीत हुन सकेनन्।

एवार्डको अर्को महत्त्वपूर्ण विधा सर्वोत्कृष्ट अभिनेतातर्फ दशककै सर्वोत्कृष्टको उपाधि पाएका राजेश हमाल परेका छैनन्। यो विधामा निखिल उप्रेती (जय शिवशंकर), विराज भट्ट (सिलसिला), वीरेन श्रेष्ठ (मिस्टर मंगले), भुवन केसी (म तिमीबिना मरिहाल्छु) तथा आर्यन सिग्देल (मौसम) बीच प्रतिस्पर्धा हुँदैछ।

सर्वोत्कृष्ट नायिकातर्फ रेखा थापा (नशिव आफ्नो), अरुणिमा लम्साल (मिस्टर मंगले), सञ्चिता लुइँटेल (मृत्युञ्जय), झरना थापा (म तिमीबिना मरिहाल्छु) तथा ऋचा घिमिरे (देशदेखि विदेश) मनोनयनमा परेका छन्। सर्वोत्कृष्ट नायिका विधामा मनोनयनमा पर्ने अनुमान गरिएकी अर्की नायिका रेजिना उप्रेती भने दुई चलचित्र 'घायल' तथा 'सन्देश' बाट सह-अभिनेत्रीको विधामा मनोनीत भएकी छिन्।

यसपटकको चलचित्र एवार्डमा सुशीला रायमाझी भिन्न विधामा मनोनीत भएकी छिन्। चलचित्रमा प्रायः नकारात्मक चरित्र अभिनेत्रीका रूपमा चिनिने रायमाझी यसपटक सर्वोत्कृष्ट खल पात्रको विधामा चलचित्र 'म तिमीबिना मरिहाल्छु' बाट मनोनीत भएकी हुन्।

नव-निर्देशकको विधामा विकास आचार्य (नशिव आफ्नो), शंकर घिमिरे (विष), विमल पौडेल (जनयुद्ध), रञ्जित राना (सहारा) तथा नरेन्द्र थापा (देशदेखि विदेश) मा मनोनयनमा परेका छन्।

एवार्डको अर्को रोचक पक्ष के छ भने छ जना चलचित्रकर्मी तीन/तीन विधाबाट मनोनीत भएका छन्। यीमध्ये विकास आचार्य पटकथा, संवाद तथा नयाँ निर्देशकको विधामा मनोनयनमा परेका छन् भने युगेश रायमाझी एउटै चलचित्र 'मिस्टर मंगले' बाट कथा, पटकथा तथा संवादका लागि मनोनीत भएका छन्। निर्देशक श्याम भट्टराई पनि चलचित्र 'मौसम' का लागि पटकथा, संवाद तथा निर्देशनको विधामा मनोनीत भएका छन्। त्यस्तै युगेश रायमाझी 'मिस्टर मंगले' का लागि कथा, पटकथा तथा संवाद विधामा मनोनयनमा परेका छन्। महाराज थापा चलचित्र 'सिलसिला' तथा 'सन्देश' बाट म्युजिक एरेञ्जर तथा 'मिस्टर मंगले' बाट पार्श्व संगीत विधामा मनोनीत छन्।



गायिका अञ्जु पन्त चलचित्र 'सिलसिला', 'सन्देश' तथा 'सुन्दर मेरो नाम' बाट सर्वोत्कृष्ट गायिकामा मनोनीत भएकी छिन्। गायिका पन्तसँग गायिका संगीता राना (गिरफ्तार) तथा माण्डवी त्रिपाठी (नशिव आफ्नो) ले प्रतिस्पर्धा गर्दैछन्। गीतकार दयाराम पाण्डे 'मौसम', 'सन्देश' तथा 'खलनायक' बाट सर्वोत्कृष्ट गीतकारको विधामा मनोनयनमा परेका छन्। पाण्डेसँग 'सिलसिला'का वसन्त सापकोटा तथा 'सुन्दर मेरो नाम' का भोला रिजाल प्रतिस्पर्धामा छन्।

वर्षकै उत्कृष्ट गीत 'सागरसरि चोखो माया' सर्वाधिक चार विधामा मनोनीत हुने एक्लो गीत भएको छ। यो गीतका गायक राजेशपायल राई, गायिका अञ्जु पन्त, संगीतकार तथा गीतकार वसन्त सापकोटा केटिभी फिल्म एवार्डका लागि मनोनयनमा परेका छन्।

## ९ हजार रुपैयाँको बलपेन



तपाईंले कति महँगो बलपेन प्रयोग गर्नुभएको छ ? सामान्यतः प्रयोगमा आउने बलपेनको मूल्य १५ देखि १ सय रुपैयाँ पर्छ, तर नेपाली बजारमा भर्खरै भित्रिएको अमेरिकाको एटी क्रस कम्पनीले निर्माण गरेको क्रस बलपेनको मूल्य २ हजारदेखि ९ हजार रुपैयाँसम्म छ। विगत १ सय ५० वर्षदेखि बलपेन उत्पादन गर्दै आएको यो कम्पनीले उत्पादन गर्ने बलपेन सर्वाधिक गुणस्तरीय उत्पादन मानिन्छ। यो बलपेनको अर्को विशेषता यसको आवरण सुन र चाँदीबाट बनाइनु हो। यो बलपेनमा रुबीसमेत जडान गरिएको छ। दैनिक कामकाजका लागिभन्दा पनि आफ्नो सान बढाउन र कसैलाई उपहार दिन यो बलपेन विश्वभर चर्चित छ।

## भर्सासीका गगल्स



गगल्स आँखाको सुरक्षाका लागि मात्र नभएर आकर्षक देखिन पनि प्रयोग गरिन्छ। अन्तर्राष्ट्रिय क्षेत्रमै ख्याति कमाएका ब्रान्डका गगल्सहरूको विशेषता आँखालाई सुरक्षित गर्नुका साथै प्रयोगकर्तालाई आकर्षक देखाउने हुन्छ। फेसन डिजाइनको क्षेत्रमा विश्वमै लोकप्रिय र स्तरीय ब्रान्ड भर्सासीका विभिन्न मोडलका गगल्सहरू नेपाली बजारमा पनि भित्रिएका छन्। महिला र पुरुष दुवैका लागि फरक-फरक मोडलमा पाइने यी गगल्समा प्रयोग हुने ग्लास सूर्यको पराबैजनी किरण रोक्ने र आँखामा कुनै किसिमको असर नगर्ने खालका छन्। दरबारमार्गस्थित शेर्पा मलमा आधिकारिक शोरुम रहेको यो ब्रान्डका विभिन्न मोडलका गगल्सको मूल्य १४ हजारदेखि २० हजार रुपैयाँसम्म छ।



## सानो आकारमै स्लिम टिभी



सामसुङले सानो आकारमा उत्पादन गरेको अल्ट्रा स्लिम टेलिभिजन सेट नेपाली बजारमा आएको छ। यसअघि ठूला आकार र बढी मूल्यका स्लिम टेलिभिजन सेट पाइने नेपाली बजारमा यसको आगमनले कम मूल्य तिर्न चाहनेहरूलाई बढी आकर्षित गर्ने छ। यो सेट सीआरटीभन्दा ४० गुणा पातलो छ, जसका कारण प्रयोगकर्ताहरूले यसलाई सानो स्थानमा पनि राख्न सक्छन्। यो सेटमा मुख्य रूपमा पाँच किसिमका फिचर च्यानल मिनिमाइजर, च्यानल ग्रुपिङ, भिडियो फिचरमा साउन्ड बन्द वा दृश्य हटाउन सकिन्छ। यो सुविधा टेलिभिजन च्यानलहरूमा पनि प्रयोग गर्न सकिन्छ। भिडियो वा केबुलबाट आएको सिग्नल कमजोर भएपछि टेलिभिजन सेटमा स-साना दाना आउँछ, त्यसलाई पनि हटाउन सकिन्छ। यो सेटमा रहेको थ्री ब्यान्ड इक्वेलाइजरले साउन्डमा पनि विविधता ल्याउन सकिन्छ। जस्तो कि स्ट्यान्डर मोडले पिक्चर र साउन्डमा स्पष्टता ल्याउँछ भने डायनामिक मोडले एक्सन चलचित्रलाई अझ रोचक बनाउँछ। नेपाली बजारमा विभिन्न मोडलमा उपलब्ध यो टेलिभिजनको मूल्य सेटको आकारअनुसार १७ हजार ९ सय ९० देखि ३६ हजार ९ सय ९० रुपैयाँ छ।

## इलेक्ट्रिकल स्कुटर

बढ्दो पेट्रोलियम पदार्थको मूल्य त्यसमा सधैं हाहाकार, थोरै किन्नुपर्‍यो भने पनि घन्टौं लाममा बस्नुपर्ने झन्झटिलो कामबाट नेपालका सबै किसिमका सवारी चालक हैरान छन्। अझ नेपालमा दुईपाङ्ग्रे सवारी साधनको संख्या बढी भएपछि यसको लाम झन् बढी हुने नै भयो। यी झन्झटबाट राहत दिन इलेक्ट्रोथम इन्डिया लि. ले उत्पादन गरेको इलेक्ट्रिकल स्कुटर नेपाली बजारमा भित्रिएको छ। 'यो वाईक्स' मोडलको बाइकको मुख्य विशेषता पेट्रोलियम पदार्थविना नै गुड्नु हो। पर्यावरण प्रदूषण रोक्ने यो स्कुटरको इन्धन भनेकै यसमा रहेको ब्याट्री हो। ३३ एम्प्लिफायरको ब्याट्री जडान गरिएको यो स्कुटरमा ७ सय ५० वाटको मोटर छ। उक्त मोटरको सहायताले स्कुटर ४५ किलोमिटर प्रतिघन्टाको गतिमा गुड्ने हुनाले दुर्घटनाको खतरा पनि न्यून हुन्छ। २ देखि ४ युनिट विद्युत्को खपतमा यो स्कुटरको ब्याट्री पूर्ण रूपमा चार्ज हुन्छ र पूर्ण चार्ज भएपछि ७० देखि ८० किलोमिटर माइलेज दिन्छ। १ सय ३५ किलोग्राम वजन लिएर गुड्न सक्ने यो स्कुटरलाई नेपालमा एभ्को इन्टरनेसनलले भित्र्याएको छ। यो स्कुटरको मूल्य सिमित अवधिका लागि ९९ हजार ५ रुपैयाँ कायम गरिएको छ।



## नारीको भदौ अंक



# मौसम क्याटवाकको



मिस इन्डिया वर्ल्ड पूजा चोपडा



फेसन शोको र्‍याम्पमा होस् अथवा प्रतियोगितात्मक कार्यक्रमको मञ्चमा सुन्दर, आकर्षक एवं आत्मविश्वासपूर्ण प्रस्तुतिका लागि क्याटवाक अर्थात् बिरालो चालको व्याकरण जान्नु आवश्यक छ। बिरालो चालमा हिंड्न जानेका वा हिंड्न सिकिरहेकाहरू हिजोआज व्यस्त देखिन्छन्। कारण अहिले थुप्रै प्रतियोगितात्मक कार्यक्रम र फेशन शोका लागि अभ्यास भैरहेको छ। राजधानीमा आउँदो दसैंसम्ममा करिब एक दर्जन कार्यक्रम प्रस्तुत हुन्छन्। भर्खरै क्याटवाकको व्याकरण सिकेकी ममितालाई भ्याई-नभ्याई भएको छ। आफ्नो पढाइ र नजिकिएको परीक्षाको तयारी एकातिर छ भने उनको मोडलिङ गर्ने चाहना साकार हुने समय पनि लगभग एउटै समयमा परेको छ। नमुना कलेज अफ फेसन टेक्नोलजीमा बीएफडी कोर्सअन्तर्गत फेसन डिजाइनिङसम्बन्धी अध्ययन पूरा गर्न लागेका डिजाइनर राधा बर्मा केही समययता बिहानदेखि बेलुकीसम्म करिब १२ घन्टा मर्केन्डाइजिङ, स्टिचिङ, मोडल संयोजन, मार्केटिङ जस्ता काममा व्यस्त छिन्। कामको ओभरलोड पनि महसुस हुन्छ, -उनी बताउँछिन्।

उनकै सहपाठी सञ्जु लामिछाने पनि आफूले विगत तीन वर्षमा सिकेका कुरालाई सकारात्मक रूप दिन परिश्रम गरिहेकी छिन्। राधा र सञ्जु मात्र नभएर उनीहरूसँगै नमुना कलेजको पाँचौं ब्याचका विद्यार्थीहरू अगामी भदौ २० गते उनीहरू स्वयंको आयोजना र व्यवस्थापनमा हुन लागेको जेनियम अफ इन्वान्ट नामक फेसन शोको तयारीमा व्यस्त छन्। २३ जना विद्यार्थी डिजाइनरका पहिरन ५ सिक्वेन्समार्फत् प्रस्तुत गरिने उक्त फेसन सोका लागि करिब तीन दर्जन मोडललाई कोरियोग्राफर रोजिन शाक्यले तयार गरिरहेका छन्।

उता लाजिम्पाटस्थित आईएनआइएफडी फेसन डिजाइनिङ इन्स्टिच्युटका २७ जना विद्यार्थीको तयारी पनि कम देखिँदैन। सृष्टि श्रेष्ठ, रमनी जोशी, रिमा दाहाल, सिजन भट्टचन आदि स्थापित मोडलहरूसहित १२ महिला र ६ पुरुष मोडलमार्फत् आफ्नो सिर्जना र्‍याम्पमा उतार्ने तयारीमा लागेका छन् उनीहरू। केही सेलिब्रेटी मोडलसहित मिस इन्डिया वर्ल्ड पूजा चोपडाले पनि नेपाली र्‍याम्पमा क्याटवाक गर्ने भएकी छिन्, आईएनआईएफडीको फेसन शोमा। प्रशान्त ताम्राकारको कोरियोग्राफीमा आउँदो भदौ १७ गते होटल सोल्टी क्राउन प्लाजामा सम्पन्न हुने यो फेसन शोलाई आईएनआईएफडी फेसनोभा शीर्षकमा सञ्चालन गरिने कुरा आयोजक संस्थाका म्यानेजर प्रकाश श्रेष्ठले बताए। फेस्टिवल अवसर भएकाले र संयोगवश धैरै कार्यक्रम जुधेकाले कार्यक्रम हल मिलाउन हम्मे-हम्मे परेको प्रकाशले बताए। आफ्नो संस्थाका विद्यार्थी डिजाइनरले सिकेका कुरालाई मार्केटमा प्रस्तुत गर्न प्लेटफर्म दिने उद्देश्यले फेसन शो आयोजित गर्न लागिएको उनले बताए।

यसपटक हुने फेसन शोहरूबीच प्रतिस्पर्धा हुने देखिन्छ। उल्लेखित दुई फेसन सोका अतिरिक्त अर्को एउटा बृहत फेसन प्रदर्शनीको तयारी पनि भैरहेको छ। कुरा हो, नेपालको सबैभन्दा बृहत् एवं उल्लेखनीय मानिने नेपाल फेसन सप्ताहको। यस पटक फेसन सप्ताहले आउँदो भदौ २२ गतेदेखि असोज २ गतेसम्म र्‍याम्प तताउनेछ। २० जना नेपाली मोडलसहित ८ जना भारतीय मोडलको आकर्षक प्रस्तुतिका बीच आईईसी फेसन डिजाइनिङ संस्थाको आयोजनामा पाँचौं पटक हुन लागेको फेसन सप्ताहमा राजधानी र मोफसलका गरी १ सयभन्दा बढी डिजाइनर, करिब एक दर्जन बुटिक र केही ब्रान्डेड वेयर समेटिनेछ। प्रशान्त ताम्राकारको कोरियोग्राफीमा पाँच दिनसम्म लगातार आकर्षक सिर्जना र अतुलनीय कल्पना समेटिने फेसन सप्ताह मनमोहक परिहनहरूको कुम्भ मेला सावित हुनेछ।

कोरियग्राफर रोहिया महर्जन यो समयमा दुईवटा सेड्युलमा प्रशिक्षण दिन समय मिलाइरहेकी छिन्। उनी प्रत्येक दिन पहिलो सेड्युलमा मिस कलेजको र दोस्रो सेड्युलमा लिटिल मिस नेवाःको तयारीमा जुटेकी छिन्। काठमाडौंको परिचयका रूपमा रहेको बागमती नदी किनारमा वृक्षारोपण गरी नदी संरक्षण एवं नदीको सरसफाइमा टेवा पुर्‍याउने उद्देश्यले मिस कलेज २००९ को आयोजना गर्न लागिएको हो। कलेज रिडर्स म्यागाजिनको आयोजनामा आउँदो भदौ २४ गते प्रज्ञाभवनमा सम्पन्न हुने यो प्रतिस्पर्धामा काठमाडौं, धरान तथा पोखराका विभिन्न २९ वटा कलेजमा अध्ययरत ३५ जना छात्राको सहभागिता हुने कोरियोग्राफर रोहिया महर्जनले जानकारी दिइन्। उता रोहिया महर्जन तथा विवेक श्रेष्ठको कोरियोग्राफीमा तयारी भैरहेको लिटिल मिस नेवाःको चौथो संस्करणको प्रतियोगितामा भने नेवार समुदायका ८ देखि १३ वर्ष उमेर समूहका ४८ जना बालिका सहभागी छन्। नेवार समुदायका बालिकाहरूलाई साने उमेरदेखि आफ्नो कला, संस्कृति एवं भाषासम्बन्धी जानकारी, त्यसको महत्त्व, प्रयोग र संरक्षण-संवर्द्धनमा सचेतता जगाउने उद्देश्यले मिस लिटिल नेवाः प्रतियोगिताले निरन्तरता पाइरहेको आयोजक संस्था नेप्लिज फेसन होमका फुपु तेन्जिङ शेर्पा बताउँछन्। आउँदो भदौ १८ गते अर्थात् इन्द्रजात्राका दिन प्रज्ञाभवनमा लिटिल मिस नेवाः सम्पन्न हुँदैछ। लिटिल मिस काठमाडौंको तेस्रो संस्करण आउँदो भदौ १८ गते राष्ट्रिय नाचघरमा सम्पन्न हुनेछ भने सिर्जना पोखरेलले अन्तिम प्रतिस्पर्धाका लागि सहभागीहरूलाई तयार पारिरहेकी छिन्। मुभि हाउसको आयोजनामा सम्पन्न हुने यस प्रतियोगितामा ८ देखि १३ वर्ष उमेर समूहका ५० जना बालिकाहरूको सहभागिता रहेको र बालिकाहरूको प्रतिभा प्रस्फुटनका लागि कार्यक्रम आयोजना गर्न लागिएको आयोजक संस्थाका सन्तोष सापकोटाले जानकारी दिए।

भदौ महिनामा प्रतिस्पर्धात्मक कार्यक्रमको गर्मीलाई अझ उचाइमा लाने तयारीमा युथ फोर युथ पनि जुटेको छ। हाम्रो कलेज डटकमको व्यवस्थापनमा किशोरीहरूप्रति लक्षित उक्त कार्यक्रमको शीर्षक 'मिस टीन' राखिएको छ। ब्युटी विथ ब्रेन नारा सहित १३ देखि १९ वर्ष उमेर समूहका किशोरीहरूमा लक्षित मिस टिन प्रतिस्पर्धा आउँदो भदौ २८ गते राष्ट्रिय नाचघरमा सम्पन्न हुँदैछ। कोरियोग्राफर रचना गुरुङ शर्माको प्रशिक्षणमा हाल प्रतिस्पर्धीहरूको ग्रुमिङ भैरहेको छ। विभिन्न १३ विधामा विजेता छनौटसहित मिस टिन २००९ उपाधि विजेताले नगद पुरस्कार १ लाख प्राप्त गर्नेछिन्। फस्ट तथा सेकेन्ड रनरअपले क्रमशः रु. ५० हजार तथा रु. २५ हजार पुरस्कार प्राप्त गर्नेछन्। भदौ महिनामा फेसन शो र प्रतिस्पर्धात्मक कार्यक्रमको भेल बग्नुपछाडिको कारणका सम्बन्धमा अधिकांश आयोजकले एउटै तर्क दिए, आर्थिक वर्षको प्रारम्भ भएकाले प्रायोजक पाउन सजिलो हुन्छ। सेलिब्रेसनको वातावरण भएकाले टिकट बिक्री पनि सहज हुन्छ। आयोजकहरूको यो ठम्याइलाई गलत मान्न सकिँदैन। यद्यपि बिक्रीका लागि वातावरण अनुकूल हुनुका साथै बिक्री गर्ने सामान पनि स्तरीय र खरिदकर्ताको रोजाइ अनुसार हुनुपर्ने कुरालाई नकार्न सकिँदैन। यसपटक मिस नेपाल प्रतियोगितामा आवेदन दिएकामध्येबाट २५ जनालाई प्रशिक्षणमा सहभागी गराई अन्तिम प्रतिस्पर्धामा २० जनालाई उतार्ने योजना रहेको द हिडेन ट्रेजरले जनाएको छ। यसपटक पनि मिस नेपाल तयार गर्ने अभिभारा कोरियोग्राफर रचना गुरुङ शर्माको हुनेछ। मिस नेपाल उपाधि विजेताले दक्षिण अफ्रिकाको जोहान्सवर्गमा हुने मिस वर्ल्डमा र फस्ट रनरअपले फिलिपिन्समा हुने मिस अर्थमा नेपालको प्रतिनिधित्व गर्नेछिन्।

उल्लेखित कार्यक्रमका अतिरिक्त शेर्पा समुदायका युवतीहरूप्रति लक्षित शेर्पा मिस ट्यालेन्टको तयारी पनि भैरहेको छ। म्याक्स इभेन्ट म्यानेज्मेन्टको आयोजनामा आगामी आश्विन ३ गते राष्ट्रिय नाचघरमा सम्पन्न हुने यो प्रतिस्पर्धामा १५ जना युवतीको सहभागिता छ। द एरो मोडलिङ एजेन्सीको आयोजनामा हुने बालबालिकाप्रति लक्षित लिटिल क्विन एन्ड मास्टर किङ प्रतियोगिताको तयारी पनि अघि बढेको छ। उता ग्यालेक्सी मोडलिङ एजेन्सी पनि फेसनसम्बन्धी कार्यक्रमको तयारीमा जुटेको छ।





# रोमान्सबाट टाढिने किन ?

रोजिन शाक्य

> रोमान्सका लागि उन्मुक्त वातावरण र स्वतन्त्रता आवश्यक हुन्छ। उन्मुक्तता, स्वतन्त्रता, वर्जनामुक्त वातावरण घरबाहिर नै प्राप्त हुन्छ। यही कारणले घरबाहिर सम्बन्ध जन्मन्छ र मन हरेक पल घरबाहिर नै घुम्छ। पत्नी घरमा भएर पनि उनको मन अरु कतै विचरण गरिरहेको हुन्छ भने पति घरमा भएर पनि नभएको सरह हुन्छ। पत्नी बेडरुममा चुपचाप बसेका श्रीमान्सँग सोध्छिन् तपाईं कता हराउनुभएको ? म तपाईंसित छु, तपाईंलाई यसको अनुभूति पनि छ ? पत्नी बस्दाबस्दै अचानक मुस्कुराए, पतिले प्रश्न गर्छ, किन मुस्कुरायौ ? पागल त भइनौ ? पत्नी बहुलाएकी होइनन्, उनी घरबाहिरको रोमान्टिक दुनियाँमा बाँचिरहेकी थिइन्।

वास्तविकतालाई नियाल्ने हो भने घरमा रोमान्टिक वातावरण हुँदैन। घर-गृहस्थीको समस्या हुन्छ। बालबालिकाको कथाव्यथा हुन्छ, उपदेश र सल्लाह हुन्छ। जसबाट व्यक्तिको मुड फ्रेस हुँदैन, बरु अझ तनावग्रस्त र बोझयुक्त हुन्छ। आजभोलि त कलेज, होटल, रेस्टुराँ, अफिसको वातावरण नै रोमान्सका लागि सबैभन्दा उपयुक्त र सुरक्षित बन्दै गरिएको महसुस हुन्छ। जसबाट जतिखेर इम्प्रेस भइयो, उसैसित निर्धक्क घन्टौंसम्म मनको कुरा सेयर गर्न सकिन्छ। कुनै बाधा हुँदैन। जीवन बन्धनमा सहज हुँदैन, असहज, निरस र दिक्कलाग्दो बन्छ। घरमा श्रीमती घरगृहस्थीको, बालबालिका आफ्नो पढाइ र आवश्यकताको समस्या लिएर बस्छन्। आय-व्ययको हिसाब सुरु हुन्छ र केही भएन भने लबाइखबाइ एवं व्यावहारिक कुराहरूको गुनासो प्रारम्भ हुन्छ। त्यसो त श्रीमान् पनि यी कुराबाट अछुतो भने हुँदैनन्। त्यसका कारण रोमान्सको क्षण कुनै पनि परिस्थितिमा विकसित हुने सम्भावना हुँदैन तथापि रोमान्सको आवश्यकतालाई नकार्न सकिँदैन। चाहे त्यो श्रीमान्‌बाट प्राप्त होस् वा श्रीमतीबाट अथवा कैयन् अवस्थामा तेस्रो व्यक्तिबाट पनि। रोमान्स मनको भोक हो, शारीरिक आवश्यकता होइन। मनलाई रोमान्सको डोज प्राप्त नभए जीवन कठिन हुन्छ, जीवन रिसाएको अनुभूति हुन्छ, व्यक्ति भीडमा पनि एक्लो बन्न पुग्छ।

विनोद र कल्पना त्यस्तै महिला-पुरुष हुन् जसको घरमा समस्याको थुप्रो छ र रोमान्सका लागि एक थोपा पनि स्थान छैन। घरबाट बाहिर निस्कँदा तिनको मन फूलझैं फक्रन्छ। उनीहरूको यौन जीवन सन्तोषजनक छ, सुखद् छ तर मानसिक रूपमा खुसी, स्वतन्त्रता र स्वच्छन्दता छैन। उनीहरूलाई अफिसमा पुगेर नै पखेटा लागेको अनुभव हुन्छ, त्यो पनि रोमान्सको पखेटा, उनीहरू एक-अर्कासँग खुला आकाशमा उड्छन्। सम्वादबिना नै हाँस्न, मुस्कुराउन र रोमाञ्चित हुन पुग्छन्।

मानसिक खुसीका लागि रोमान्स आवश्यक छ। रोमान्सबाट संजीवनी शक्ति प्राप्त हुन्छ। श्रीमान्-श्रीमतीका केही सीमारेखा हुन्छन् र मर्यादा पनि। घरमा बालबच्चा, बूढाबूढीहरू हुन्छन् अनि कैयन् किसिमका समस्या पनि। यस्तो वातावरणमा रोमान्स उत्पन्न भए पनि चाल नपाउने अवस्था पनि रहन्छ। रोमान्सका लागि उन्मुक्त वातावरण र स्वतन्त्रता आवश्यक हुन्छ। उन्मुक्तता, स्वतन्त्रता, वर्जनामुक्त वातावरण घरबाहिर नै प्राप्त हुन्छ। त्यसैले पनि घरबाहिर सम्बन्ध जन्मन्छ र मन हरेक पल घरबाहिर नै घुम्छ। पत्नी घरमा भएर पनि उनको मन अरु कतै विचरण गरिरहेको हुन्छ भने पति घरमा भएर पनि नभएको सरह हुन्छ। पत्नी बेडरुममा चुपचाप बसेका श्रीमान्सँग सोध्छिन्– तपाईं कता हराउनुभएको ? म तपाईंसित छु, तपाईंलाई यसको अनुभूति पनि छ ? पत्नी बस्दाबस्दै अचानक मुस्कुराए, पतिले प्रश्न गर्छ, किन मुस्कुरायौ ? पागल त भइनौ ? पत्नी बहुलाएकी होइनन्, उनी घरबाहिरको रोमान्टिक दुनियाँमा बाँचिरहेकी थिइन्। पति चुपचाप बसिरहेका थिएनन्, उनी अफिसमा बितेको रोमान्सको वातावरणलाई स्मरण गरिरहेका थिए।

दुई जवान महिला-पुरुष कोठामा एकान्त बसिरहेका छन् र दुवै चुपचाप, तिनका बीच सम्वादहीनता छ, के यो विचारणीय प्रश्न होइन ? जवाफ सीधा छ, श्रीमान्-श्रीमतीबीच सम्वादहीनता रोमान्सको अभावका कारण उत्पन्न भएको हो। यी दुवैले रोमान्सका क्षणलाई घरबाटै विकसित गरेका छन्। घरमा रोमान्सले प्राथमिकता नपाए अगाडि गएर कुरा अझ बिग्रने सम्भावना रहन्छ। यो खतराको सूचक हो। पहिले-पहिले महिलाहरू घरमै सीमित हुन्थे, त्यसैले उनीहरूले एक्लै पतिको संवादहीनतालाई सहनु वा झेल्नुपर्थ्यो। अहिले महिलाहरू कामकाजी भएसँगै यो अवस्थामा परिवर्तन आएको छ। श्रीमान्को व्यवहारमा कठोरता तथा शुष्कताको अनुभूतिले तिनलाई घरबाहिर आफ्नो इच्छाअनुरूप साथी खोज्न प्रेरित गर्छ। यो स्थितिलाई बुझ्नु पर्छ। यो खतरनाक हुन सक्छ। यदि विवाह गरिएको छ भने यौन जीवनको आनन्द लिनबाट किन टाढिने ?



अधिकारपूर्वक व्यक्त गर्नु आवश्यक छ कि मैले तिमीसित प्रेम गरेको छु, विवाह गरेको छु, सुख-दुःखसँगै निर्वाह गर्ने कसम खाएको छु भने रोमान्समा पनि मेरो हक-अधिकार छ। यद्यपि यसका लागि दम्पतीले आपसी सम्वादहीनता कम गर्नुपर्छ, बन्धनलाई भुल्नुपर्छ।

स्वच्छन्दता र स्वतन्त्रतालाई अँगाल्नुपर्छ र आपसी खुलापन विकसित गर्नुपर्छ। आफूले आफ्नो कुरा खुलेर व्यक्त गर्नुपर्छ भने साथीको कुरा पनि खुलेर सुन्न सक्नुपर्छ। दूरी बढाएर, अनुशासनको सीमारेखा कोरेर श्रीमान्-श्रीमतीको मर्यादालाई कायम राखेर आपसी रोमान्सको वातावरणलाई सुमधुर बनाउन गाह्रो हुन्छ। विवाहेत्तर सम्बन्धको रोमान्समा बन्धन, वर्जना हुँदैन। अतः त्यो रोमान्स रोमाञ्चक लाग्छ जब कि श्रीमान्-श्रीमतीको सम्बन्धले पनि यिनै कुरा माग गर्छ, जसलाई आत्मसात् गर्नु आवश्यक छ।





नेपालीहरूको महान् पर्व बडादसैंका अवसरमा आफ्ना इष्टमित्र तथा आफन्तहरूलाई शुभकामना सन्देश पठाउन चाहने पाठकहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा भदौ ३१ गतेसम्म आइपुग्ने गरी पठाउन हुन अनुरोध गरिन्छ।

**–सम्पादक**

## ● सन्देश ●

ईश्वर, हजुर आजभोलि किन रिसाउनुभएको ? नरिसाउनु न है, सक्नुहुन्छ भने मलाई कल गर्नु।

**प्रेमिका**

बी.टी., अनावश्यक आरोप लगाई मबाट टाढा भए पनि तिम्रा चाहना पूरा हुन् र म पनि नौलो संसारको खोजीमा छु।

kalpa_sk@yahoo.com

जुनु, मेरो अँध्यारो जीवनमा प्रकाश बनी आइदेऊ, दियोमा बलेको दीपझैं उज्यालो छाइदेऊ, पूर्णिमाको रात जस्तै मेरो जीवनमा छाइदेऊ, अपूर्ण जीवनमा पूर्ण बनी आइदेऊ।

**सुवास**

पत्रमित्र लक्ष्मी, सरिता, कविता, राजेन्द्रका साथै पुष्प, मेघराज, अमर, मदन, धड्कन ग्रुपका साथीहरू गंगा, लायक, उमेश, पवित्रा एवं आयुशालाई शैक्षिक प्रगतिको शुभकामनाका साथै लाखौंलाख सम्झना।

**यज्ञराज सापकोटा**

लुना, तिमीसँग कुरा नभएको पनि धेरै दिन भैसक्यो। न फोन लाग्छ न तिमीले नै गर्छौ। तिमीसँग मेरो नम्बर त छ होला, प्लिज कल गर।

**सन्तोष**

आत्मीय मित्रहरू, केही समय यहाँहरूबाट ओझेल भए पनि सम्झना मसँग छन्। यहाँहरूमा अविरल सम्झना।

kirat4sunuwar@yahoo.com

कान्छु, म किन तिम्रो मायामा पागल भएँ होला ? मलाई लाग्छ मैले ठूलो पाप गरें, किनभने तिमीलाई मैले आफ्नो अधीनमा राख्न खोजें। स्वतन्त्र रूपमा फुलिरहेको फूलमा छड्के नजर लगाउनु मेरो मूर्खता हो तर कान्छु मैले देखावटी माया गरेको होइन। पवित्र आत्माले चोखो माया गरेको छु र गरिरहनेछु।

parbin

सिड्नी, नबिराउनु, नडराउनु, कहिल्यै कसैको आँखा नलागोस्। सधैं सफलता पाउनु, धेरै-धेरै शुभकामना जन्मदिनको।

**बिजु**

प्रिय ए.डी.लाई लाखौंलाख सम्झना अनि अपार माया।

**प्रदीप**

यशराज दाइ, विष्णु दिदी, सुरज भाइ, रविना, राजु, समुना बहिनी, देवराज, रुस्ना, सचिन, रविन, वीरेन, विजय, जयकशिन, रमेश, रिना, दीपेश लगायत पूर्वका मेरा सम्पूर्ण साथीमा धेरै-धेरै सम्झना अनि उत्तरोत्तर प्रगतिको कामना।

**राकेश श्रेष्ठ**

आर., हाम्रो भेट नभएको पनि धेरै भयो। कस्ती भयौ तिमी ? जे होस् मैले तिमीलाई सम्झिरहेको छु। म तिम्रो जीवनमा सफलता नै सफलता मिलोस् भन्ने कामना गर्दछु। अनि आफ्नो पढाइलाई पनि ख्याल गर्नु, टाढा भए पनि धेरै-धेरै सम्झना।

**रविन**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..............................................................

उमेर : .................................... उचाइ : ....................................

पेसा : .................................... शिक्षा : ....................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ....................................

अभिरुचि : ....................................वर्ण : ....................................

इमेल : ..............................................................

ठेगाना :..............................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................

..............................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



सेन्टिमेन्टल स्वभावका इन्द्र आचार्य 'दुर्लभ' स्नातक तह तेस्रो वर्षमा अध्ययनरत छन्। २१ वर्षीय इन्द्र ५ फिट १० इन्च अग्ला छन्। अविवाहित इन्द्र भ्रमण तथा अध्ययनमा अभिरुचि राख्छन्। गहुँगोरो वर्णका आचार्य जुनसुकै काम, समस्या र व्यवहारमा निरन्तरता दिन सक्ने, अध्ययनमा विशेष ध्यान दिने तथा चञ्चले हँसिलो स्वभावको साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले il.durlab@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



नयाँ स्थानको भ्रमण गर्ने तथा अध्ययनमा अभिरुचि राख्ने १८ वर्षीय जुदन बर्देवा ५ फिट ६ इन्च अग्ला छन्। हालै एसएलसी उत्तीर्ण जुदन भावुक स्वभावका छन्। गहुँगोरो वर्णका जुदन अविवाहित हुन्। निःस्वार्थी बर्देवा सानालाई माया गर्ने, ठूलालाई आदर गर्ने र घमन्ड नगर्ने साथीको खोजीमा छन्। जुदनसँग मित्रता गाँस्न चाहनेहरूले शान्तिनगरमार्ग, घर नम्बर १६४, काठमाडौंमा पत्राचार गर्न सक्नुहुन्छ।



यामबहादुर गुरुङ हाल २१ वर्षको भए। ५ फिट ५ इन्च अग्ला यामबहादुर सैनिक सेवामा कार्यरत छन्। गम्भीर स्वभावका याम हालसम्म अविवाहित छन्। गीत-संगीतमा अभिरुचि राख्ने याम गहुँगोरो वर्णका छन्। धनी-गरिब तथा जातजातिमा भेदभाव नगर्ने, सधैं सत्यको बाटोमा हिँड्ने र साथीलाई सधैं सहयोग गर्ने साथीको खोजीमा रहेका यामबहादुरलाई साथी बनाउन चाहनेहरूले गोरख बक्स गण, नारायणहिटी ब्यारेकमा पत्राचार गर्न सक्नुहुन्छ।



२५ वर्षीय प्रेमबहादुर विश्वकर्मा ५ फिट ६ इन्च अग्ला छन्। कम बोल्ने स्वभावका विश्वकर्मा रोजगारीको खोजीमा छन्। आई.ए. सम्मको अध्ययन पूरा गरेका विश्वकर्मा गीत लेख्ने तथा सुन्ने अभिरुचि राख्छन्। रातो वर्णका प्रेमबहादुर कुरीतिको विरोध गर्ने, नारी पुरुष समान मान्ने, पत्रिकाप्रेमी तथा मीठो बोल्ने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले धरहरा, ढुंग्रेखोला-६ सर्लाहीमा पत्राचार गर्न सक्नुहुन्छ।

२१ वर्षीय उपेन्द्र कार्की एक प्राइभेट कम्पनीमा कार्यरत छन्। ५ फिट ५ इन्च अग्ला कार्कीले आइएसम्मको औपचारिक अध्ययन पूरा गरेका छन्। धेरै नबोल्ने तथा अरूले बोल्दा हाँसिरहने स्वभावका कार्की नयाँ स्थानको भ्रमण एवं पत्रपत्रिका अध्ययन गर्ने अभिरुचि



राख्छन्। सिन्धुपाल्चोक, ज्यामिरे गाविसका वडा नम्बर ३ का बासिन्दा कार्की गहुँगोरो वर्णका छन्। धनी-गरिब नभन्ने, पैसाको पछाडी नलाग्ने तथा सबैप्रति समान दृष्टिकोण राख्ने साथीको खोजीमा रहेका कार्कीलाई nangbonepal@enet.com.np मा इमेल गर्न सकिन्छ।




५ फिट ४ इन्च अग्ला सुजन थापा प्लस टु उत्तीर्ण छन्। १८ वर्षीय थापा कम बोल्ने तथा मिलनसार स्वभावका छन्। नयाँ कुरा सिक्ने अभिरुचि राख्ने थापा इमान्दार, अनुशासित, अध्ययनमा बढी लगाव भएको तथा सत्यको पक्षमा लाग्ने मित्रको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले जलवीर वडा नम्बर ४, सिन्धुपाल्चोकमा पत्राचार गर्न सक्नुहुन्छ।

# साथीलाई सम्झँदा

२०६० सालमा त्रिचन्द्र कलेजको विद्यार्थी भएको बेला उनीसँग चिनजान मात्र भएन, घनिष्ठ मित्रता पनि भयो। चैत २२ गते हाम्रो कलेजको अन्तिम दिन थियो। त्यसैले साथीको सम्झना होस् भनेर हामीले त्यस दिन कलेजको लाइब्रेरी हलको भित्तामा साथी साल चैत २२ अन्तिम वर्ष समूह २०६० भनेर हरियो अक्षरले लेखेका थियौं। हुन त ६० लाई शब्दमा लेख्न साठी प्रयोग गरिन्छ तर हामीले मित्र जनाउने साथीसमेत अर्थ लाग्ने भएकाले साथी शब्द प्रयोग गरेका थियौं

त्यसको केही दिनपछि एक जना साथी नर्सिङ पढ्ने सिलसिलामा अर्को कलेजमा गएकी थिइन्। त्यसपछि उनीसँग हालसम्म पनि सम्पर्क हुन पाएको छैन। उनी अहिले कहाँ छिन् थाहा छैन तर उनले पक्कै पनि लाइब्रेरी हलमा लेखिएका शब्दहरू सम्झिएको हुनुपर्छ।



## ● जीवनको गोरेटोमा ●

उनीसँग भेट नभएको पाँच वर्ष पूरा भएर छ वर्ष हुन लागेको छ। लाइब्रेरीमा लेखिएका शब्दहरू भने अहिले पनि पहिले लेखे जत्तिकै स्पष्ट छन्। कलेजमा लेखिएका र टाँसिएका राजनैतिक कुरा त विपक्षीहरूले मेट्ने वा त्यसलाइ छोपेर आफ्नो कुरा लेख्ने गरेका छन् तर हाम्रो मित्रतालाई सम्झाउने शब्द नमेटिएकाले ज्यादै खुसी लागेको छ। आफ्ना भूपू विद्यार्थीहरूले साथीहरूको सम्झनामा कोरेका शब्दहरू सुरक्षितसाथ राखेकोमा हामी सबैमा आभार प्रकट गर्दछौं।

यो आभार हामी सिंगै समूहबाट समेत हो। कलेजमा धेरै विद्यार्थीहरू आएर आफ्नो पढाइ पूरा गरेर गए तैपनि कर्मचारीहरू भने पहिलेकै छन्। ती कर्मचारीहरू नै पुराना साथीहरूको हालखबर बुझ्ने माध्यम भएका छन्। हामीले नदेखेका र नभेटेका अरू साथीहरू पनि बेलामौकामा लाइब्रेरीका कर्मचारीहरूलाई भेट्न आउने गरेका छन्। तिनीहरूले दिएको जानकारीबाट हामीले केही साथीको हालखबर थाहा पाउने गरेका छौं।

सूचना प्रविधिको युगमा समेत छुटेका साथीहरू वर्षौंसम्म भेट नहुनु दुःखको कुरा हो। साथी-भाइलाई भेट्टाइदिने माध्यम जीवनको गोरेटोमार्फत् मेरा खास साथीहरूसँग पुनर्मिलन हुने आशा गरेको छु।

**–रविन**

# काली र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ?

बडो गम्भीर प्रश्न गर्नुभो सम्पादकज्यू, यसमा हाम्रो पार्टीको स्पष्ट धारणा के छ भने केटी काली पनि होइन, गोरी पनि होइन, गहुँगोरी हुनुपर्छ।

**सुन्दर, तानसेन**

यो फोकटको प्रश्न राखेर किन दुनियाँको दिमाग चाट्नुभा' सम्पादकज्यू ?

**आनन्द, हेटौंडा**

सम्पादकज्यू, आफू कन्फ्युज भएर यस्तो प्रश्न राखिएको हो ?

**राम बराल, विराटनगर**

काली कि गोरी, आखिर युवती त युवती नै हो.... ।

**शिवराम कठायत**

गोरीका अगाडि कालीको कुरा गर्ने सम्पादकज्यू ?

**विश्वास बस्नेत**

काली है तो क्या हुआ दिलवाली होना चाहिए एडिटर सा'प ?

**सन्तोष शाह, सिरहा**

अब युवक पनि कालो कि गोरो राम्रो भनेर प्रश्न राखे कसो होला ?

**सरिता, युके**

खोइ किन हो, म त काली केटी देखेपछि हुरुक्कै हुन्छु, तर हाँडीजस्ती काली होइन नि । ऋचा घिमिरेजस्ती काली ठिक्क हुन्छिन्।

**श्याम निरौला**

यसको उत्तर खोज्न अफ्रिका पुगे भयो नि, त्यहाँ काली सुन्दरीको महत्त्व थाहा हुन्छ ।

**रविराज**

सरी सम्पादकज्यू, मलाई त युवती पटक्कै मनपर्दैन, युवक नै ठीक ।

**मनिता**

मैले सुनेको त गोरीभन्दा कालीकै बानीबेहोरा ठीक हुन्छ, तपाईंको अनुभव कस्तो छ ?

**सुन्दर वर्णवाल**

काली-काली हिस्सी परेकी.. भन्ने गीत सुन्नु'भा छैन ?

**दिगराज**

मलाई त गोरे-गोरे मुखडे पे काला-काला चस्मा ।

**धर्मेन्द्र मिश्र** (१९), **महोत्तरी**

नेपालका सुन्दरीहरू रेखा थापा, ऋचा घिमिरे काली भए पनि हिट छन्, त्यसैले अबको जमाना कालीको जस्तो छ ?

**विकास सुब्बा**

नाम काली भए पनि मान्छेचाहिँ गोरो भए हुन्छ ।

**अरुण लम्साल**

काली, गोरी जे भए'नि चल्छ, पहिले केटी त मिलाउनुहोस् ।

**दीपेन्द्र कर्ण** (१९), **जनकपुरधाम**

आफू त काले परियो, त्यसैले गोरी नै ताकिन्छ, छोराछोरी गोरा हुन्छन् नि, त्यसैले ।

**कपिल राई** (२२), **धनकुटा**

काली न गोरी, एउटै फेला नपरेको स्थितिमा जस्ती भए पनि चल्छ।

**धर्म सेढाईं** (२३), **झापा**

कालीहरूमा सेक्स अपिल बढी हुन्छ, कुरा बुझ्नुभयो नि ?

**प्रतीक थापा** (१८), **कञ्चनपुर**

युवतीहरू उमेरमा त्यसै राम्रा देखिन्छन्, के काली के गोरी ?

**प्रशान्त लिम्बू** (२३), **धरान**

हाम्रो नेपालमा सबैले गोरी नै खोज्छन्, गोरीलाई नै सबैले राम्रो भन्छन्।

**सञ्जय गुप्ता** (१९) **सप्तरी**

सबै फेयर एन्ड लभ्ली दलेर गोरो हुने होडमा लागेका बेला



कालीलाई कसले राम्रो भन्छन् ? गोरी नै राम्रा नि ।

**प्रतिमा श्रेष्ठ** (१८), **हेटौंडा**

यो रंगभेदी कुरा नगर्नुहोस्, रंग जस्तो भए पनि त्यो आवरण मात्र हो । मान्छे मन एवं व्यवहारले राम्रो-नराम्रो छुट्टिन्छ ।

**श्रीकान्त झा, लाहान**

आँप खानुस् न सम्पादकज्यू, कोया किन गन्नुहुन्छ ?

**विक्रम सुब्बा** (२२), **पाँचथर**

म मोरो संन्यासीलाई के काली, के गोरी, अर्थात् काला अक्षर भैंसी बराबर ।

**दिलीप गुरुङ** (२५), **पोखरा**

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
२. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
३. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
४. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
५. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
६. पढेर जानिन्छ कि परेर ?
७. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
९. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
१०. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?

**प्रश्न : मेरो उमेर १९ वर्ष पुग्यो । मेरो विवाह भएको एक महिनाजति भयो । मलाई सेक्समा त्यति धेरै चासो वा चाहना छैन । मेरो प्रेमविवाह भएको हो । हुन त मलाई पहिलेदेखि नै सेक्समा त्यति इन्ट्रेस्ट छैन । मेरो श्रीमान्लाई मैले सन्तुष्टि दिन सकिरहेकी छैन । मेरो श्रीमान् अलि कामुक र सेक्सी हुनुहुन्छ । के यसको कुनै समाधान पाउन सकिन्छ ? यो कुनै रोग त होइन ? यसले सन्तानमा केही समस्या आउँछ कि ? मलाई धार्मिक क्षेत्रमा रुचि छ। म पूजाआजामा विशेष रुचि राख्छु। यो कारणले त होइन ? यौनांग चलाउँदा पनि मलाई कुनै प्रभाव पर्दैन।**

**– ए.के.एस.**

उत्तर : यौनइच्छा प्राकृतिक र मानिसको आधारभूत आवश्यकता हो र सामान्यतः हामी सबैको रुचि यसप्रति हुने भए पनि सबैमा एकै किसिमको रुचि वा चाहना हुँदैन, अर्थात् कसैमा बढी हुन्छ भने कसैमा कम । सामान्य वा ठीक मात्राको यौन व्यवहार कति हो भन्न गाह्रो छ, किनभने यो व्यक्तिअनुसार फरक-फरक हुन्छ । कम यौनइच्छा (hypoactive sexual desire) को स्थिति भन्नाले यौनसम्पर्क राख्ने चाहना, यौन परिकल्पना वा यौन क्रियाकलाप महिनाको दुई पटकभन्दा कम भएको अवस्थालाई जनाउँछ, तर यसो भन्दैमा महिनामा एकपल्ट मात्र यौनसम्पर्क राख्ने जोडीलाई पनि यो समस्याबाट पीडित भनिहाल्न मिल्दैन, यदी दुवै जना यसमा सन्तुष्ट छन् भने । त्यसैले कतिपय यौन विशेषज्ञ यौनइच्छा कम भएको त्यस बेलासम्म भन्दैनन् जबसम्म उक्त जोडीलाई यसका कारणले समस्या पारेको हुँदैन वा व्यवहारमा कुनै खास परिवर्तन देखिँदैन ।

यौन उत्तेजनामा कमी हुने, यौनइच्छामा कमी हुने वा लिंग उत्तेजनामा नआउने कतिपय समस्याका कारणलाई केलाएर हेर्दा मानसिक कारण नै प्रमुख देखिएका छन् । मन नलाग्नुको पछाडि मनोभाव, उदासीपन, तनावजस्ता अनेक मानसिक कारण हुन सक्छन् ।



डा. राजेन्द्र भद्रा

कतिपय शारीरिक विकार वा रोग पनि यसका कारण हुन सक्छन् । यस्ता कारणमा यौनइच्छा उत्पन्न गराउने हार्मोनको कमी, अन्य बिमारी जस्तै उच्च रक्तचाप वा अवशादका लागि प्रयोग गरिने औषधीहरू अनि स्नायु प्रणाली वा रक्त नलीसँग सम्बन्धित रोगहरू प्रमुख हुन सक्छन् । तपाईंको उमेर कलिलै भएकाले पाको उमेरको कुरा अहिले देखिने भएन । तपाईंले कुनै शारीरिक अस्वस्थताको कुरा उल्लेख गर्नुभएको छैन ।

## • यौन जिज्ञासा र

### मस्तिष्कको भूमिका

हामीले यौनसम्पर्कलाई 'शारीरिक सम्बन्ध' भने पनि यसको मानसिक पाटो एकदमै महत्त्वपूर्ण हुन्छ । यौन उत्तेजनाको स्रोत जे-सुकै भए पनि अन्तिम रूपमा त्यसलाई अर्थ लगाउने र बुझ्ने कुरा मस्तिष्कले नै गरिरहेको हुन्छ । वैज्ञानिक दृष्टिकोणले हेर्ने हो भने यौन उत्तेजनालाई 'स्नायु प्रणाली तथा यौन अङ्ग संलग्न एक जटिल प्रक्रियाको क्रियाशीलता हो' भनेर परिभाषित गर्न सकिन्छ । हामीलाई थाहै छ, यौनसम्बन्धी हाम्रा भावना मस्तिष्कबाट सुरु हुन्छन् । यसरी सोच्ने हो भने मष्तिष्क नै सबैभन्दा महत्त्वपूर्ण यौनअंग हो । मस्तिष्कको hypothalamus भनिने सानो अंगले यौनसम्पर्क राख्ने जस्ता आधारभूत व्यग्रता प्राणीमा उत्पन्न गर्छ भने अर्को अंग Cerebral Cortex ले हामीले सिकेका कुरा तथा अनुभवलाई रेकर्ड गर्ने कार्य गर्छ । यौन संवेदनशीलतासम्बन्धी कुरा पनि यही भागबाट सञ्चालित हुन्छन् । गहिरिएर हेर्ने हो भने यौनसम्बन्धी सबैजसो सन्देशलाई सञ्चालन गर्ने अङ्ग नै मस्तिष्क हो । यौन परिकल्पना, भावना तथा सोच विशेष गरेर मस्तिष्कबाटै प्रस्फुटन हुन्छ । यौनअङ्ग, स्तन वा छालाजस्ता विभिन्न स्रोतबाट प्राप्त उत्तेजनाहरू मस्तिष्कमै एकीकृत गरिन्छ र बुझिन्छ । यसको अभावमा मानव यौन प्रतिक्रिया चक्र पूरा हुँदैन ।

### समाधान कसरी खोज्ने ?

तपाईंले पूजाआजामा विशेष रुचि भएको कुरा गर्नुभएको छ । आ□नो बाल्यकाल वा सुरुको किशोरावस्थाका बारेमा तपाईंले खासै उल्लेख गर्नुभएको छैन । यदि यौनसम्बन्धी कुनै नराम्रो अनुभव भोग्नुपरेको वा यौन नराम्रो कुरा हो भन्ने कुराको गहिरो छाप मनमा परेको छ भने यौनसम्बन्धी क्रियाकलापमा संलग्न हुन असहज हुन सक्छ र यो सजिलै परिवर्तन हुँदैन ।

तपाईंलाई शिवलिङ्गको पुजा हुने कुरा त थाहै होला । हामी जुन संरचनाको पूजा गर्छौं, ती शिव र शक्तिका मिलनको प्रतीक हो । यही मिलनबाट सृष्टि हुन्छ अर्थात् जीवनको प्रारम्भ हुन्छ । गुरु शंकराचार्यले गार्हस्थ्य जीवनको राम्रो पालनालाई धर्म प्राप्त गर्ने उत्तम बाटोका रूपमा उल्लेख गरेका छन् । विवाह गर्नु, राम्रोसँग वैवाहिक जीवन जिउनु, सन्तान जन्माउनु र उनीहरूको राम्रो लालन-पालन गर्नु, मानवसमाजको असल सदस्यका रूपमा स्थापित हुनु एक किसिमले उत्तम धर्म नै हो । हाम्रो जीवन नै यौनवाट सुरु हुन्छ भने कसरी यसलाई नराम्रो कार्य मान्ने ? सृष्टिको निरन्तरताका लागि यौन आवश्यक छ ।

तपाईंले कतिपय धार्मिक समुदायमा बह्मचर्य पालन गरेर आनन्दसाथ बसिरहेका व्यक्तिलाई पनि देख्नुभएको होला । यसो गर्दा आ□नो जीवनलाई नियन्त्रण गर्न सकेको एक किसिमको आनन्द अनुभव हुन्छ, तर कतिपय व्यक्तिका लागि त्यस्तो स्थिति तनावपूर्ण, दुःखपूर्ण र हतासाजनक लाग्न सक्छ । दम्पतीबीच राम्रो सम्बन्ध महत्त्वपूर्ण कुरा हो । विवाह-सम्बन्धभित्र यौनसम्पर्क अपेक्षित हुन्छ र यसलाई सम्बन्धमा स्थायित्वको आधार पनि मानिन्छ । दुवैको चाहमा फरक परेको स्थितिमा भने श्रीमतीले यौनचाहना शान्त पार्न गर्ने उपाय वा सो गर्न नपाउँदा त्यसको असरका बारेमा पनि विचार गर्नुपर्ने हुन्छ । प्रमुख कुरा के भने दुई व्यक्तिबीचको सम्बन्ध अद्वितीय हुन्छ । अहिले सजिलै यसै भन्न त सकिँदैन, तर यसको सामाजिक समस्या के पर्ला भन्ने कुराप्रति सचेत हुनु र सोच्नु आवश्यक छ ।

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्ख्लन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, चायाँ, डन्डीफोरको उपचारको लागि
शारिरिक तौल घटाउने, बढाउने ।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
नोट: सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस ।
माहारूद्र आयुर्वेद फार्मेसि
लगनखेल साझाभवन पसल नं २२
2291316, 9741137095


सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

सौन्दर्यका सामानहरू
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,५००/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. २,०००/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडिफोन:४२४४२०६१,४२३०८१५

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रुपअमृत - Rs.1650/-
Anti Pimple (Rose Sunscream Free)
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- → (Soap Free) After
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (दुरिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक सघको अगाडी)
Ph. 2290871, Mob. 9841506134


## बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नु हुन्छ ?

राम र श्याम कुरा गर्दै थिए। बलरामले आएर सोध्यो- भाइहरू साथी-साथी हो कि कुनै नाता-सम्बन्ध पनि छ ? बलरामको प्रश्न सुनेर रामले भन्यो- श्यामको आमाको ससुराले मेरी आमाको ससुरालाई सम्धी भन्नुहुन्छ, तर मेरी आमा उसकी आमाकी भाउजू होइन, बरु मेरा बुबा उसको बुबाका ज्वाइँ हुन्। के तपाईं भन्न सक्नुहुन्छ, हामीबीच के नाता होला ? रामको यस्तो कुरा सुनेर बलराम ट्वाँ परे। वास्तवमा राम र श्यामबीच के नाता पर्ला ? पत्ता लगाउने काम पाठकलाई नै।

## साप्ताहिक कोठेपद



**दायाँ**

१. तीज (५)
२. मेघदूतका रचयिता (४)
३. मध्यपश्चिमको एक जिल्ला (३)
५. गर्भपतन (४)
७. जाडोले काम्ने प्रक्रिया (४)
८. टाइम (३)
९. राजाको नीति (४)
१२. मूल्यवान धातु (२)
१३. मुगुको सदरमुकाम (४)
१४. फलामको काम हुने ठाउँ (३)
१५. महोत्तरीको सदरमुकाम (४)
१६. विष (३)
१७. नुन (३)
१९. कुनै कामको बन्दोबस्त (४)
२०. रामायणका खलनायक (३)

**तल**

१. तुलसी विवाह एकादशी (५)
२. देवी दुर्गाको एक नाम (४)
३. सर्वोच्च शिखर (५)
४. भक्तपुरको पर्यटकिय स्थल (५)
६. माधव घिमिरेको गीतिनाटक (४)
७. एक प्रकारको बालखेल (४)
८. कास्कीको पर्यटकीय स्थल (५)
१०. शरीरमा हुन्छ (३)
११. महाकाली नदीको बाँधस्थल (५)
१२. सुनगाभा पनि भनिन्छ (४)
१४. सुरक्षा दिइएको जंगल (३)
१५. मध्यपश्चिमको एक हिमाल (४)
१६. फूल रोप्ने भाँडा (३)
१८. थोपा-थोपा चुहिने प्रक्रिया (३)
१९ नदीको किनारा (२)


## पत्याउनु हुन्छ ?



चीनमा हालै एक दुलहीले लगाएको विवाहको पोसाक अहिलेसम्मकै सर्वाधिक लामो २ हजार १ सय ६२ मिटरको छ। यसअघि सर्वाधिक लामो पोसाकको कीर्तिमान १ हजार ५ सय ७९ मिटरको थियो।

गारा रुफा ओब्टुसास नामको माछालाई 'डाक्टर फिस' पनि भनिन्छ। प्राकृतिक रूपमा तातो पानी आउने स्थानमा पाइने यो माछाले मानिसको छालाको उपचार समेत गर्छ।





श्रीलंकाको प्रहरीलाई सरकारले विगत पाँच वर्षदेखि जुत्ता उपलब्ध गराउन नसकेपछि प्रहरीले जुत्ताबिना नै ग्रामीण क्षेत्रमा सुरक्षा दिइरहेका छन्।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?







## • तालुमा आलु •



प्रकाश ओझा

'अंग्रेजी तारिखमा कुनै महिना ३० दिनका हुन्छन् कुनै महिना ३१ दिन हुन्छन् भने कुन महिना २८ दिन हुन्छ ?'

'फेब्रुअरी'

'फेब्रुअरी मात्रै किन ? २८ दिन त सबै महिनामा हुन्छ नि ।'

000

विवाहको एक सातापछि नयाँ दुलाहा-दुलही केटीको माइत गए । तीन-चार दिनको बसाइपछि दुलाहा-दुलही फर्किए । दुलाहा रथ हाँकिरहेको थियो, दुलही रथमा बसेकी थिई । केही पर पुगेपछि घोडा एउटा ढुंगामा ठोकियो, रथ लर्बरायो, दुलहाले रथ रोक्यो र उत्रिएर घोडा अगाडि गएर भन्यो, 'एउटा गल्ती माफ ।'

रथ फेरि हिंड्यो । केही पर हिंडेपछि घोडा फेरि लर्बरायो रथ झन्डै-झन्डै लड्न खोज्यो तर दुलाहाले रथ नियन्त्रणमा लियो र फेरि रथ रोकेर घोडाको अगाडि उभिएर भन्यो, 'दोस्रो गल्ती माफ ।'

रथ फेरि हिंड्यो, केही पर पुगेपछि घोडा फेरि ढुंगामा ठोक्कियो, एकछिन रथ अनियन्त्रित भयो दुलहाले मरी-तरी फेरि रथलाई नियन्त्रणमा लियो । अब दुलहाले सीधै बन्दुक निकाल्यो र घोडालाई हान्यो, घोडा त्यहीं मऱ्यो । दुलही जो अघिदेखि यो दृश्य हेरिरहेकी थिई, अचानक कराई ।

'पापी हत्यारा, यो के गरेको तिमीले ? हे भगवान्, मलाई थाहा थिएन कि मेरो विवाह यस्तो मानिससँग भएको छ ।'

दुलाहाले सबै कुरा चुपचाप सुनिरह्यो, दुलही गाली गरेर जब चुप लागी तब दुलहीको छेउमा गएर औंला ठड्याउँदै भन्यो- 'पहिलो गल्ती माफ ।' त्यसपछि जीवनभर दुलहीले दुलाहाको अगाडि एक वचन पनि फर्काइन ।

000

पचहतर वर्षको बूढो होटलको एउटा कोठामा बसेको थियो । ढोकाको घन्टी अचानक बज्यो । बूढोले ढोका खोल्यो । अगाडि २०-२२ वर्षकी युवती थिई ।

'सरी, म गलत कोठामा आएछु,'- युवतीले भनी ।

'आउन त सही कोठामै आएकी छौ, तर चालीस वर्ष ढिलो आयौ,' -बूढोले नक्कली दाँत चम्काउँदै भन्यो ।

000

गाउँबाट सहर आएको एउटा युवकलाई अंग्रेजीका दुई शब्द मात्र बोल्न आउँथ्यो तर पनि ऊ सहर आएको एक वर्षभित्रै लखपति बन्यो ती दुई शब्द थिए 'हेन्ड्स अप ।'

000

चौधरी सरको छोरो आफ्नो गर्लफ्रेन्डसँग डेटमा गयो । फर्किएपछि छोरासँग चौधरी सरले रिपोर्ट माग्नुभयो ।

'सिनेमा हेऱ्यौं' छोरोले भन्यो 'होटलमा खाना खायौं ।'

'कति खर्च भयो ?'

'यस्तै पाँच-छ सय ।'

'ठीकै छ धेरै खर्च भएनछ ।'

'ऊसँग त्यही पाँच-छ सय रुपैयाँ मात्रै रहेछ ।'

### मेरो कुरो

स्वास्थ्यको एकदमै ख्याल राख्ने व्यक्ति चुरोट पिउँदा डबल फिल्टर प्रयोग गर्छ ।

000

पाहुनालाई छिटो घरबाट खेद्ने मन छ भने 'अरू के खाने हजुर, अरू के खाने हजुर ?' भनेर हैरान पार्नुस् ।

## • कविता •

### चितामा जल्दा



तिमीले माया मारेपछि सकिनँ मैले साँच्नलाई
मुटु झिकी शरीरबाट कसरी सक्थें बाँच्नलाई
सोचेकी छौ होला म त रमाई-रमाई बसेको छु
मन दुख्दा आँसु लुकाई सक्दिन काली नाच्नलाई
उपाय पनि नभएर हो कि, कि मैले नसकेको
तिमीले जस्तै सजिलै सम्झना सकिनँ भाँच्नलाई
मनमै छौ तिमी मेरो, म तिम्रो मनमा नभए नि
मलाई चिनेको छैन भनी सक्छौ तिमी ढाँट्नलाई
रमाउँछौ म मरें भने खुसी हुन्छौ चितामा जल्दा
सक्छौ तिमीले पाए मलाई रेटी-रेटी काट्नलाई
चोखो माया तिम्रै नाममा अरूलाई दिन सक्दैन
तिमीले झैं एउटा मुटु सकिनँ धेरै साट्नलाई ।

–सौगात मिश्र

### तिमी

तिमी हिजो किन नजरमा आयौ
दिलभित्र पाहुना बनी बास माग्यौ
तर आज किन फेरिएर टाढा गयौ
तिम्रा नयन नशालु किन पगाल्यौ
मुस्कानमा तिमीले किन मन अल्झायौ
थाहै नपाई किन तिम्रा अधरहरू चुमायौ ।

–नरेन्द्र पौडेल

### हासूँ म कसरी

वेदनाको बिलौनामा हाँसूँ म कसरी
तिमीबाट टाढा बसूँ म कसरी
पत्थर चिरी तिमीबाट एकै छिन
हृदयको घाउ पुरूँ म कसरी
अब नरुवाऊ यसरी मलाई
एक्लो प्यासी बसाइ सरूँ म कसोरी
तस्विर तिम्रो हृदयमा टाँसी
आसुको थोपा रोकूँ म कसरी
बिपनाको प्रकाश हेरूँ म कसरी
दुई मुटु एक भयो खलास
दोबाटोलाई हेरी हाँसूँ म कसरी ?



–वीरेन्द्रराज ढकाल

## • लघुकथा •

### म को ?




म ऐनाअगाडि उभिएको छु, मेरो प्रतिविम्बले मलाई प्रश्न गरेको छ, 'म को ?' साँच्चै 'म को ?' मेरो मानसपटलमा पूर्व निर्मित उत्तरले भन्छ 'म त फलानोको यो, फलानोको त्यो हुँ' तर नातावाद, कृपावाद अनि आशीर्वाद चाहिन्छ यहाँ केही हुनका लागि । म संसारकै कान्छो गणराज्य नेपालको देशवासी नेपाली हुँ, १ लाख ४७ हजार १ सय ८१ वर्गकिलोमिटरको सीमाघेराभित्रको कैदीझैं को बासिन्दा नेपाली तर यो सीमा परिधि पनि किताबी खोस्टाका रूपमा परिणत भैसक्यो, साँच्चै त 'म को ?' लिम्बुवान् ? खुम्बुवान् ? मगरात ? तमुवान् ? ताम्सालिङ ? थरुहट ? नेवाराज्य ? मधेस ? ब्राह्मण ? खस ? के म एक ह्युम्यान हुँ त ?

आज म ब्ल्याक होलझैं फैलिँदै गएको छु र बिस्तारै-बिस्तारै एक दिन विस्फोट हुनेछु...,

अनि त्यसबेला प्रश्न गर्ने हुन्छ को भनेर, 'म को ?'

–अनाम

## मानव बेचविखनविरुद्धको संघर्षमा



भारतीय पप गायिका सुनिधि चौहान, नेपालका ख्यातिप्राप्त गायक निमा रुम्बा, क्रान्ति आले तथा नलिना चित्रकारले यही भदौ २० गते काठमाडौंमा हुने सांगीतिक कार्यक्रममा आफूहरू मानव बेचबिखन विरुद्ध रहेको उद्घोष गर्नेछन् । उक्त कार्यक्रम MTV EXIT Live Nepal को पोखरा, धरान र हेटौंडामा यही भदौ महिनामा आयोजना हुन लागेको श्रृंखलाबद्ध निःशुल्क सांगीतिक कार्यक्रममध्येको पहिलो हो ।

भदौ २० गतेको उक्त सांगीतिक कार्यक्रम साँझ ५ बजे जावलाखेल मैदानमा हुनेछ । जसको सञ्चालन माल्भिका सुब्बाले गर्नेछिन् । माल्भिका सुब्बाले MTV EXIT को (शोषण तथा मानव बेचबिखन उन्मूलन गरौं) वृत्तचित्र SOLD: An MTV EXIT Special मा प्रस्तुतकर्ताका रूपमा काम गरिसकेकी छिन् । उनी MTV EXIT अभियानका लागि नेपाली सद्भावना राजदूत हुन् । MTV EXIT अभियान एसियाभरि पुगेको छ । नेपालमा मानव बेचविखनविरुद्ध कार्य गरिरहेका संस्थाहरू माइती नेपाल र एबीसी नेपालले उक्त सांगीतिक कार्यक्रमका अवसरमा मानव बेचबिखन तथा त्यसको रोकथामका बारेमा विभिन्न जानकारी प्रदान गर्नेछन् ।

मलाई यो महत्त्वपूर्ण सांगीतिक कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभव भएको छ, सुनिधि चौहान भन्छिन्– मलाई आशा छ, मेरो संगीत र यो कार्यक्रममा संलग्नता तथा MTV EXIT अभियानको माध्यमबाट लाखौं मानिसले एउटा दासत्वको पीडादायी स्वरूपका बारेमा जानकारी पाउनेछन् । नेपाली गैरसरकारी संस्थाहरूको अनुमानमा बर्सेनि १५ हजारभन्दा बढी नेपाली महिला तथा केटीहरू भारततर्फ अवैधरूपमा बेचिन्छन् भने व्यावसायिक यौनशोषणका लागि ७ हजार ५ सयजति केटाकेटी नेपालभित्रै गैरकानुनी रूपमा ओसारपसार गरिन्छन् । यसका साथै अमेरिकी विदेश मन्त्रालयको २००९ को मानव बेचबिखन प्रतिवेदन अनुसार अनुमानित रूपमा हरेक वर्ष २० हजारदेखि २५ हजार नेपाली केटीहरू उनीहरूको इच्छाबेगर नेपालमै घरेलु कामदार बन्छन् । यो अभियानमा कान्तिपुर पब्लिकेसन्सको पनि साथ छ ।





तस्बिर : विकास राई

# डे पार्टीमा मस्त युवा

धरान- शनिबार फ्युजन बारमा युवायुवतीको भीड थियो। तीजको अवसरमा फ्युजन बारले आयोजना गरेको डे पार्टीको मज्जा लिन पनि उनीहरूको उपस्थिति रहेको बुझ्न कठिन थिएन। धरानका विद्यार्थीहरूलाई लक्षित गरी आयोजित उक्त डे पार्टीमा भने विद्यार्थीबाहेक अन्य व्यक्तिको पनि उपस्थिति थियो। दिउँसो एक बजे सुरु भएको डान्स पार्टीमा उनीहरू डिजेको फास्टबिटमा पुरै होमिएका थिए। धरानका स्थानीय डिजे ललितले पनि धरानका युवापुस्ताको मन बुझ्न समय कुर्नुपरेन।

उनले धराने डान्स क्रेजीहरूको च्वाइसलाई दृष्टिगत गरेर अंग्रेजी, हिन्दी र नेपाली रिमिक्स नम्बरहरू प्रस्तुत गरे। डिजेको तालमा लगातार नाचिरहँदा डान्स क्रेजीहरू बन्द कोठाभित्र असिन-पसिन भएका थिए। युवा-युवतीको चोरी-चोरी आँखाको भाका, नृत्यका क्रममा भड्किला दृश्य निकै रोचक थिए। डे पार्टी भएकाले पनि होला, पार्टीमा उपस्थित युवाहरू बढी आफ्ना साथीभाइहरूसँग उपस्थित थिए। दिउँसो एक बजे सुरु भएको डे डान्स पार्टी बेलुकी सात बजेसम्म चल्ने कार्यक्रम थियो। पछि पनि डान्स क्रेजीहरू आउने क्रम चलिरहेकाले पार्टी राति दस बजेसम्म लम्बिएको थियो।

**भीषण राई**

# धनकुटालाई पूर्वाञ्चल लोकनृत्य उपाधि



विराटनगर- धनकुटा जिल्लाले पुनः एक पटक आ□नो जोडदार प्रस्तुति देखाउँदै पूर्वाञ्चलका पाँच जिल्लालाई पछाडि पारेर पूर्वाञ्चल खुला लोकनृत्य उपाधि हात पारेको छ।

खचाखच दर्शकले भरिएको विराटचोकको प्राङ्गणमा पूर्वको इलामले तीजगीतमा नृत्यसँगै प्रतियोगिताको ढोका खोलिएको थियो। दोस्रो प्रतियोगीका रूपमा मञ्चमा आएका धनकुटाको त्रिवेणी संस्कृतिक समूहको मगर समुदायमा नाचिने भ्याउरे नृत्यले दर्शकहरूको मन खिचेको थियो। धनकुटा आसपासका क्षेत्र तथा पश्चिमको भेरी-कर्णाली अञ्चलमा प्रसिद्ध उक्त नृत्यले दर्शकको मात्र नभै निर्णयकद्वय प्रेम सोनाम र राम संगमको पनि मन जित्यो। मगर समुदायमा लाहुर जाने प्रचलन र प्रेमी-प्रेमिकाको वेदनालाई प्रस्तुत गरिएको उक्त गीतको सुरुमा दर्शकहरूले हाँसखेल र ठट्टा महसुस गरे पनि अन्तिममा बिछोडको पिडा झल्काएको थियो।

प्रतियोगीका रूपमा मगर समुदायकै 'पैसा झारे' मारुनी नृत्य प्रस्तुत गरेको आईटी क्लब, लेटाङ, मोरङले दोस्रो युरेका आवासीय उच्च मा.वि., धरानको मारुनी नृत्यले तेस्रो स्थान हासिल गरेका थिए।

**–भिषा काफ्ले**

# हाक्पारे र केलाङनाचमा रमाए दर्शक



मोरङ- केही दिनको अविरल वर्षापछि रोकिएको ओसिलो मौसम, बाहिर चौरमा छताछुल्ल पानी, भित्र भने आ□नो वेशभूषामा सजिएको लिम्बू समुदायको भीड। यो दृश्य हो पूर्वी दक्षिणी इटहरा गाविसको शुक्रबार किराँत याक्थुम चुम्लुङ, मोरङको पाँचौं जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रमको।

यसबीच उद्घोष भयो हाक्पारे गीतको, ५१ वर्ष नाघेका तेजबहादुर लिङ्दमले मञ्चमा उभिएर भने– हाक्पारे तीनदेखि हप्ता दिनसम्म गाउँदा मात्र आनन्द आउछ, तर यहाँ छोटो समयमा गाउनुपर्छ, के मजा आउला ? कालो टोपीमा खुलेका लिङ्दमले लिम्बू भाषामा जब हाक्पारे सुरु गरे, ६०-७० नाघेका लिम्बू-लिम्बुनीहरू एक-आपसमा मुखामुख गर्दै गीतको आनन्द लिइरहेका देखिन्थे।

भाषाका कारण युवा युवतीहरूलाई गीत सुनिसक्न निकै गाऱ्हो भयो। समय अभावका कारण उद्घोषकले तीन पटक चिट दिनुपऱ्यो। २० मिनेटमा हाक्पारे गाइसकेर जब लिङ्दम मञ्चबाट तल उत्रिए तब ६०-७० नाघेका वृद्ध लिम्बूहरूले गायकलाई अंकमाल गरेर धन्यवाद दिए।

लिम्बू भाषाका अर्का कलाकार सुजन लिम्बूले 'मलाई पनि मन थियो आफ्नो भाषामा गाउन, मलाई पनि मन थियो आफ्नो भाकामा नाच्न' गीत पहिलो कवितात्मक शैली र पछि लिम्बू भाषामा टेबल संगीतकै आधारमा प्रस्तुत गर्दा उपस्थित दर्शकले तालीले साथ दिएर कार्यक्रमलाई संगीतमय बनाए।

कार्यक्रममा परम्परागत वेशभूषा र गरगहनामा सजिएका १९ वर्षमुनिका लिम्बू युवा-युवतीहरूले केलाङ (च्याब्रुङ) को ताल र एक-आपसमा हात समाएर धाननाच प्रस्तुत गरी युवादेखि वृद्धवृद्धासम्म रमाएका थिए।

**–अर्जुन जम्नेली राई**

# दुई क्विन्टलको एउटै लड्डु

वीरगन्ज– खुसीयाली साटासाट गर्दा होस्, बधाई आदान-प्रदान गर्दा वा पूजा-अर्चना गर्दा होस् लड्डु बाँड्ने, खाने र चढाउने चलन पुरानो हो। भगवान् गणेशलाई प्रसादका रूपमा चढाइने लड्डुको तौल कति हुन्छ ? सामान्यतः सय ग्राम, दुई सय ग्राम वा त्योभन्दा केही ठूलो, तर वीरगन्जमा तयार पारिएको २ सय १ किलोको लड्डुले भने चारैतिर चर्चा कमाएको छ। महालड्डु नाम दिइएको यो लड्डु तयार पारेको हो स्थानीय जग गणेश झंकार मण्डलले। मण्डलले आयोजना गरेको गणेश चतुर्थी महोत्सवका अवसरमा गणेश मूर्तिको नजिक यो महालड्डु राखिएको छ। सात हलुवाईले लगातार १२ घण्टा काम गरेर तयार पारेको यो लड्डुको लागत करिब ४७ हजार रुपैयाँ रहेको आयोजक समितिका सचिव मनोहरकुमार साहले बताए। महोत्सवमा बर्सेनि बनाइने लड्डुको आकार २५ किलो बढाउँदै लगिएको छ।

सात वर्ष अघिदेखि समितिले वीरगन्जमा गणेश चतुर्थी महोत्सव मनाउन थालेको हो। पहिलो पटक आयोजित महोत्सवमा समितिले २५ किलोको लड्डु तयार पारेकोमा बर्सेनि २५ किलो तौल बढेर हाल दुई क्विन्टल पुगेको शाह बताउँछन्। महोत्सव सकिएपछि यो लड्डु प्रसादका रूपमा नगरवासीलाई वितरण गरिन्छ। महोत्सव सुरु भएदेखि नै नगरवासीलाई प्रसादका रूपमा यो लड्डु वितरण गर्ने परम्परा भएकाले नगरवासीहरू यो प्रसादको व्यग्रताका साथ प्रतिक्षा गरिरहेका हुन्छन्। महोत्सवमा आउने भक्तजनहरू बडेमानको लड्डु देखेर चकित हुन्छन्। लड्डुको चर्चा सुन्नेहरू पनि लड्डु हेर्न आउने गरेको समितिका सचिव साह बताउँछन्।

**–शंकर आचार्य**




# जापानमा नेपाली उत्सव

जापानको राजधानी टोकियोमा हालै नेपाल फेस्टिबल सम्पन्न भएको छ। जापानका लागि नेपालका राजदूत डा. गणेश योञ्जनको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा हजारौं नेपालीका साथै जापानीहरूको पनि उल्लेखनीय उपस्थिति थियो। शनिबार र आइतबार गरी दुई दिन भव्य रूपमा आयोजित उक्त कार्यक्रममा नेपाली भाषा, संस्कृति, नेपालको पर्यटनलाई टेवा पुग्ने किसिमको कार्यक्रमसमेत थियो। विभिन्न व्यावसायिक संस्थाले राखेका झन्डै १ सयवटा स्टलले ग्राहकहरूलाई राम्रैसँग तानेको थियो। स्टलमा सेल-रोटीदेखि ममः, सेकुवा, सुकुटी, छ्याङदेखि बियरसम्म तथा ज्योतिष, नेपाली मिडिया, मसाज, हस्तकला, चिया तथा कफीका स्टलसमेत थिए। जापानस्थित विभिन्न संस्थाको पहलमा हुने यो कार्यक्रम प्रत्येक वर्ष आयोजित गरिन्छ। जापानमा नेपालीहरूको सबैभन्दा ठूलो यो कार्यक्रममा एनआरएन जापानले विशेष भूमिका खेल्छ।




# प्रतिभा देखाए नेवार फुच्चीहरूले

नेवार समुदायका ७ देखि १३ वर्ष उमेर समूहका ४८ जना बालिका गत आइतबार ठमेलस्थित जीएए हलमा आ-आफ्नो प्रतिभा देखाउन पालैपालो मञ्चमा आए। नेप्लिज फेसन होमद्वारा आयोजित मिस लिटिल नेवाःको चौथो संस्करणका सहभागी यी प्रतिस्पर्धी बालिकाहरूमध्ये अधिकांशले नृत्य प्रतिभा प्रस्तुत गरेका थिए। नृत्य प्रस्तुत गर्नेहरूमा कतिपयले नेवारी गीतमा त कतिपयले नेपाली गीतमा नृत्य देखाए। रिमिक्स गीतमा नृत्य गर्नेहरूको पनि कमी थिएन। काली, बज्रयोगिनी तथा चर्या नाच देखाउनेहरू पनि थिए।



नृत्यबाहेक ट्यालेन्ट राउन्डका केही सहभागीले गीत सुनाए भने केही मार्शल आर्ट पनि प्रदर्शन गरे। वक्तृत्वकला प्रदर्शन गर्ने प्रतिस्पर्धीहरू पनि थिए। लुनिभा श्रेष्ठले भने जिम्न्यास्टिक प्रस्तुत गरेकी थिइन्। अन्तमा मञ्चमा आएकी सराह महर्जनले भने ड्रम सेट बनाएर आफ्नो प्रतिभा प्रदर्शन गरिन्। विवेक श्रेष्ठ र रोहिया महर्जनको कोरियोग्राफीमा मिस लिटिल नेवाःको अन्तिम प्रतिस्पर्धा आउँदो भदौ १८ गते अर्थात् इन्द्रजात्राका दिन प्रज्ञाभवन कमलादीमा सम्पन्न हुनेछ।

# पोखरामा फेसन र डान्सको मस्ती



पोखरा- ब्युटीसियन मीना गुरुङले 'च्याङ्बा हो च्याङ्बा' गीत प्रस्तुत गरेपछि कार्यक्रमको ढोका खुल्यो। उनको उक्त गीतमा दर्शकले होमा हो मिलाउँदै साथ दिए। गीतलगत्तै बुट्टेदार सारीमा मोडलहरू लचकरदार कम्मर मकाउँदै र्‍याम्पमा उत्रिएपछि सुरु भयो एचके फेसन शो तथा डान्सपार्टी।

अघिल्लो साता बाराही होटलमा सम्पन्न फेसन सोको तामझाम बेग्लै थियो। रात्रिफेसन शोको मज्जा लुट्न होटल परिसरमा ब्युटिसियनहरू चिरिच्याँट्ट सजिएर आएका थिए। फेसन शोमा आकर्षक साडीहरूको सिक्वेन्सपछि मोडलहरू रातो टिसर्ट र हाफ कट्टुमा प्रस्तुत भएका थिए। झिलीमिली बत्तीको प्रकाशमा उक्त पहिरन निकै हट देखिएको थियो।

रवीन्द्र बज्राचार्यको कोरियोग्राफीमा ९ जना मोडल आकर्षक पहिरन र मेकअपमा र्‍याम्पमा उत्रिएका थिए। पाँच सिक्वेन्समा विभाजित फेसन शोमा यस पटक आयोजकहरूले नौलो प्रयोग पनि गरे। दर्शकदीर्घामा बसेकाहरूलाई मोडलसँगै क्याटवाक गर्न छुट दिइएको थियो। फेसन सोपछि कार्यक्रम डान्सपार्टीतर्फ मोडियो। रिमिक्स संगीतको तालमा मोडलसँगै सहभागी सबै दर्शकले रातलाई गुल्जार बनाए।

**–शिव शर्मा**

# छमछमी नाचे
# व्रतालु तेस्रो लिंगीहरू



वीरगंज– मुलुकभरि हरितालिका तीज पर्वको रमझमका बेलामा वीरगन्ज पानीट्यांकीस्थित नील हीरा समाजको कार्यालयमा छुट्टै रौनक थियो । रातो सारी, रातो चुरा र कडा श्रृङ्गारमा सजिएका एक दर्जन तेस्रो लिंगीहरू तीजको गीत घन्काएर कम्मर मर्काई-मर्काई छमछमी नाचे ।

अघिल्लो रात टन्न दर खाएको बताउने तेस्रो लिंगी कान्ताले आइतबार आफ्ना पतिका लागि निराहार, निर्जल व्रत लिएको बताइन् । तीन वर्षदेखि यो व्रत लिन थालेकी कान्ताले आफ्ना पति विपरीत लिंगी रहेको बताइन् ।

६ वर्ष देखि तीज व्रत लिँदै आएकी अर्की तेस्रो लिंगी ममताले राजधानीमा रहेको आफ्ना विपरीत लिंगी पतिका लागि यो व्रत लिएको बताईन् । दुई वर्षयता यो व्रत लिन थालेकी अर्की तेस्रो लिंगी पूजाले आइतबार राति आफ्नो पतिको हातबाट जल खाएर मात्र व्रत तोड्ने बताइन् । दुवैले आफ्ना पति र उनीहरूका परिवारले आफूहरूको सम्बन्ध स्वीकारेकाले पतिहरूका लागि व्रत लिन कुनै समस्या नरहेको बताए । दुवै मुस्लिम समुदायका हुन् । नील हीरा समाजसँग आबद्ध तथा यो वर्ष व्रत लिने एक दर्जन तेस्रो लिगींहरू सबै मधेसी मूलका तथा दुई जना मुस्लिम समुदायका समेत छन् । अन्यमा तराई मूलका कुशवाहा, थारू आदि छन् ।

वीरगन्जमा नीलहीरा समाजको शाखा स्थापना भएयता तेस्रो लिंगीहरूले समाजको कार्यालयमा बर्सेनि तीज मनाउने मात्र होइन, सार्वजनिक रूपमा मन्दिरहरूमा गई शिव पूजा तथा महिलाहरूसँग नाचगानसमेत गर्ने गरेका छन् । तराईमा पहाडी मूलका महिलाले मात्र मान्दै आएको तीज पर्वमा विभिन्न धर्म तथा समुदायका तेस्रो लिंगीहरूको समेत बढ्दो सहभागिताले सामाजिक एवं धार्मिक सद्भावको सन्देश दिन थालेको छ ।

'सबै धर्म र समुदायको चाडपर्वमा यसरी दिल खोलेर अन्य धर्म र समुदायका व्यक्तिहरू सरिक हुन थाले तराईमा बढ्दै गएको रंग र जातको विभाजन केही हदसम्म कम हुने थियो,' -समाज पर्साका कार्यक्रम संयोजक राजकुमार तिमल्सेनाले भने । पर्सामा दुई वर्षयता ५ हजार २ सय तेस्रो लिंगी तथा समलिङ्गी समाजको सम्पर्कमा आएको पनि उनले बताए ।

**शंकर आचार्य**



## तेस्रो लिंगीले मनाए तीज

इटहरी- हेर्दा अनौठो तर पूरै महिला वेशभूषामा सजिएका, रातो साडी रातै चुरा अनि गलामा छड्के हरियो पोते लगाएर तेस्रो लिंगीहरू तीजको गीतमा नाचिरहेका थिए । उनीहरूलाई हेर्ने मानिसको भीड पनि ठूलै देखिन्थ्यो । त्यहाँ उनीहरू सिन्धु मल्लको गीतमा नाचिरहेका थिए । 'तेस्रो लिङ्गी तीज महोत्सव-२०६६' मनाउन मानवकल्याण समाज, इटहरीको आयोजनामा सञ्चालित कार्यक्रममा तेस्रो लिङ्गीहरूको उल्लेख्य उपस्थिति थियो ।



तस्बिर : विकास राई

पहिलो पटक यसरी समलिङ्गी विवाह गरेर बसेका तेस्रो लिङ्गीहरूले पनि आफ्नो श्रीमान्को लामो आयुको कामनासहित तीजको व्रत बस्नु आश्चर्यको विषय बनेको थियो । शनिबार इटहरीको मानव समाज कल्याणको प्राङ्गणमा भेला भएका तेस्रो लिङ्गीहरूले अरू महिलाजस्तै रातो साडी, रातै चोलो र हरियो पोतेमा सजिएर धूमधामसँग तीज मनाए । समलिङ्गी विवाह गरेर बसेका तेस्रो लिङ्गीहरू सँगै अरू तेस्रो लिङ्गीहरू महिला पहिरनमा कम्मर मर्काई-मर्काई नाचिरहेका थिए । त्यस दिन उनीहरूले अरू महिलाहरूले खेल्ने तातो आलु, म्युजिकल चेयरजस्तै विभिन्न खेल पनि खेले ।

सरकारले समलिङ्गी विवाहलाई पनि मान्यता दिनुपर्ने र उनीहरूले पनि तीजको व्रतमा नाच्न-गाउन पाउनुपर्ने मानवकल्याण समाजका पूर्वाञ्चल कार्यक्रम संयोजक सञ्जय शर्माले बताए । उक्त तीज महोत्सव कार्यक्रममा पूर्वाञ्चलको बिर्तामोड, दमक, काँकडभिटा, धरान, विराटनगर, इटहरी, इनरुवा आदि स्थानका सयौं तेस्रो लिङ्गीको उपस्थिति थियो ।

**भीषण राई**

## तेस्रो लिङ्गीको तीज

नेपालगन्ज– हातमा रातो चुरा अनि गलामा हरियो पोते र रातो साडीमा सजिएका बाँकेका तेस्रो लिंगीहरूले आफ्नो अधिकार सुनिश्चित हुनुपर्ने माग राख्दै तीज मनाएका छन् । महिलाहरूको महान् पर्व हरितालिका तीजलाई यस पटक तेस्रो लिंगीहरूले आफ्नो अधिकार पहिचानको अवसरका रूपमा प्रयोग गरे ।

यो अवसरमा बाँकेका तेस्रो लिङ्गीहरूले स्थानीय महिला अधिकारकर्मी तथा पत्रकारलाई दर पनि ख्वाए । त्यसका लागि उनीहरूले स्थान रोजे बागेश्वरी मन्दिर । जुँगे शिवजीको अगाडि उनीहरूले आयोजना गरेको कार्यक्रममा भिन्दै रौनक थियो । जहाँ महिला अधिकारकर्मी र पत्रकारले उनीहरूको अधिकार स्थापित गर्न सहयोग गर्ने वाचा गरेका थिए ।

बाँकेमा यसपालि तीजको कुनै रौनक नदेखिए पनि यो कार्यक्रमको भने प्रशंसा भयो । तेस्रो लिंगीले आफ्नो मासिक तलबबाट बचाएर जम्मा गरेको पैसाले दर खाने कार्यक्रमको आयोजना गरेका थिए । बाँके-बर्दियाका गरी मध्यपश्चिममा ७ सय जना तेस्रो लिंगी छन् ।

**रूपा गहतराज**



## बद्री र शिलासँगै नाचे दर्शक

दौंतरी सांस्कृतिक समूह मुम्बईले आयोजना गरेको विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम दोहोरी साँझ मुम्बईको मरिनलाइन्सस्थित बिरला मातोश्री हलमा गत बिहीबार सम्पन्न भएको छ । कार्यक्रमका मुख्य आर्कषण लोकदोहोरी गायक बद्री पंगेनीले चाडपर्वमा घर जान नपाएका नेपाली दाजुभाइहरूको व्यथालाई समेटेर लोकगीत प्रस्तुत गरेका थिए भने गायिका शिला आलेले हरिदेवी कोइरालाको पाइनँ खबर, घर फर्की आउनुहोस् मेरो हजुर, शिरमा लाउने शिरफूल, तीजको गीत र घुम्दै आयो लगनको महिनाजस्ता लोकगीत प्रस्तुत गरेर दर्शकको मन जितेकी थिइन् ।

कार्यक्रममा नायक रोहन ढकाल तथा नायिका निशान शाहीले आफ्नै चलचित्र आकाशगंगाको गीत र चलचित्र सिलसिलाको सागरसरि तिम्रो माया गीतमा आर्कषक नृत्य प्रस्तुत गरे । कार्यक्रमको अन्तमा गायक बद्री पंगेनी र गायिका शिला आलेले मयालु कहाँको म परेँ पाल्पाको गीतमा दोहोरी प्रस्तुत गर्दा दर्शकहरू उनीहरूसँगै नाचेका थिए ।

सुदूर पश्चिमका देउडा गायक भुवन दाहाल र ध्वजबहादुर महराले देउडा गीत प्रस्तुत गरेको उक्त कार्यक्रममा नृत्य निर्देशक ईश्वर बी.एम, ताराकिरण शर्मा, दीपक परियार, तर्क खत्री, प्रणाली, रूपा थापा, शिल्पा, कमल, टिना शेर्पाली आदि कलाकारले पनि विभिन्न आकर्षक नृत्य प्रस्तुत गरेका थिए ।

## मिस्टर एन्ड मिस काठमाडौंको तयारी

**साप्ताहिक समाचार**

काठमाडौं– १५ जना पुरुष तथा १५ जना महिला मोडलको सहभागिता रहने मोडलिङ प्रतियोगिता 'मिस्टर एन्ड मिस काठमाडौं २००९' को घोषणा गरिएको छ । एक्स्पोज नेपाल डटकमले आयोजना गर्न लागेको यो कार्यक्रम असोजको पहिलो साता राष्ट्रिय नाचघरमा हुँदैछ । प्रतियोगितामा सहभागी हुने महिला तथा पुरुष मोडलहरूलाई कोरियोग्राफर दिनेश शाहीले क्याटवाकलगायत मोडलिङका विविध विषयमा प्रशिक्षण दिइरहेका छन् । प्रतियोगिताका विजेतालाई मिस्टर एन्ड मिस काठमाडौंसहित फस्ट रनरअप, सेकेन्ड रनरअप, क्याटवाक, पर्सनालिटी, ड्रेस, हेयर, स्माइल, फिजिक्स, फिगर आदि विधामा पुरस्कृत गरिनेछ । पाँचवटा सिक्वेन्समा विभाजन गरिने निर्णायक प्रतियोगितामा अप्रतियोगी मोडलहरूले पनि पहिरन प्रस्तुत गर्नेछन् ।



## मिस्टर एन्ड मिस थकाली



पोखरा- सौन्दर्य प्रतियोगिता कसरी गरिन्छ, सबैलाई थाहा भएकै कुरा हो । कुनै सजिसजाउ मञ्चमा आकर्षक पहिरनमा प्रतिस्पर्धीहरूलाई उतारिन्छ । मञ्चमा सहभागीहरूले पालैपालो आफ्नो खुबी प्रस्तुत गर्नुका साथै निर्णायकको प्रश्नको सामान गर्नुपर्ने हुन्छ, तर यहाँ हुने सौन्दर्य प्रतियोगिताको किसिम भने बेग्लै छ । प्रतियोगीहरू मञ्चमा झुल्कनु पर्दैन, न त प्रश्नोत्तरको नै सामना गर्नुपर्छ ।

अध्ययनका क्रममा पोखराबाट अस्ट्रेलिया पुगेका अरुण शेरचनले छ महिनाअघि खोलेको थकाली डटसीओडटसीसी वेबसाइटमार्फत अनलाइन सौन्दर्य प्रतियोगिता सुरु गरेका छन् । समग्र थकाली जातिको संस्कृतिको पहिचान तथा देशविदेशमा छरिएर रहेका थकाली युवायुवतीबीच एक-आपसमा प्रगाढ सम्बन्ध कायम गराउन यस किसिमको कार्यक्रम गरिएको वेबसाइट सञ्चालक तथा प्रतियोगिताका संयोजक अरुणले अनलाइन कुराकानीमा बताए ।

मिस्टर एन्ड मिस थकाली वर्ल्डवाइड-२००९ नामकरण गरिएको प्रतियोगितामा अनलाइनमार्फत फारम भर्नेहरू बढिरहेका छन्,' उनले भने- 'धेरै थकाली युवायुवती प्रतिस्पर्धाका लागि हतारिएका छन् ।' अनलाइन भोटिङका आधारमा विजेताको छनौट गरिनेछ । अनलाइनमा फारम भर्ने अन्तिम मिति भदौ १४ गते तोकिएको छ ।

**–शिव शर्मा**

## आत्मविश्वास बढ्यो

# तर भावी योजना छैन



धनकुटा- पहिलो पटक राष्ट्रिय स्तरको फुटबलको उपाधि हात पारेपछि धनकुटाका महिला फुटबल खेलाडीहरू उत्साहित छन् भने उनीहरूको आत्मविश्वास पनि बढेको छ। उनीहरूको आत्मविश्वास र उत्साह बढाउन जिल्लाका विभिन्न कार्यालयले उनीहरूलाई सम्मान पनि गरेका छन्। जिल्लाका तर्फबाट राम मा.वि., बूढीमोरङले गत महिना काठमाडौंमा सम्पन्न अन्तर मा.वि. राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनल खेलमा दार्चुलालाई १-० ले हराउँदै उपाधि हासिल गरेको थियो।

स्रोत-साधन र अभ्यासको कमीका बाबजुद पनि जिल्लाले उपाधि पाउनु खेलाडीहरूको मेहनत नै रहेको प्रशिक्षक विनय राई बताउँछन्। राई भन्छन्, 'हामीले पर्याप्त अभ्यास गर्न पाएका थिएनौं, तर पनि खेलाडीहरूको लगनशीलता र मेहनत नै उपाधि जित्ने कारण बन्यो।' यस पटकको सफलतासँगै चुनौती पनि थपिएको टिम क्याप्टेन प्रविना लिम्बू बताउँछिन्। 'महिलाले पनि अवसर पाए जिल्लाको नाम राख्न सक्छन् भन्ने कुरा हामीले प्रमाणित गरिदियौं।' उनी महिला र पुरुषमा केही कुरामा पनि फरक नभएको बताउँछिन्। त्यसो त राष्ट्रिय प्रतियोगितामा सबैभन्दा बढी ८ गोल गर्ने इन्द्र चेम्जोङ्ग राष्ट्रिय प्रतियोगिताले अनुभव र आत्माविश्वास बढाएको बताउँछिन्। फुटबललाई आफ्नो लक्ष्य बनाएकी चेम्जोङ यो प्रतियोगिताले आफ्नो टिमको महत्त्व बढाएको देखा पर्दै भन्छिन्, मेरो लक्ष्य राष्ट्रिय टिममा रहेर देशका लागि खेल्नु हो।'

मोफसलमा रहेर गाउँकै सानो टारमा अभ्यास गरेकै भरमा राष्ट्रिय प्रतियोगिताको उपाधि चुमेकोमा यशोदा लिम्बू आश्चर्यमा पनि छिन्। लिम्बू भन्छिन्, 'खेतको गरा र टार बारीमा खेलेको भरमा प्रतियोगिताको उपाधि जित्छौं भन्ने सोचेकै थिएनौं, तर जब हामी सेमिफाइनलमा पुग्यौं अनि उपाधि हाम्रै हो भन्ने पक्का भयो।'

**भावी योजना छैन कसैसँग**

पहिलो पटक जिल्लामा महिला खेलाडीहरूले उपाधि त प्राप्त गरे, तर अबका दिनमा महिला फुटबललाई कसरी अगाडि लाने, जिल्लामा रहेका सरोकारवाला कसैसँग पनि ठोस योजना छैन। वर्षमा प्रतियोगिताको नाममा हुने सहिद भीमनारायण कप आयोजना गर्न जिल्ला विकास समिति धनकुटाले सहयोग गरिरहेको अवस्था छ, त्यसभन्दा अन्य प्रतियोगिताको कल्पना गर्न पनि गाह्रो छ, तर महिला फुटबल टिमको यो जितले थोरै भए पनि सरोकारवालाहरूलाई झकझक्याएको छ। जिल्ला फुटबल संघका अध्यक्ष शम्भू प्रधान भन्छन्- 'अब हामीले फुटबलका लागि केही नयाँ सोच बनाउनैपर्छ। स्पोन्सरहरू खोजेर भए पनि अहिले देखिएका महिला खेलाडीलाई बचाइराख्नुपर्छ।' तर विडम्बना नयाँ सोच र स्पोन्सर कसरी जुटाउने भन्ने प्रश्नको उत्तर भने कसैबाट प्राप्त हुँदैन। जिल्लाको खेलकुद विकासका लागि भनेर रहेको जिल्ला खेलकुद विकास समिति आफैं लज्जास्पद अवस्थामा छ। जिल्लाको आन्तरिक स्रोतको खोजीमा लाग्नुभन्दा पनि केन्द्रले केही गर्ला कि ? भन्ने अवस्थामा छ। यस्तो अवस्थामा जिल्लाको खेलकुद विकास कसरी अघि बढ्छ ? जिल्ला खेलकुद विकास समितिका अध्यक्ष इन्द्रमणि पराजुली भन्छन्- 'जिल्लामा बजेट छैन, केन्द्रले बजेट नछुट्याउन्जेल यहाँबाट केही गर्न सकिँदैन ? हामीले गर्ने भनेको साधारण सम्मान हो।' अध्यक्ष पराजुली भन्छन्- माथिबाट खेलकुदका लागि तोकेर बजेट आउँछ, हामीले त्यही कार्यक्रम गर्ने हो। अब महिला फुटबलका लागि जिल्लाका केही सरकारी कार्यालयमा भन्नुपर्ला।' कुरा फुटबलको मात्र होइन, सबै खेलको उस्तै हो तर पनि राष्ट्रिय स्तरमा पहिलो पटक फुटबलको उपाधि प्राप्त गरेका महिला खेलाडीहरूलाई बचाइराख्न र अबका दिनमा उनीहरूलाई व्यावसायिक बनाउँदै लान सरोकारवालाहरूको उत्तिकै भूमिका रहने धारणा प्रशिक्षक विनय राईको छ। राई भन्छन्, 'फुटबलको विकासका लागि कम्तीमा पनि जिल्लामा वर्षमा तीन-चारवटा प्रतियोगिता हुनु आवश्यक छ। त्यसका साथै पर्याप्त सामग्री हुनुपर्छ।' अध्यासका लागि खासै खर्च नपर्ने खेलका लागि जिल्ला सदरमुकाममा ठूलो प्रतियोगिता हुने तल्लो टुँडिखेल, राजारानीमा एक फुटबल ग्राउन्ड छ भने साना ग्राउन्डहरू पनि नभएका हैनन्, यद्यपि सरोकारवालाहरू नै मूकदर्शक बन्नुलाई भने विडम्बना मान्नुपर्छ।

**भिषा काफ्ले**

## ५ प्रश्न



ब्यासी, भक्तपुरका गौतमप्रसाद लासिवा भलिबलका पहिलो 'अन्तर्राष्ट्रिय नेपाली रेफ्री' हुन्। एक महिनाअघि अन्तर्राष्ट्रिय रेफ्रीको मान्यता पाउनुअघि पाँच देशमा भएका प्रतियोगिताका १० खेलमा रेफ्रीको भूमिका निर्वाह गरिसकेका ३९ वर्षीय लासिवाले विश्वभरका जुनसुकै प्रतियोगिता खेलाउन पाउनेछन्।

**अन्तर्राष्ट्रिय रेफ्रीले कस्तो अवसर पाउँछ ?**

एसियाली क्षेत्रमा हुने प्रतियोगितामा अवसर धेरै पाइन्छ। एसियाबाहिरका मुलुकमा खर्च बढी लाग्ने भएकाले मलाई बोलाउने सम्भावना कम छ। अन्तर्राष्ट्रिय रेफ्रीले सबै प्रकारका अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्न सक्छन्।

**रेफ्रीलाई अपजसे काम भनिन्छ, किन ?**

रेफ्रीलाई खेल जित्नेले राम्रो भन्छन्। चाहना हुँदाहुँदै पनि हार्नेले आत्मसन्तुष्टिका लागि रेफ्रीको निर्णयको आलोचना गर्छन्। वकिल र न्यायधीशको जस्तै काम हो हाम्रो। हार्नेको आलोचना खेप्नुपर्ने भएकाले आफ्नो निर्णयमा सधैं कन्फिडेन्स हुनुपर्छ। पश्चात्ताप गर्ने ठाउँ छाड्नु हुँदैन।

**भक्तपुर नगरपालिकाको पर्यटक सेवा केन्द्रको प्रमुख पनि हुनुहुन्छ। खेल र जागिरमा समय कसरी मिलाउनुहुन्छ ?**

गेम नभएको बेला नियमित जागिरमा हुन्छु। गेम हुँदा बिदा लिने गरेको छु। म टुरिस्ट गाइड पनि हुँ। पहिले सिकेको चाइनिज भाषाले रेफ्रीको भूमिकामा पनि सहयोग गरिरहेको छ।

**भलिबलबाहेक मनपर्ने खेल ?**

टेबलटेनिस, बाल्यकालमा खुबै खेल्थें। निकै ठूलो भएपछि मात्र भलिबलमा लागेको हुँ।

**परिवारलाई कतिको समय दिनुहुन्छ ?**

खासै फुर्सद हुँदैन। पत्नी चन्द्रदेवी वासुकला पूर्व भलिबल खेलाडी भएकाले मेरो बेफुर्सदी उनले राम्रोसँग बुझेकी छिन्।

**-राजु घिसिङ**


साप्ताहिक Classified Advertisement

**रोजगार**

NGO संस्थालाई साधारण SLC, +Basic Internet जानेका १३ कर्मचारी तलब ग्यारेन्टी 9500, 2072545, 9841493026, 9803075981 चावहिल

अफिसको लागि कर्मचारी ९७४११४६७२१ बालाजु

अर्जेन्ट पार्टटाइम/फुलटाइम महिला/पुरुष/विद्याथीहरु (जब भित्रै) १०,०००-१५००० बसुन्धारा ९८४१०३५४१७, ९८०३४५९६०८

NGO संस्थालाई साधारण SLC +Basic Computer जानेका १३ कर्मचारी तलब ग्यारेन्टी ७५००, २०६३१००, ९८०३४८४०२६, ९८४१७५९१३५

NGO को सहयोगद्धारा संचालित १ संस्थालाई Basic computer internet जानेका महिला पुरुष १३ कर्मचारीको आवश्यकता ९५००, ४३५१८३४, ९७४१०७३७१२ बालाजु

Basic Computer गरेका ११ कर्मचारी तलब ७५००-१०,०००, ग्यारेन्टी ४७२०१७७, ९८४९१५२०४७

कलंकीमा महिला/पूरुष/विद्यार्थी कामदारहरु १०,०००-१५०००, ९८०८०९९६४०

part time job contact 9803604737

**सम्पर्क**

कार, माइक्रोबस, रिजर्व गर्नुपरेमा ५५५४७५५, ९८४१५१८२०६

ग्यारेन्टीका साथ हेयरस्ट्रेट सौन्दर्य सम्बन्धि सम्पूर्ण कार्यमा विषेश छुट साथै जेन्सहरुको लागि पनि धरान्ज जुन ब्युटि होम ४२३२१९४, ९८४१७४३७६१

१२ वर्ष पुरानो राजटेक्नीकलमा ३०% छुटमा मोवाइल, Chinese Mobile को software गराइन्छ, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रीकल्स, एसिफ्रीज तालिमहरु (टुल्सहरु निशुल्क) नयाँबानेश्वर ४४९५५८१ कालिमाटी

IELTS Passed girl want go UK free of cost counselling 9849155894, 9803784830

**उपचार**

स्तन घटाउन बढाउन गुप्ताङ्ग टाइट गर्न, यौन सन्तुष्टिको विकास तथा तालिम प्राप्त अनुभवी चिकित्सकद्वारा सुरक्षित गर्भ पतन साथै, आकस्मिक गर्भ निरोधक साधन, 9841981976, 9849051161

निसन्तान, मधुमेह, स्वेतप्रदर गुप्ताङ्गको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टर Direct appointment: 9721417717

वर्षौं पुरानो पिनास गन्ध रहित नाक बन्द, मासु हड्डी बडेको, एर्लजी लगायत विभिन्न जिर्ण रोगहरुको ख्याती प्राप्त आर्युवेदिक चिकित्सकहरुबाट विशेष उपचार ४४६७५६९

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४


**• मैदान बाहिर •**

# बेकह्यामलाई पछार्ने होडमा

पोर्चुगिज फुटबलर क्रिस्टियानो रोनाल्डोले चाँडै नै इङ्लिस फुटबलर डेभिड बेकह्यामको व्यापारिक साम्राज्यलाई पछि पार्ने अनुमान गरिएको छ। हाल म्यानचेस्टर युनाइटेडमा आबद्ध २४ वर्षीय रोनाल्डोले पाएको व्यापारिक प्रायोजक र आकर्षित भएका थप उत्पादकहरूको संख्यालाई हेरेर उक्त अनुमान गरिएको हो। रोनाल्डोले हालै पेपे जिन्सको विज्ञापनमा छाती खोलेपछि उनको लोकप्रियता थप चुलिएको छ। उनलाई कोकाकोला, नाइकी, फिफा भिडियो गेम, एक्स्ट्रा जोस इनर्जी ड्रिंकले अनुबन्ध गरिसकेका छन्। उनी क्यास्ट्रोल लुब्रिकेन्टको सद्भावनादूतसमेत हुन्। अमेरिकाको एलए ग्यालेक्सी क्लबबाट खेलिरहेका बेकह्याम ३४ वर्ष पुगिसकेकाले उनीप्रति युवतीहरूको आकर्षण घट्दै गएको छ। रोनाल्डो अविवाहित हुनुका साथै प्लेब्वाई छविका छन्। रोनाल्डोले हाल म्यानचेस्टरबाट वार्षिक १ करोड २० लाख पाउन्ड (१ अर्ब ५२ करोड ४० लाख रुपैयाँ) पारिश्रमिक बुझ्दै आएका छन्।





## अब्रामोभिचकी प्रेमिका गर्भवती

रूसका धनाढ्य रोमानोभ अब्रामोभिच इङ्लिस प्रिमियरको चेल्सी क्लब किनेपछि अन्तर्राष्ट्रिय सेलिब्रेटी नै बने। उनको रवाफ देखेपछि रूसकै अर्का तेल व्यापारीकी छोरी डासा जुकोभाको उनीसँग पिरती बसेको थियो। रोमानोभभन्दा अघि डासाको प्रेम रूसकै टेनिस खेलाडी मारात साफिनसँग थियो। हालै इङ्लिस प्रिमियर लिग सञ्चालनमा आएपछि रोमानोभका साथ खेल हेर्न जाँदा डासा गर्भवती भएको समाचार सार्वजनिक भएको थियो। समाचारअनुसार डासा अहिले ६ महिनाको गर्भवती छिन्, तर उनको शरीरको हाउभाउ हेर्दा उनी पहिलाकोझैं फुर्तिली देखिएको बताइन्छ।



# खेल जीवनबाटै विरक्तिए कमल

**शिव मुखिया**

काठमाडौं- 'उमेर हुँदा खेल्यो, बुढेसकाल लागेपछि हलो-कोदालो समात्नुपर्छ' उनी हतास मुडमा थिए। उनको अनुहारभरि नैराश्यका भावहरू थिए। राष्ट्रिय खेलकुद परिषद् परिसरभित्र भेटिएका कमल अधिकारी खेल खेल्दाको रोमाञ्चक क्षण बाँड्नभन्दा पनि गुनासोको पोकोपन्तुरो खोल्नमै जोड दिइरहेका थिए।

पाँचौ राष्ट्रिय खेलकुदमा भारोत्तोलनको स्न्याच स्पर्धामा १ सय १५ किलोग्राम भार उचालेर नयाँ कीर्तिमान बनाएका अधिकारी बेइजिङ ओलम्पिकमा राष्ट्रिय रेकर्ड बनाउने एकमात्र खेलाडी हुन्। छोटो अवधिको तालिमपछि बेइजिङ पुगेका अधिकारीले समग्रमा २ सय ६८ किलोग्राम भार उचालेर कीर्तिमान बनाएका थिए। 'बेइजिङ जानुअघि पाएको आश्वसन अझै पूरा भएको छैन' उनले कुराकानीलाई विगततिर मोडे- 'ओलम्पिकमा राष्ट्रिय कीर्तिमान बनाउनेलाई विभिन्न पुरस्कार दिने भनिएको थियो, मैले कीर्तिमान बनाएँ तर पुरस्कार पाइनँ।' राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष एवं तत्कालीन भारोत्तोलन संघका उपाध्यक्ष सीताराम मास्केले मोटरसाइकल दिने, नेवा रष्ट्रिय मुक्ति मोर्चाले २० हजार नगद पुरस्कार दिने भनेको उनले बिर्सिएका छैनन्।

'मैले बिर्सिदिएँ भने अरू नयाँ खेलाडीले पनि यस्तै समस्य भोग्नुपर्छ' उनी केही आक्रोसित भावमा प्रस्तुत भए- 'खेलाडीको बुई चडेर आफ्नो प्रचार गर्नेहरूलाई छोड्नु हुँदैन।'

भारोत्तोलन संघले ओलम्पिकका लागि अधिकारीलाई विदाइ दिदा औपचारिक रूपमै मास्केले भनेका थिए- 'भारोत्तोलनमा राष्ट्रिय कीर्तिमान भंग गरे म व्यक्तिगत तर्फबाटै प्रोत्साहन स्वरूप मोटरसाइकल दिन्छु।' त्यतिबेला मास्केको यो उदारतालाई उपस्थित खेलाडीहरूले ताली पिटेर स्वागत गरेका थिए। उनले भनेझैं अधिकारीले बेइजिङ ओलम्पिकमा राष्ट्रिय कीर्तिमान बनाए। 'स्वदेश फर्किए लगत्तै पुरस्कार पाउने आश गरेको थिएँ' उनले भने- 'तर यतिका दिन वितिसक्यो केही पाएको छैन।'

सुटिङ खेलाडी फूलमाया क्याप्छाकीको विदाइ कार्यक्रममा नेवा राष्ट्रिय मुक्ति मोर्चाले पनि मास्केले झैं आश्वासन बाँडेको थियो। मोर्चाका अध्यक्षले भनेका थिए- 'राष्ट्रिय कीर्तिमान बनाउनेलाई २० हजार रुपैयाँ नगद पुरस्कार दिइनेछ।' उनको आश्वसन पनि पुरानो भैसक्यो। राष्ट्रिय कीर्तिमान बनाउने अधिकारीले त्यो पुरस्कार अझै पाएका छैनन्।

दक्षिण एसियाली खेलकुद (साग) को मिति नजिकिंदैछ तर अझैसम्म कुनै सुरसार छैन। 'जब भयो राति अनि बूढी ताती भनेझैं प्रतियोगिताको मुखैमा मात्र पदाधिकारीलाई तातो लाग्छ'- यसअघि कोलाम्बोमा भएको साग खेलकुदमा स्वर्ण पदक जितेका अधिकारीले भने। कोलम्बोमा ६९ किलोग्राम तौल समूहमा स्वर्ण पदक जितेका अधिकारीलाई आउँदो सागमा यस्तै कीर्तिमान राख्न सक्छु भन्ने कुरामा शंका छ। किन ? 'हामी एक कदम अघि बढ्न पाएका छैनौं, अरु देशका खेलाडीहरू दस कदम अघि बढिसके।' नेपाली भारोत्तोलनमा त अर्को खेलाडीले उनलाई उछिन्न सकेको छैन तर दक्षिण एसियाली मुलुकमा उनका थुप्रै प्रतिस्पर्धी छन् जसले नियमित तालिम पाइरहेका छन्। नियमित तालिम पाइरहेका खेलाडीहरू र प्रतियोगिता अवधिभर मात्र तालिम लिने नेपाली खेलाडीहरूबीच ठूलो खाडल रहेको अधिकारी बताउँछन्।

नेपाली खेलाडीहरूलाई प्रतियोगिताको मुखमा मात्र सम्झने परम्परा उनलाई पटक्कै चित्त बुझेको छैन। यस्तो चलनले नेपालको समग्र खेल विकासमै चोट परिरहेको उनको ठम्याइ छ। अधिकारी यतिबेला आफ्नो खेल जीवनप्रति नै विरक्तिन थालेका छन्। 'बल-ताकत हुँदा पो खेलिन्छ त' उनले भने- 'बुढेसकाल कसरी कटाउने ?' खेल्न नसक्ने भएपछि कमाइको स्रोत नै टुट्ने भएकाले उनमा चिन्ता बढेको हो। 'खेल्ने उमेर ढल्किएपछि कोच भएर पनि हातमुख जोर्न त सकिन्थ्यो' उनले भने- 'तर, कोच हुन पढेकै हुनुपर्ने रे, हामीजस्ता नपढेकाको कामै रहेनछ।' खेलकुदमा पढेका भन्दा पनि खेलेरै अनुभव हासिल गरेकाले राम्रोसँग प्रशिक्षित गर्न सक्छु भन्ने उनलाई लागेको छ तर उनको कुरा कसले सुन्ने ?



# कुलत छाडेर रचनात्मक काममा

कुनै बेला लागूपदार्थको नशामा लठ्ठिएर हिँड्ने पूर्वदुर्व्यसनीहरूको पहलमा काँकडभिट्टामा फुटबल एकेडेमी स्थापना गरिएको छ। 'हामीजस्तो कोही हुनु नपरोस्', एकाडेमी स्थापनाको पहिलो दिन काँकडभिट्टा मा.वि.को मैदानमा उपस्थित पूर्व लागूपदार्थ सेवनकर्ता अर्जुन राईले भनेका थिए– 'कुलत छाडेर रचनात्मक काममा आउन युवाहरूलाई आह्वान गर्छु ।'

लागूपदार्थका पूर्वसेवनकर्ताको साझा संगठन मेची युथ फाउन्डेसनको पहलमा यो एकेडेमी स्थापना गरिएको हो। २०६४ सालतिर यहाँका लागूपदार्थ सेवनकर्ताहरू मेची रिकभरि ड-केयर सेन्टरमार्फत गोलबद्ध भएका थिए। छोटो समयमा उनीहरूले धेरै लागूपदार्थ सेवनकर्तालाई मात्र सुधारेनन्, एकाडेमी नै निर्माण गरेर देखाए। महिला र पुरुष खेलाडीलाई समेटेर तालिम दिने यो जिल्लाकै पहिलो एकाडेमी हो। 'एकेडेमी निर्माणमा सरकारले पहल गर्नुपर्नेमा युवाहरू आफैं जुट्नु सराहनीय कार्य हो', झापा खेलकुद विकास समितिका अध्यक्ष डिल्लीराम घिमिरे भन्छन् - 'यसमा सबै संघ-संस्थाको सहयोग आवश्यक छ।' हाल पवन उप्रेती, योगराज गुरुङ आदि व्यवसायीले एकेडेमी निर्माणार्थ सहयोग गरेको फाउन्डेसनले जनाएको छ। विशेष गरी टिनएजर्सहरूलाई लक्षित गरी एकेडेमी निर्माण गरिएको फाउन्डेसनका कोषाध्यक्ष एवं टिम म्यानेजर साङ्गेल शेर्पा बताउँछन्।

एकेडेमीमा हाल ३५ जनाभन्दा बढी खेलाडीले प्रशिक्षण लिइरहेका छन्। उनीहरू सबै स्कुले विद्यार्थी हुन्। राष्ट्रिय खेलाडी मीनबहादुर बस्नेत, मुना सुब्बा तथा दीपक कार्कीले खेलाडीलाई प्रशिक्षण दिइरहेका छन्।

**पर्वत पोर्तेल**

# इन्डो-नेपाल क्रिकेटमा नेपालको जित



पाल्पा– इन्डो-नेपाल मैत्रीपूर्ण क्रिकेटमा भारतलाई ६ विकेटले हराउँदै नेपालका तर्फबाट खेलेका पाल्पाका खेलाडीले उपाधि हात पारेका छन्। नेपाल एमेच्योर क्रिकेट संघले आयोजना गरेको उक्त प्रतियोगिता पाल्पाको तानसेन टुँडिखेलमा भएको थियो। एमेच्योर क्रिकेट संघ, भारतले त्यहाँका १० सहरबाट खेलाडीलाई एकत्रित गर्दै नेपालमा खेल्न ल्याएको थियो।

यसअघि पोखरामा हुने भनिएको उक्त खेल विशेष कारणले पाल्पामा भएको थियो। नेपालका तर्फबाट खेलेका पाल्पाका खेलाडीहरूले टस जितेर फिल्डिङ रोजे। टस हारेर पहिले ब्याटिङ गरेका भारतका खेलाडीले १२ ओभरमा सबै विकेट गुमाउँदै ७३ रनको योगफल तयार गरे।

७४ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको पाल्पा ११ ओभरमा ४ विकेट गुमाउँदै विजयी भयो। प्रतियोगितामा ५ विकेट लिँदै १८ रन बनाएका मनबहादुर थापा म्यान अफ दि म्याच भए भने म्यान अफ दि सिरिज भारतका टीएन नवीनकुमार भए।

भारतका खेलाडी राहुल कोलीले भने, 'हामीलाई नेपाली खेलाडीले यति राम्रो खेल्लान् भन्ने लागेको थिएन,' देख्दा साना देखिएका पाल्पाका खेलाडीको फिल्डिङ र बलिङ उत्तिकै राम्रो भएको उनले बताए।

नेपाली खेलाडी राजनमान शाक्यले भारतीय खेलाडीसँगको अनुभवले धेरै कुरा सिक्ने मौका पाएको बताए। 'नयाँ सम्बन्ध कायम भयो, अनुभव आदान-प्रदान भयो' नेपालका अर्का खेलाडी अमित ज्ञवालीले भने, 'आगामी दिनमा पनि यस्तै मैत्रीपूर्ण खेल भयो भने हामीले धेरै कुरा सिक्न पाउँछौं।'

**–माधव अर्याल**

## भेनेजुएलाकी सुन्दरी भइन्

# मिस युनिभर्स

काठमाडौं- बहामसको नासौउस्थित एट्लान्टिस पाराडाइज आइल्यान्ड रिसोर्टको इम्पेरियल बलरुममा सजाइएको भव्य मञ्चमा विश्वका ८३ मुलुकका सुन्दरी ब्रह्माण्ड सुन्दरी हुने दौडको अन्तिम प्रतिस्पर्धामा थिए। विश्वले उनीहरूलाई एनबीसी, स्टार वर्ल्ड तथा स्थानीय टेलिमुन्डो च्यानलमार्फत् प्रत्यक्ष रूपमा नियालिरहेका थिए।

गत आइतबार नेपाली समयअनुसार बिहान सम्पन्न उक्त प्रतियोगिता इतिहासमा पहिलो पटक अनलाइनमार्फत गरिएको थियो। प्रारम्भिक प्रतिस्पर्धापछि सबै प्रतिस्पर्धी सुन्दरीले स्वीम सुट र इभिनिङ गाउन राउन्डमा आफूलाई उतारेका थिए। त्यसपछि अनलाइन भोटिङ र प्रारम्भिक प्रतिस्पर्धाका निर्णायकाहरूको मूल्यांकनका आधारमा उत्कृष्ट १५ प्रतिस्पर्धी छनौट गरिए।

साढे दुई घण्टाको प्रत्यक्ष प्रसारणमा उत्कृष्ट दस हुँदै अन्तिम पाँचसम्मको यात्रा तय गर्नेमा भेनेजुएलाकी स्टेफानिया फर्नेन्डेज, डोमेनिकन रिपब्लिकाकी अडा डे ला क्रुज, कोसोभोकी मारिगोना ड्रागुसा, अस्ट्रेलियाकी रासियल फिन्च र प्युर्टो रिकोकी मेयेरा माटोस रहे। अन्तिम





चरणमा पुगेका यी सुन्दरीले उपस्थित निर्णायकहरूको प्रश्नको सामना गरेपछि अन्ततः साढे दुई घण्टा लामो प्रत्यक्ष प्रसारण हेरिरहेको विश्व जगत्ले भेनेजुएलाकी स्टेफानया फर्नेन्डेजलाई ५८औं ब्रह्माण्ड सुन्दरीका रूपमा पायो।

रातो रंगको अफ सोल्डर फुल गाउन पहिरिएकी स्टेफानियालाई गत वर्षकी विजेता भेनेजुएलाकै डायना मेन्डोजाले ताज पहिराइदिएकी थिइन्। संयोग मात्र नभएर ब्रह्माण्ड सुन्दरी प्रतियोगिताको इतिहासमै पहिलो पटक एउटै देशका सुन्दरी लगातार दोस्रो पटक ब्रह्माण्ड सुन्दरी बनेर इतिहास रच्न सफल भए। जितको खुसी र रोमाञ्चतामा स्टेफानियाले शिरको ताज स्टेजमै खसालेकी थिइन् तर डायनाले पुनः सो ताज उनकै शिरमा लगाइदिइन्, तथापि स्टेफानियाको मुहारमा यो घटनाको कुनै प्रभाव भने परेको देखिएन। मुख्य उपाधिका अतिरिक्त उनले मिस इलिगेन्स, मिस बेस्ट बडी र बेस्ट फेसको उपाधि पनि हात पारिन्।

स्टेफानिया फर्नेन्डेज सन् १९९८ सेप्टेम्बर ४ मा जन्मिएकी हुन्। उनी टेनिस र पौडी खेलका सौखिन हुन्। ५८ औं ब्रह्माण्ड सुन्दरी प्रतियोगितामा डोमेनिकन रिपब्लिकाकी अडा डे ला क्रुजले फस्ट रनरअप तथा कोसोभोकी मारिगोना ड्रागुसाले सेकेन्ड रनरअपको उपाधि जिते। प्रतिस्पर्धामा चीनकी वाङ जिङग्याओले मिस कन्जिनियालिटी, थाइल्यान्डकी चुतिमा डुरोङडेजले मिस फोटोजेनिक तथा पानामाकी डायना ब्रोसले मिस नेसनल कस्ट्युमको एवार्ड हात पारे।


Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414 | New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226 | Adwait Marg (Bagbazar): Tel: 4232866 | Lagankhel (Bus Park): Tel: 5004018

रोजगारकै लागि तालिम ५०% छुटमा
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
१५ दिनमा नै फोटोग्राफी भिडियोग्राफी तालिम सिकाइने
DIGITAL VIDEO-EDITING & ANIMATION
World Wide Valid Certificate नेपालको नं. 1 Study Center
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

STUDY ABROAD
UK, USA, AUSTRALIA, CANADA, CYPRUS
TOEFL IELTS
Expert Teachers
Rs. 3500 only
6 Weeks Class
Free Books, CDs & Library
Free Internet & Email
Spoken English & Computer Classes
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239715, 4241870

३ महिनामा ४" उचाइ बढाउने
◆ केश झर्न तुरुन्तै रोकी उमार्ने
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046, 01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र।
▶ कुक १ १/२ महिना रु. २७००/-
▶ कुक ३ महिना रु. ३७००/-
▶ वेटर र बारमेन रु. १३००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराईने ब्यवस्था छ।
३. तालिमपछि कुक, वेटर-वेट्रेस, बारमेनलाइ USA, EUROPE को ship मा पठाउने ब्यवस्था छ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

ग्लोवलको तालिम 5★ मा
✶ Hotel Mgmt. Basic/Adv.
✶ F&B Mgmt. Basic/Adv
✶ Bartender Mgmt. Basic/adv
✶ Culinary Arts Mgmt. (Cook) Basic/Adv
✶ F & B Service Mgmt (Waiter) Basic/Adv
✶ Bakery Pastery Mgmt. / Ice / veg carving
✶ Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎ 4484098, 2134544

९ बर्षदेखि तपाईंको सेवामा
होटल तालिम
दशैंको लागि मासुको परिकार बनाउने २ हप्ते तालिम
कुक, वेटर, जापनीज भाषा
कफी मेकर, बारमेन मा भर्ना खुल्यो
★ अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
★ थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
अपर्झट विदेश जानुपरेमा स्पेशल तालिम
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, रेडन कलेज सँगै 4352846

होटल तालीम
छुटमा
★ Cook ★ Waiter ★ Bakery
★ Housekeeping ★ Front Office
★ Bartender ★ Coffee making ★ Hotel Mgmt
★ F & B Mgmt ★ Airlines Ticketing
★ Tour & Travel Mgmt ★ Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।